जेठ २५, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



## राजधानीमा शृंखलाबद्ध घटना

# अपराध मात्रै ?

मूल्य रु. २५



यहीं मारिएका थिए सुरक्षा गार्डहरू ।
नबिल बैंक लुटपाट घटनास्थल, जोरपाटी

समय

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १०९, जेठ १९–२५, २०६३




आवरण : नबिल बैंक लुट प्रकरणमा समातिएका अजय राई र देवराज भट्टराई । *तस्वीरः समय*

**आवरण :** पछिल्लो समयमा राजधानीमा आपराधिक गतिविधिहरू ह्वात्तै बढेका छन् । एक ठाउँ भएको लुटपाटको खबर सेलाउन नपाउँदै अर्को घटना भइसक्छ । किन भइरहेको छ आपराधिक घटनाहरूमा वृद्धि ? यो अपराधमात्रै हो वा संक्रमणकालको फाइदा उठाउन खोज्ने तत्त्वहरूको चलखेल ? २३

**शिक्षा**

नाम फेरिए क्याम्पसहरूका १७

**रिपोर्ट**

कहाँ छन् बेपत्ताहरू ? १८
मिले माओवादी र तराई मोर्चा २०
समलिङ्गीहरूको मनपरि तथ्याङ्क ३८
बढ्यो टेलिभिजनको व्यापार ४२

**राजनीति**

फुटेरै छाड्यो जनमोर्चा पार्टी २२
संसद्मा माओवादीको आलोचना २८
राजधानीमा माओवादी शक्ति प्रदर्शन ३२
उस्तै छ माओवादी दबाब ३५

**खेलकुद**

विश्वको सबैभन्दा अग्लो ठाँउमा भयो 'एभरेष्ट म्याराथुन' ४६



ज्योति देवकोटा

रङ्ग : प्राश्नाको दाँतमा हिरा छ, मनमा के छ नि ? ५४

| | |
|---|---|
| सम्पादकीय | ५ |
| डाँक | ८ |
| दर्शन | ९ |
| टिपोट | १२ |
| मुलुक | १४ |
| साहित्य | ५१ |
| अनुहार | ५७ |
| शून्य समय | ५८ |

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले–आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
फोंर्छे, न्यूरोड
फोन नं. २०१०८२१

# सरकारमा तदर्थवाद

## सम्पादकीय

**जनआन्दोलनको** दबाबमा संसद् प्रतिनिधिसभा पुनःस्थापनाका साथै नयाँ सरकारको गठनपछि मुलुकले राष्ट्र तथा अन्तर्राष्ट्रियजगत्मा मान्यताप्राप्त प्रजातान्त्रिक सरकार प्राप्त गरेको छ। आन्दोलनका लक्ष्य र त्यसमा सहभागी सर्वसाधारण जनताको बहादुरी र समर्पणका साथै सहिदहरूको बलिदानप्रति सरकार संवेदनशील हुनै पर्ने अपेक्षा स्वभाविक हो। यसका लागि उसले नीतिगत 'भिजन' र आफ्नो कार्यान्वयन क्षमताबारे सबैलाई आश्वस्त गर्नु जरुरी छ।

आन्दोलनपछिको सरकारबाट ठूलो अपेक्षा राखेका छन्, जनताले। हुन सक्छ, तीमध्ये केही अव्यवहारिक र असम्भव पनि होलान्। तर, सरकारको उदासीनता या प्रयासहीनताकै कारण मुख्यरूपमा शान्ति र अन्य जनअपेक्षा अधुरो रहेमा जनताको नजरमा सात दल गठबन्धन अक्षम र स्वार्थी मानिनेछ। जनतालाई त्यो अवसर प्रदान नगर्नु सात दल गठबन्धनको कर्तव्य हो, उनीहरूको संवेदनशीलताको कसी हो।

तर सरकारले विखण्डित मानसिकता र तदर्थवाद मात्र प्रदर्शित गरेको छ। मन्त्रिपरिषद् गठनको एक महिना बित्दा पनि उसले पूर्णकालीन मुख्य सचिव तथा परराष्ट्रसचिव नियुक्त गर्न सकेको छैन। योजना आयोग अस्तित्वहीन बनेको छ। एक दर्जनभन्दा बढी मुलुकबाट राजदूतहरू फिर्ता बोलाइसकेपछि नियुक्ति प्रक्रिया या त्यससम्बन्धी छलफलसमेत भएको छैन, सात दल गठबन्धनभित्र। नेपालबारे अन्तर्राष्ट्रियजगत्मा अनिश्चितता र आशंका समाप्त भई नसकेको वर्तमान अवस्थामा उपयुक्त व्यक्तिहरूलाई राजदूतका रूपमा छनोट गर्नु अवश्य पनि चुनौतीपूर्ण कदम हो सरकारका लागि। तर, प्रयास नै नगर्नु या राजनीतिक अंशबन्डामा अल्झिनु सात दल गठबन्धनको लापरवाही मात्र हैन, आन्दोलनप्रति गद्दारी पनि मानिनेछ।



समय

जिम्मेवारी र आवश्यक चरित्र तथा योग्यतालाई प्राथमिकता दिँदै सरकारले प्रशासन-कुटनीतिक तहका यी संयन्त्रहरूको निर्माणलाई पूर्णता र प्राथमिकता नदिएमा सरकारले प्रभावकारीरूपमा आफ्ना आन्तरिक र बाह्य नीति लागू गर्न सक्तैन।

यसका साथै सुरक्षानिकायहरूभित्र पनि अन्योलको स्थिति छ। जसलाई मुख्यरूपमा वर्तमान सरकारले नै जन्माएको हो। खासगरी जनपद र सशस्त्र प्रहरीमा अस्थायी कार्यवाहक प्रमुखहरूलाई दिइएको जिम्मेवारी वहन गर्न उनीहरू मनोवैज्ञानिक रूपमा तयार नभएको सन्देश गएको छ, 'फोर्स'भित्र। ती निकायका केही पदाधिकारीहरूलाई सरकारले पर्याप्त प्रमाणविना नै निलम्बन गरेको हुँदा भोलि सम्बन्धित 'फोर्स'को नेतृत्वमा उनीहरू फर्कनेमा ती निकायहरूका विभिन्न तह ढुक्क छन्। त्यसैले पनि उनीहरूको दोष नहुँदा नहुँदै पनि सशस्त्र र जनपद प्रहरीको वर्तमान कायममुकायम नेतृत्वको नैतिक हैसियत स्वीकार्य बनिसकेको छैन, उनीहरूको संगठनभित्र। यस्तो किसिमको द्विविधा र अन्योललाई सरकारले तत्काल समाप्त नगरे त्यसबाट उत्पन्न हुने परिस्थिति सरकारका लागि अत्यन्त प्रतिकूल मात्र हैन खतरनाक सावित हुनेछ।

यो परिस्थितिबाट मुलुकलाई जोगाउन र आफै पनि जनआक्रोशको सिकार नबन्न सात दल गठबन्धनले दलगत मान्यताबाट माथि उठेर तदर्थवादलाई समाप्त गर्न र रिक्त महत्त्वपूर्ण पदहरू पूर्ति गर्नु आवश्यक छ। ■




## समय साता

### जेठ ११ गते

- सरकारद्वारा गृहमन्त्री कृष्णप्रसाद सिटौलाको संयोजकत्वमा गठित वार्ताटोलीले पूर्णता पायो, माओवादीलाई वार्तामा आउन औपचारिक आह्वान।
- चिकित्सकमाथि भएका आक्रमणका घटनाको विरोध गर्दै देशभर आकस्मिकबाहेकका सबै स्वास्थ्य सेवा बन्द।

### जेठ १२ गते

- बहुप्रतीक्षित सरकार-माओवादी वार्ता सुरु। वार्ता सफल बनाउन दुवै पक्षद्वारा पच्चीसबुँदे आचारसंहिता जारी।
- सेनाद्वारा माओवादी बन्दीलाई बेपत्ता पारेको राष्ट्रसंघीय मानवअधिकार आयोगद्वारा सार्वजनिक। जिम्मेवारहरूलाई तुरुन्त निलम्बनको सिफारिस।
- नेपालका उत्पादनमा गत तीन महिनादेखि लगाउँदै आएको चार प्रतिशत शुल्क हटाउने भारतीय राजदूत शिवशंकर मुखर्जीको आश्वासन।

### जेठ १३ गते

- जनमोर्चा नेपाल विभाजित, जनआन्दोलनमा असंलग्न रहेको पक्ष चोइतिएको संस्थापन पक्षले दावी।
- इन्डोनेसियामा ६.२ रेक्टरको शक्तिशाली भूकम्प, कम्तिमा तीन हजारको मृत्यु र हजारौं बेपत्ता।
- माधवकुमार नेपालद्वारा राजा सक्रिय हुन खोजे राजतन्त्र फ्याक्न संविधानसभासम्म जान सक्ने धैर्य नरहने धारणा सार्वजनिक।
- म्यान्माको सैन्य सरकारद्वारा नेतृ आङसाङ सुकीको नजरबन्द अवधि थप। राष्ट्रसंघका महासचिव कोफि अन्नानद्वारा यसको विरोध।

### जेठ १४ गते

- मकवानपुरको सिस्नेरीबाट राजधानीतर्फ आइरहेको एक मिनी ट्रक अत्यधिक लोडका कारण दुर्घटना हुँदा नौजनाको मृत्यु, २३ घाइते।
- मन्त्रिपरिषद्द्वारा राजपरिषद्लाई सामान बुझाउन निर्देशन।

### जेठ १५ गते

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा काठमाडौं उपत्यकाका पाँचवटा जिल्लाका नगरपालिकाका कर्मचारी भर्नामा अनियमितता भएको भन्दै भर्ना गर्ने पदाधिकारीहरूलाई तत्काल कारबाही गर्न सिफारिस।

### जेठ १६ गते

- सात दल र माओवादीबीच भएको समझदारीको पालना नभएको भन्दै चिन्ता। यसो भएमा सात दलसँग द्वन्द्व पैदा हुने माओवादी वार्ताटोलीका संयोजक कृष्णबहादुर महराको चेतावनी।
- शान्तिस्थापनाका लागि कंगोमा खटिएका नेपाली सैनिक र विद्रोहीबीच भिडन्त एक नेपाली सैनिकको मृत्यु।
- भोजपुरको सैनिक ब्यारेकमा विस्फोट, चार सैनिकको मृत्यु।

### जेठ १७

- उपत्यकामा प्रहरी अधिकृतको निर्देशनमा आपराधिक क्रियाकलाप भइरहेको भन्दै त्यस्ता अपराधीलाई सरकारले तत्काल कारबाही गर्ने गृहमन्त्री कृष्णप्रसाद सिटौलाको दृढोक्ती।
- काठमाडौंको जोरपाटीमा बैंक लुट्न आएका हतियारधारी लुटेराहरू र प्रहरीबीच दोहोरो फायरिङमा तीनजनाको मृत्यु।




## चित्रलेखाको अपमान

*समय*को गत अंकमा उपसभामुख चित्रलेखा यादवको बारेमा पढेपछि केही लेख्न मन लाग्यो । सधैं बेलुकी टेलिभिजनमा विस्तृत रूपमा समाचार हेर्नु पर्ने मलाई २०६३ वैशाख ३० गते टेलिभिजन खोल्नै मन लागेन । कारण, हिजोअस्ति प्रतिनिधिसभाको अध्यक्षता गरिरहने उपसभामुख चित्रलेखाको स्थानमा अरू कोहीलाई हेर्न मेरो मन मानिरहेको थिएन । यसको मतलव सुवासचन्द्र नेम्वाङ अक्षम व्यक्ति हुन् भन्न खोजेको होइन । असन्तुष्टि एउटा क्षमतावान् व्यक्ति हुँदा हुँदै अर्को क्षमतावान व्यक्ति खोजिएकोमा मात्र हो । सात दलबीच भएको पदको बार्गेनिङबाट चित्रलेखाप्रति अन्याय हुन गयो । जातीय, क्षेत्रीय हिसाबले हेर्दा र नहेर्दाका दुवै अवस्थामा उहाँहरू बराबर योग्य हुनुहुन्छ ।

म एउटा महिला भएको नाताले यो सब कुरा भनिरहेकी छैन । यदि उपसभामुखको स्थानमा सुवासचन्द्र नेम्वाङ हुनुभएको भए र चित्रलेखा चित्रलेखालाई सभामुख बनाउन खोजेको भए पनि म यही कुरा भन्दथेँ । चित्रलेखालाई मधेसी समुदायको एउटी महिलाका रूपमा भन्दा पनि सभामुख बन्नको लागि एउटा क्षमतावान् व्यक्तिका रूपमा चिन्दछु म । अझ मैले त सोचेकी थिएँ यादव त्यो ठाउँमा हुँदा हुँदै नेम्वाङले सो पदको लागि आफ्नो मनोनयन दर्ता नै नगर्नु होला । किनकि चित्रलेखाले सभामुख पद छोड्दा हुने त्यागका अगाडि नेम्वाङले सो पद छोड्दा हुने त्याग साह्रै नगण्य हुन्थ्यो । तर, राजनीति सामान्य जनताले बुझ्न नसक्ने कुरा रहेछ भन्ने कुरा यहाँनिर प्रमाणित भएको छ । राजनीतिमा बहुमतले गरेको अन्याय पनि न्याय हुँदो रहेछ ! अन्यायभन्दा पनि यसलाई म एउटा व्यक्तिको क्षमताको अपमान ठान्दछु । यस्तो अवस्थामा चित्रलेखाले मन्त्रीपद अस्वीकार गर्नु कुनै अस्वभाविक कुरा होइन ।

■ **लक्ष्मी ढकाल**
कलंकी, काठमाडौं

## समय समीक्षा

*समय* अङ्क १०७ ले सरकारले गरेको सकारात्मक कार्यको प्रशंसा गरेको छ भने सरकारले गर्न नसकेका कार्यको सूची पनि देखाएर सरकारलाई झकझकाएको छ । प्रतिनिधिसभाको फितलो कार्यशैलीप्रति चिन्ता जनाएको छ ।

सम्पूर्ण जनता राजतन्त्रविरुद्ध उर्लिएका बेला जनआन्दोलनका कमान्डर गिरिजा बाबु सेरेमोनियल किङको पक्षमा देखिनुले शोभा दिँदैन । सेरेमोनियल किङ वा लोकतान्त्रिक गणतन्त्र भन्ने संविधानसभाको माध्यमबाट नेपाली जनताले निर्णय गर्ने कुरा हो । संविधानसभाबाट जे निर्णय आउँछ, त्यही नै सबैले स्विकार्नुपर्छ ।

*समय* साप्ताहिकमा पत्रकार विजयकुमारको 'प्रश्न होइन उत्तर' स्तम्भ पढ्न नपाउँदा साह्रै खल्लो लागेको छ ।

■ **सुब्रह्मण्यम शर्मा**
पञ्चकोशी होटल, भृकुटीनगर, नेपालगन्ज

# प्रतिनिधिसभाको घोषणा २०६३

**शान्तिपूर्ण संयुक्त** जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन-उत्सर्ग र सहभागिताप्रति उच्च सम्मान गर्दै, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनतामात्र भएको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यालाई ध्यानमा राख्दै,

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सातदल-नेकपा (माओवादी) बीचको बाह्रबुँदे समझदारीअनुरूप नेपाली जनताले संविधानसभामार्फत नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुनर्संरचनासहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पूरा गर्ने संकल्प गर्दै,

मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकतालाई सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै 'राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्य हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रको आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याको समाधान गर्न' २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकारसम्पन्न रहेको स्वीकार गरिएको,

२०४६ सालको जनआन्दोलनका उपलब्धिलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकार प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ र राज्यशक्ति यही प्रतिनिधिसभामार्फत प्रयोग हुने भएकाले देहायको घोषणा गर्दछ ।

१. **व्यवस्थापिकाका सम्बन्धमा:**

१.१. नेपालको व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ । कानुन निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेछ ।

१.२. संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकतानुसार निर्धारण गर्नेछ ।

१.३. प्रतिनिधिसभाको अधिवेशनको आह्वान र अन्त्य देहायबमोजिम हुनेछ ।

(क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिसमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ ।

(ख) प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण संख्याको एक चौथाइ सदस्यले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ ।

१.४. प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ ।

२. **कार्यकारिणीका सम्बन्धमा**

२.१. नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेछ ।

'श्री ५ को सरकार'लाई अब उप्रान्त 'नेपाल सरकार' भनिनेछ ।

२.२. प्रतिनिधिसभा सदस्य नरहेका व्यक्ति पनि

## युद्धविराम

युद्धविराम –
हिंसाको विनिर्माण र
अहिंसाको जित हो
अनि युद्धविराम –
यो सहस्राब्दीको
सर्वोत्कृष्ट गीत हो ।

अब यो गीतमा –
दिगो संगीत र
कालजयी स्वर भर्नु पर्छ
अब यो गीतमा –
देश गाएर/नाचेर/हाँसेर
स्वभाविक मृत्यु मर्नु पर्छ ।

मान्छेहरू भनिरहेछन् –
पद्धति जस्तोसुकै होस्
तर प्रशान्त होस्
र, त्यहाँ–
सबैका लागि समान
विधिको शासन होस्
आवास र कपास
ओखती र अक्षर
पेटभरि दालभात होस्
तर जातपात नहोस् ।

आऊ प्रिय
त्रासदीको घुम्टो च्यातेर
निर्धक्क आऊ –
युद्धविराम ओढेर अब
दिव्य बाह्र वर्ष नसुतेको
मीठो निद्रा सुतौंला
र, भोलि सूर्योदयसँगै
उज्यालो देश उठौंला ।

■ **क्षेत्रप्रताप अधिकारी**
काठमाडौं

## वास्तविकतामा जानु पर्‍यो

*समय* वर्ष ३, अंक १०७ मा महिलाअधिकारका बारेमा पढ्दा त्यसमा केही अपुग जस्तो लाग्यो । सदियौंदेखि दासताको रूपमा जडिएको रुढिवादी परम्पराको अन्त्यको लागि एकैचोटि सबै कुरा अन्त्य गर्न असम्भवप्रायः छ । त्यसकारण पहिला गाउँमा बस्ने महिलालाई चेतनशील बनाई दासताबाट उनीहरूलाई मुक्त गराउनु पर्‍यो । शिक्षा र चेतनाको कमीले उनीहरूले सहरमा बनाएका नीति निर्माणबारे केही जानकारी प्राप्त गर्न सक्ने अवस्था छैन । पहिले यसतर्फ ध्यान दिन जरुरी छ ।

आफूलाई महिला अधिकारवादी भन्नेहरूले सहरमा बसेर गाउँका महिलाको अधिकारको वकालत गर्ने परम्पराले पनि नेपाली महिला बढी प्रभावित छन् । यस्तो अवस्थामा महिलाका लागि भनेर केवल कोटा छुट्याउनु केवल ढोङमात्र ठहरिनेछ ।

अहिले देशमा कस्तो परिस्थितिको आवश्यकता परेको छ भने महिला सहभागिताविना कुनै काम नै सम्भव नहोस् । प्रचार प्रसारमा होइन महिलालाई साँच्चिकै अधिकार दिने हो भने पहिले ग्रामीणस्तरका महिलाई चेतना दिन अनिवार्य छ ।

■ **बबिता पौड्याल**
अर्घाखाँची

## आत्मसम्मानमा ठेस पुग्यो

विश्वसनीय समाचारका लागि परिचित *समय*को गत अङ्कको विशेष रिपोर्टअन्तर्गत 'राष्ट्रसेवा कि दासता' शीर्षक समाचारको एउटा तस्वीरमा 'बन्दैन महल यस्तो सिपाहीको पसिना नबगी' भन्ने क्याप्सनमा मेरै घरको तस्वीर देख्दा आत्ससम्मानमा ठेस पुगेको महसुस भएको छ ।

आफ्नो पैतृक सम्पत्तिको केही हिस्सा बेची कन्ट्याक्टर तथा कन्सल्ट्यान्ट इन्जिनियर प्रयोग गरी यो घर निर्माणसमेत भई पेमेन्ट भएको प्रमाण हुँदाहुँदै यस्तो समाचार कसरी आयो ?

■ **पूर्व जर्नेल**
सदीपबहादुर शाह

मन्त्रिपरिषद्मा मनोनीत हुन सक्नेछन् ।

२.३. मन्त्रिपरिषद् र प्रतिनिधिसभा सभाप्रति उत्तरदायी रहनेछ । मन्त्रिपरिषद् र मन्त्रीहरू सामूहिक रूपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछन् । प्रशासन, सेना, प्रहरीलगायत सम्पूर्ण कार्यकारी अंगहरू प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन् ।

२.४.सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित भई प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ ।

३. **सेनाका सम्बन्धमा**

३.१ 'शाही नेपाली सेना'को नाम परिवर्तन गरी 'नेपाली सेना' रहनेछ ।

३.२.राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ । नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ ।

३.३. नेपाली सेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ ।

३.४. सेनाको परमाधिपतिसम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ ।

३.५. सेना परिचालनसम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० (तीस) दिनभित्र प्रतिनिधिसभाले तोकेको समितिमा प्रस्तुत भई अनुमोदन हुनु पर्नेछ ।

३.६ नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरूपको हुनेछ ।

४. **राजपरिषद्का सम्बन्धमा**

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ । त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरेबमोजिम हुनेछ ।

५. **राजदरवार सम्बन्धमा**

५.१. राजगद्दी उत्तराधिकारसम्बन्धी कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ ।

५.२. श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णयबमोजिम हुनेछ ।

५.३. श्री ५ को निजी सम्पत्ति र आयमाथि कानुनबमोजिम कर लाग्नेछ ।

५.४. श्री ५ बाट भए-गरेका कामहरूका बारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिनेछ ।

५.५ विद्यमान राजप्रासाद सेवालाई निजामती सेवाको अंग बनाइनेछ ।

५.६. राजदरवारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ ।

६. मुलुकमा रहेको नागरिकताको समस्या शीघ्र समाधान गरिनेछ ।

७. प्रचलनमा रहेको 'राष्ट्रिय गान' वैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।

८. नेपाल धर्मनिरपेक्ष राज्य हुनेछ ।

९. **विविध**

(क) राज्यका सबै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्झी यसप्रति निष्ठावान् रही सबैले आफ्नो अधिकार प्रयोग गर्नु पर्नेछ ।

(ख) तोकिएका सार्वजनिक पद धारणा गर्ने पदाधिकारीहरूले प्रतिनिधिसभाबाट तोकिएको ढाँचामा तोकिएको शपथ लिनेछन् । शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन् ।

(ग) यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचालित अन्य कानुनका व्यवस्थाहरू बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(घ) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनै पनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ङ) उपर्युक्त खण्ड (ग) र (घ) को प्रयोजनका लागि प्रतिनिधिसभामा एक समिति रहनेछ ।

**(जेठ ५ गतेको *समयमा* प्रतिनिधिसभाको घोषणा २०६३ प्राविधिक कारणवश केही गल्ती प्रकाशित भएकाले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले जेठ ४ गते प्रस्तुत गरी प्रतिनिधिसभाले सोही दिन सर्वसम्मतिबाट पारित गरेको घोषणाको पूर्ण अंश पुनः प्रकाशित गरिएको हो– सं.)**

**सबै दरिद्रतामध्ये घातक वैचारिक दरिद्रता हो र सबै शक्तिको स्रोत इच्छाशक्ति हो। अब हामीलाई गरिब र अविकसित नेपालमा बाँच्न मन्जुर छैन। अब सम्पन्न नेपाल कुनै स्वप्न मात्रै नभई हाम्रो राष्ट्रिय संकल्प हुनु पर्छ र सम्पूर्ण नेपालीको प्राणशक्ति त्यस दिशामा अग्रसर हुनु पर्छ।**



■ स्वामी आनन्द अरुण

# सम्पन्न नेपाल

**भारतका प्रतिभाशाली** वैज्ञानिक राष्ट्रपति डा. अब्दुल जे. कलामसँग एक सभामा दस वर्षकी एक बालिका अटोग्राफ लिन पुगिछन्। डा. कलामले अटोग्राफ दिँदै बालिकालाई सोधे, 'तिमी भविष्यमा के हुन चाहन्छ्यौ ?' बालिकाले तुरुन्तै उत्तर दिइन्, 'म एक समुन्नत भारतमा जिउन चाहन्छु।' राष्ट्रपतिको कोमल हृदय बालिकाको त्यस्तो अप्रत्यासित उत्तरले अत्यन्त भावुक भयो र उनले त्यसबाट प्रभावित भई एक किताब लेखेका छन्, इन्डिया भिजन फर द न्यु मिलेनियम। त्यो पुस्तक उनले ती बालिका र उन्नत भारतको स्वप्न देख्ने व्यक्तिहरूलाई समर्पित गरेका छन्।

नेपालमा सयौं वर्षको सामन्तवाद र विगत १० वर्षको अशान्ति र हिंसात्मक द्वन्द्वमा हजारौंले ज्यान गुमाए, लाखौं विस्थापित भए र हामी सबैले असीमित आर्थिक र मानसिक यातना भोग्नु पर्‍यो। यो कालरात्रिको अन्त्यसँगै नेपालमा अब आशा र उत्साहको नयाँ सूर्य उदय भएको छ। यस मुक्तिसँगै हामी नेपालीको मनमा एक स्वप्न पलाएको छ। त्यो स्वप्न हो - एक उन्नत, शान्त र न्यायपूर्ण नेपालको। कपाल फुलेको हाम्रो उमेरका व्यक्तिहरू पूरै जीवन एक दुःखी, गरिब र अभावग्रस्त नेपालमा बाँच्यौं। नेपाली राहदानी लिएर हिँड्दा विदेशी भिसादेखि भन्सार कार्यालयसम्म असीमित अपमान पनि सह्यौं। तर, अब हामी एक उन्नत र सम्मानित नेपाल हेरेर सन्तुष्ट हुन चाहन्छौं।

२००७ साल आसपासमा हामी जस्तै अविकसित एसियाका छिमेकी राष्ट्रहरूले यो आधा शताब्दीमा कत्रो फड्को मारिसके भने हाम्रा लागि ती मुलुककै आर्थिक स्तरमा पुग्नु पनि एक कठिन चुनौती सावित भएको छ। विगत ५० वर्षमा अन्य राष्ट्रले ठूलो औद्योगिक क्रान्ति गरे, आर्थिक पूर्वाधार खडा गरे, आफ्ना नागरिकलाई आधारभूत सुविधा राम्ररी पुऱ्याए। हामी मात्रै सायद यस्तो देश हौंला जसका लागि विकास र आर्थिक एजेन्डा कहिल्यै महत्त्वपूर्ण बन्न सकेन, बरु राष्ट्रको सम्पदा र जनशक्ति जहिल्यै पनि राजनीतिक अस्थिरता र प्रपञ्चमै नै बर्बाद भयो। स्वतन्त्र र सिर्जनशील चिन्तन विकसितै हुन सकेन। राष्ट्रिय प्रतिभाले कहिल्यै पनि स्वतन्त्र परिवेश अनुभव गर्न सकेन। व्यक्तिगत उन्नति एक परिवारलाई मात्रै खुसी पारे हुने भयो। यस्तो परिवेशमा शाखा अधिकृतदेखि सचिव हुँदासम्म अधिकृतहरूले आफ्नो सबै मौलिकता, साहस र सिर्जनशीलता गुमाई चाकडी र चाप्लुसीमा पारंगत हुनु पर्ने बाध्यता रह्यो। यस्तै परिस्थितिमा हाम्रो प्रशासनिक संयन्त्र अहिलेसम्म घस्रिरहेको छ। अब बन्ने नयाँ नेपालमा सिर्जनशील साहसी युवाहरूलाई निर्णयको उच्चपदमा सोझै मौलिक प्रतिभा र प्रतियोगिताको आधारमा पुग्न सक्ने व्यवस्था हुनु पर्छ।

वास्तवमा सबै दरिद्रतामध्ये घातक वैचारिक दरिद्रता हो र सबै शक्तिको स्रोत इच्छाशक्ति हो। कुनै राष्ट्रका जनताको सोचाइमा कति उत्साह, आशा र कर्मठता छ त्यसैले नै त्यस राष्ट्रको भविष्यको दिशा निर्धारण गर्छ। हामीले पनि यस्तो वैचारिक क्रान्ति हरेक नेपालीको मस्तिष्कमा पैदा गर्नु पर्छ कि अब हामीलाई गरिब र अविकसित नेपालमा बाँच्न मन्जुर छैन। अब सम्पन्न नेपाल कुनै स्वप्न मात्रै नभई हाम्रो राष्ट्रिय संकल्प हुनु पर्छ र सम्पूर्ण नेपालीको प्राणशक्ति त्यस दिशामा अग्रसर हुनु पर्छ।

अब देशको त्यस्तो विकास सीमित विचार राख्ने रुटिन राजनीतिज्ञहरूको हातबाट मात्र सम्भव देखिँदैन। किनभने उनीहरूको कार्यशैली, कार्यक्षमता, ठूलो फड्को मार्न नसकी सीमित स्वार्थीवृत्तमै फसिरहने स्वभाव देशले राम्रोसँग अनुभव गरिसकेको छ। अहिलेको संवेदनशील क्षणमा देशको वागडोर स्वप्नदर्शी युवा चित्तको हातमा जानु पर्छ। अनि हामीकहाँ पनि पैदा हुन सक्छन् हाम्रै राष्ट्रिय परिवेशमा सुहाउने लि क्यान यु, डा. महाथिर र तेन स्यायो पिङ।

जब जब दलहरू राजनीतिक उद्देश्यका लागि मिले तब तब राष्ट्रमा ठूलो परिवर्तन आयो। अहिले पनि सात दल र माओवादीका बीच जुन सहमति बन्यो त्यसले देशमा एउटा ठूलो आशा र आत्मविश्वास जगाएको छ। जब जब यो समझदारीमा केही असहमति पैदा हुन्छ तब पूरै राष्ट्र चिन्ताग्रस्त हुन्छ। अहिलेसम्म राजनीतिक उद्देश्यका लागि समझदारीहरू भएका छन् अब आर्थिक विकासका लागि दूरगामी राष्ट्रिय सहमति हुनु जरुरी छ।

हामीले आर्थिक उन्नतिको राष्ट्रिय एजेन्डा बनाउनु पर्छ। किनभने शिक्षा, स्वास्थ्य, बिजुली, यातायात, खानेपानी, रोजगारका सम्भावना जस्ता आधारभूत कुराको विकासमा कसैले विमति राख्न सक्दैन। त्यसैकारण यी क्षेत्रको विकासका लागि पनि माओवादी लगायतका सबै दलहरूबीच न्यूनतम राष्ट्रिय सहमति हुनु पर्छ। निश्चित लक्ष्य प्राप्तिका लागि घटीमा १० वर्षको विकासको अग्रीम कार्यसूची बनाइनु पर्छ। त्यसलाई कसैले कुनै हालतमा अवरोध गर्न पाउनेछैन।

सम्पूर्ण विश्वको ध्यान अहिले नेपालप्रति खिचिएको छ र सबैले नेपाललाई एक सहानुभूतिको दृष्टिले हेरका छन्। नेपालको विकासमा उदारतापूर्वक सहयोगी बन्न चाहन्छन्। तर, हामीले विगतबाट पनि सिक्नु पर्नेछ। विगतमा आएका सहयोगको पनि हामीले सदुपयोग गर्न सकेनौं र त्यसमा ठूलो अनियमितता र भ्रष्टाचार भयो। जसको लागि ती सहयोग आएका थिए तिनीहरूसम्म त्यो पुग्न सकेन। हाम्रो राष्ट्रिय प्राथमिकताका आधारमा अधारभूत पूर्वाधारको विकासका लागि हामीले त्यो सहयोगको फलदायी उपयोग गर्न सिक्नु पर्छ।

एकपटक अमेरिकी राष्ट्रपतिलाई त्यस बेलाका नाम चलेका एक लेखकसँग जरुरी सल्लाह गर्नु पर्ने आवश्यकता पऱ्यो। राष्ट्रपतिका पिएले लेखकका पिएलाई फोन गरी तुरुन्तै कुरा गराउन भने। लेखकका पिएले 'उनी लामो यात्राबाट थाकेर आएका छन् मलाई बाधा नपुऱ्याउनु भनी गहिरो निदाएका छन्, अहिले उठाउन मिल्दैन' भनी जवाफ दिए। आफ्नो पिएबाट त्यस्तो उत्तर सुनी राष्ट्रपति आफैं लेखकका सचिवलाई 'म राष्ट्रपति बोल्दै छु। उनलाई तुरुन्त उठाऊ र मसँग कुरा गराऊ' भनी कड्किए। तर, ती लेखकका पिएले विनम्रतापूर्वक 'तपाईं ममाथि न कड्किनुस्, तपाईं मेरो हाकिम होइन। जसको मैले नुन खान्छु त्यसको आदेश मैले पालना गर्नु पर्छ। र, हाकिमको मलाई आदेश छ, कसैले फोन गरे भने मलाई नउठाउनु। त्यसैले उहाँलाई अहिले उठाउन मिल्दैन। उहाँ जागेपछि म कुरा गराइदिन्छु' भनी निर्भीक जवाफ दिए।

जनताको करबाट चल्ने राज्य व्यवस्थाले नुनको सोझो गर्ने यस्तै एक साहसिक इमानदार व्यवसायिकता आज हामीलाई खाँचो छ।

osho@tapoban.com

# महिलालाई एक तिहाइ !

**राज्यका** सबै अंगमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्न सबै पदमा कम्तीमा एक तिहाइ महिलाको प्रतिनिधित्व हुनु पर्ने लगायत सशक्तिकरणसम्बन्धी बुँदा समेटिएको प्रस्ताव प्रतिनिधिसभाले एकमतले पारित गरेको छ।

एमाले सांसद विद्यादेवी भण्डारीद्वारा पेस गरिएको जरुरी सार्वजनिक महत्त्वको उक्त प्रस्ताव जेठ १६ गतेको बैठकले सर्वसम्मतले पारित गरेको हो। एक तिहाइ आरक्षण, छोराछोरीले आमाबाबुमध्ये कसैको नामबाट नागरिकता पाउने, विभेदकारी कानुनको खारेजी र घरेलु हिंसा अन्त्य गर्नु पर्ने विषय प्रस्तावले समेटेको छ।

प्रतिनिधिसभाले पारित गरेको उक्त प्रस्ताव महिलाअधिकारको हिसाबले अग्रगामी देखिए पनि यसको कार्यान्वयनमा भने शंकै छ। प्रतिनिधिसभाको मंगलवारको बैठक सुरु हुनुअघि सात दलका सांसदहरूबीच प्रस्तावको आरक्षणसम्बन्धी बुँदाबारे देखिएको मतभिन्नताले यसको कार्यान्वयन फलामको ढोका सावित हुने देखिन्छ।

महिलालाई आरक्षण दिनेबित्तिकै जनजाति र दलितले समेत आफ्नो मागलाई झनै जोडदार बनाउँछ भन्ने विश्लेषणका आधारमा यसप्रति अहिले नै बढी खुला हुन नहुने धारणा केही सांसदको थियो। सांसदहरूबीच लामो छलफल चलेकैले १६ गतेको बैठक निर्धारित समयभन्दा २ घन्टा ढिलो सुरु भएको थियो।

प्रस्तावका अन्य बुँदामध्ये बाबु वा आमाको नामबाट नागरिकता लिन सक्ने प्रावधानले राष्ट्रको नागरिक हुन नसकेका हजारौं बालबालिका लाभान्वित भएका छन्। वर्षौंदेखि चलिरहेको पितृसत्तात्मक सत्तालाई सुल्टाएर न्यायपूर्ण संरचनाको निर्माण गर्ने संरचनाको निर्माण अहिलेको आवश्यकता भएकाले प्रस्ताव ल्याएको भण्डारीले बताइन्।

संसद्ले पारित गरेअनुसार कानुन बनाउने हो भने महिलामाथि विभेद गर्ने एक सयभन्दा बढी कानुन खारेजी हुनु पर्ने माग सांसदहरुले गरेका छन्। त्यसका साथै बहुपति, बहुपत्नी प्रथा र छाउपडी जस्तो सामाजिक अपराधको अन्त्येष्टि निश्चित गरेको छ। ■

## टु पिएम आटा नुडल्स




एसियन थाइ फुड्स प्रालिले उपभोक्ताको चाहनालाई ध्यानमा राख्दै 'टुपिएम आटा नुडल्स' बजारमा ल्याएको छ। हाल बजारमा उपलब्ध नुडल्सहरूभन्दा भिन्न यो चाउचाउ स्वास्थ्य र स्वादका हिसाबले उत्कृष्ट रहेको दाबी कम्पनीको छ। नेपालमा आटाले बनेको पहिलो नुडल्समा गहुँको फाइवर अत्यधिक मात्रामा रहेको छ। फाइवर हाम्रो शारीरिक तथा मानसिक विकासको लागि अपरिहार्य तत्त्व हो। यसमा रियल चिकेनका टुक्राहरू तथा रियल भेजिटेबल समेत समावेश गरिएको छ, जसले गर्दा यो अत्यन्त स्वस्थकर छ। त्यतिमात्र नभई यसमा 'मोनोसोडियम', 'ग्लुटामेट' र अजिनो मोटो नराखिएको दाबी कम्पनीले गरेको छ। मेटालिक र्‍यापरले सुरक्षित राखिएको यस नुडल्समा गहुँका तीन रोटी बराबरको पौष्टिक तत्त्व रहेको कम्पनीले प्रेस विज्ञप्तिमार्फत बताएको छ।

## फार्चुन ब्रान्डका तेल

कृष्ण नेपाल ट्रेडिङ प्रालिले फार्चुन ब्रान्डका चार प्रकारका तेल बजारमा ल्याएको छ। कम्पनीका अनुसार रिफाइन्ड सोयाविन, रिफाइन्ड सन फ्लावर, फिल्टर शुद्ध तोरीको तेल र कच्चिघानी शुद्ध तेल


रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




रेडियो खबर पत्रिका

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

हालचाल

जाता अबर थाहा पाउन- हालचाल, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

बिबिसी नेपाली सेवा

हरेक दिन राती (८:४५-९:१५)

हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज

नेपाली रेडियो
नेपाली आवाज

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

बजारमा ल्याइएको छ। उपभोक्ताको स्वास्थ्यप्रति सजग रहँदै यी तेल उत्पादन गरिएको दाबी कम्पनीको छ। उसको भनाइमा मुटुलाई स्वस्थ राख्ने र आँखाको ज्योति बढाउन यी तेलले सहयोग पुऱ्याउनेछन्। मधुमेहका रोगीका लागि समेत उपयुक्त रहेका यी तेल गर्भवती आमा र बच्चाको पोषणलायक भएको बताइएको छ।

## आकर्षक प्याकमा खुकुरी चुरोट

सूर्य नेपाल प्रालिले उत्पादन गर्दै आएको खुकुरी चुरोट आकर्षक प्याकमा बजारमा आउने भएको छ। नयाँपन चाहने उपभोक्ताको रुचिलाई ध्यानमा राखेर नयाँ प्याकेटमा खुकुरीको स्वाद दिन लागिएको कम्पनीले जनाएको छ। नयाँ प्याकेटको माथिल्लो भागमा चम्किलो रातो रंग र साथमा सूर्यको किरण राखिएको छ भने खुकुरी शब्दको अक्षरमा पनि परिवर्तन गरिएको छ। त्यस्तै प्याकेटमा सुनौलो रंग र तल्लो भागमा नीलो रंग थपिएको छ। साज सज्जामा थप आकर्षक बनाइएको भए पनि खुकुरीको स्वादमा बानी परेका पारखीका लागि स्वादमा भने कुनै परिवर्तन नगरिएको कम्पनीले बताएको छ।

## एडिबी परियोजना पुरस्कृत

एसियाली विकास बैंकको सहयोगमा नेपालमा संचालित परियोजनामध्ये उत्कृष्ट ठहरिएका तीनवटा परियोजना पुरस्कृत भएका छन्। गत साता राजधानीमा आयोजित एक समारोहबीच अर्थ सचिव डा. भोजराज घिमिरेले ती परियोजनालाई पुरस्कार प्रदान गरेका थिए। पुरस्कृत परियोजनाहरूमा साना सहरी खानेपानी आपूर्ति तथा सरसफाइ परियोजना, शिक्षक शिक्षण परियोजना र ग्रामीण लघुवित्त परियोजना रहेका छन्। सोही अवसरमा 'सडक सञ्जाल विकास परियोजना'लाई समेत उत्कृष्ट सामूहिक कार्यसम्पादनका लागि सम्मानित गरिएको थियो।

## शिखर सेयरको अत्यधिक माग



शिखर इन्सुरेन्सले सर्वसाधारणका लागि निष्काशन गरेको सेयर खरिदका लागि ४५ गुणा बढीको आवेदन परेको छ। कुल २ करोड ५० लाख रुपैयाँको सेयर निष्काशन गरिएकोमा १ अर्ब १० करोड रुपैयाँको आवेदन परेको जानकारी कम्पनीले दिएको छ। सेयर आवेदनसँगै ५० प्रतिशत रकम जम्मा गर्न भनिएकोमा सर्वसाधारणले ५५ करोड रुपैयाँ जम्मा गराएका छन्। लगानीका अवसरहरू खुम्चिँदै गएको अवस्थामा यसले नेपाली जनता लगानी गर्ने वातावरणको प्रतीक्षामा रहेको देखिएको छ। महाप्रबन्धक दीप पाण्डे भन्छन्, 'यो हामीप्रति सर्वसाधारणले देखाएको विश्वास हो। यसले हामीलाई व्यवसायमा थप उत्साहित बनाएको छ।' सेयर बाँडफाँडका लागि अहिले काम भइरहेको जानकारी कम्पनीले दिएको छ।

## प्रभावकारी लेखाजोखा

एक्सन एड गैरसरकारी संस्थाले राष्ट्रिय सामाजिक लेखाजोखा कार्यक्रम गरेर आफूले एक वर्षभित्र गरेका काम सार्वजनिक गरेको छ। नेपालमा कार्यरत गैरसरकारी संस्थाहरूमध्ये बर्सेनि आफ्ना काम कारबाहीबारे सार्वजनिक कार्यक्रम गरेर जानकारी गराउने एक्सन एड मात्र एक्लो संस्थामा रूपमा परिचित छ। जेठ १२ मा आयोजित कार्यक्रममा एक्सन एड नेपालका राष्ट्रिय निर्देशक शिवेशचन्द्र रेग्मीले सन् २००५ मा प्रमुख उपलब्धि र सिकाइका बारेमा जानकारी गराएका थिए।

रेग्मीले सामाजिक लेखाजोखा अन्य गैससहरूले पनि गर्नु पर्ने बताए।

अन्तर्राष्ट्रिय गैसस र गैससहरूको जिम्मेवार तहका पदाधिकारी र कार्यकर्ताहरूबीच रेग्मीले पारदर्शी, जवाफदेहिता र जिम्मेवारीबाट अलग हुन नहुने विचार राखे। एक्सन एडले गत वर्ष २७ करोड ७४ लाख छुट्याएकोमा ९० प्रतिशत उपयोग भएको थियो भने आगामी वर्षका लागि करिब ३६ करोड बजेट छुट्याएको छ। ■



# घाइतेलाई वास

**जनआन्दोलन– २ मा** घाइते भएर लामो समय राजधानीमै उपचार गराउनु पर्ने अवस्था रहेका विरामीको लागि गोंगबुमा आश्रमको व्यवस्था गरिएको छ। विनायक अस्पताल र रेडन कलेजको विशेष सक्रियतामा स्थापित उक्त आश्रमको गत जेठ १४ गते अमेरिकी चिकित्सक डा. ब्रायन कवले सुरु गरेका थिए।

५० जना बस्न मिल्ने उक्त आश्रममा आन्दोलनका क्रममा घाइते भएका २५ जनाले बस्नको लागि नाम दर्ता गराएको जनाइएको छ। तर, त्यहाँ अहिले नियमित रूपमा भने १५ जना बसिरहेका छन्। नियमित रूपमा उक्त आश्रम सञ्चालनका लागि 'जनआन्दोलन घाइते कल्याण मञ्च' गठन गरी संयोजकमा कैलाश तिमिल्सिनालाई तोकिएको छ। आश्रम सञ्चालनार्थ सर्वसाधारणले समेत यथाशक्य सहयोग गरेका छन्।

आन्दोलनमा घाइते भएर शिक्षण, मोडेल, वीर अस्पतालहरूमा उपचार गराइरहेका व्यक्तिहरू उक्त आश्रममा बसिरहेका छन्। त्यहाँ बस्नेमध्ये अधिकांश राजधानीमा आएर मजदुरी गरी जीवन निर्वाह गरेका व्यक्ति छन्। घाइतेहरूमध्ये सातजनाको स्थिति अझै पनि गम्भीर छ। एसएसपी माधव थापाको नेतृत्वमा सशस्त्रको गोली प्रहारबाट पेटको आन्द्रा बाहिर निस्किएर गम्भीर घाइते बनेका १५ वर्षीय राजन राय पनि उपचारपछि त्यहीं बस्दै आएका छन्।





तेजबहादुर बस्नेत

▲ जनआन्दोलनका क्रममा घाइते भएकाहरू बास पाउँदा खुसी छन्

आन्दोलनका घाइतेलाई सरकारले केही व्यवस्था गर्नु पर्छ भनेर गोंगबुवासीको तर्फबाट उपप्रधानमन्त्री केपी शर्मा ओलीलाई अनुरोध गरिए पनि ओलीले अहिले केही गर्न नसकिने जनाएपछि विशुद्ध सेवाभावले जनस्तरबाट आश्रम सञ्चालन गरिएको बताइएको छ। निर्देशक ज्ञवाली भन्छन्, 'मुखले ठूलाठूला कुरा गर्ने नेता र सरकारको लागि जनस्तरबाट सञ्चालित यो आश्रम ठूलो पाठ हो।' ■




शरणार्थी नेता टेकनाथ रिजाल

# भुटानी शरणार्थी उत्साहित

**‘हामीले नेपाली जनताबाट** आन्दोलनको पाठ सिकेका छौं, सोहीअनुरूप स्वदेश फिर्ती अभियानको आन्दोलनलाई मूर्त रूप दिन भुटानभित्र जेहाद छेड्छौं’, डेमोक्रेटिक युथ अफ भुटानका अध्यक्ष मोहन तामाङ भन्छन् । आन्दोलन शान्तिपूर्ण हुने जनाउँदै तामाङले विगतमा पार्टीका नेताबीच आपसी एकता नहुँदा स्वदेश फिर्ती अभियान तुहिएको कटु सत्य स्मरण गर्न भुलेनन् । भारत-नेपाल सीमामा भेटिएका तामाङ निकै उत्साही र हतारमा देखिन्थे ।

शरणार्थी युवाबीच निकै लोकप्रिय मानिएका तामाङ मात्र होइनन्, झापा-मोरङमा बसोवास गर्ने डेढ लाख शरणार्थी निकै उत्साही र आन्दोलित देखिन्छन्, मानवाधिकारवादी नेता टेकनाथ रिजालको संयोजनमा भुटान मुभमेन्ट स्टेरिङ कमिटीको गठनपश्चात् । स्वदेश फर्कन व्यग्र खुदुनाबारी शिविरकी सीता अधिकारी भन्छिन्, ‘आधा पेट खाएर जेलको अनुभूति गरेका हामीलाई शान्तिपूर्ण आन्दोलनको माध्यमबाट स्वदेश फर्काउने नेताहरूको उद्घोषले केही राहत पुगेको छ । घर फर्कन पाए त स्वर्ग पुगेझैं हुनेछ ।’ उनका अनुसार आन्दोलनको घोषणाले शरणार्थीमाझ खुसी छाएको छ । उनीहरू आन्दोलनमा सरिक हुन पनि आतुर छन् ।

विगतमा भएको आन्दोलनभन्दा अबको आन्दोलन पृथक् हुने नेताको भनाइप्रति समर्थन जुटाउँदै टिमाई शिविरका आशाबहादुर राई भन्छन्, ‘अबको आन्दोलनले निरकुंश राजतन्त्रको अन्त्य हुन जरुरी छ ।’ राजतन्त्र अन्त्य भएपछि मात्र स्वदेश फर्कन पाउने आशा पालेका उनले आन्दोलन निर्णायक बनाउन सबै शरणार्थीलाई अनुरोध पनि गरेका छन् । पटक-पटक झोला-झ्याम्टा बोकेर मेची पुल पुग्दै शिविर फर्कनु परेको कटु यथार्थ सँगाल्दै शरणार्थीहरूले नेताहरूलाई सजगता र हिम्मतपूर्वक आन्दोलनको नेतृत्व गर्न आग्रह गरेका छन् ।

मोर्चाले आन्दोलनको उद्घोष गर्नुपूर्व अर्थात् गत पुसदेखि नै स्वदेश फिर्तीको माग राखेर प्रत्येक शुक्रवार दुई घन्टे रिले अनशन बसिरहेका खुदुनाबारी र बेलडाँगी शिविरका शरणार्थी पनि आन्दोलनमा सक्रिय हुने भएका छन् ।

यसैबीच विगत १५ वर्षदेखि शरणागत जीवन बिताउन बाध्य शरणार्थीलाई त कता हो कता भुटानभित्रै बसोवास गरिरहेका नेपालीभाषीलाई आगामी २००८ मा हने संसदीय निर्वाचनमा मत हाल्न नदिने कुटिल चाल भुटानी सरकारले चालेको छ । ड्रुक नेसनल कांग्रेसका अनुसार सन २००५ को जनगणनामा नेपालीभाषी समुदायको जनसंख्या ३ लाख ६३ हजार थियो । तर, त्यो संख्या एक वर्षपछि गरिएको अर्को गणनामा घटेर २ लाख ५ हजार मात्रै देखाइएको छ । यसरी कुल १ लाख १३ हजार नेपालीभाषी उक्त क्षेत्रमा नरहेको तथ्यांक भुटानले सार्वजनिक गरी विश्व समुदायलाई छल्न खोजेको छ ।

■ **मदन खरेल/झापा** (तस्वीर पनि)



# अब त केही होला !

**काली किनारबाट** झन्डै डेढ सय किलोमिटर टाढा रहेको उत्तराञ्चल भारतको प्रमुखमध्ये एक पर्यटकीय क्षेत्र हो, नैनीताल । भनिन्छ, यो मौसममा दिल्ली नैनीतालमै ओइरिएको हुन्छ । स्थानीय व्यवसायी पनि यही भन्छन् । नैनीतालका अनेकौं विशेषता होलान् तर वर्षौंदेखि नेपालीको साइनो पनि गाँसिएको छ यो सानो हिल स्टेसनसँग ।

सम्पन्न नेपालीका छोराछोरी अध्ययन गर्ने ठाउँ हो नैनीताल झापादेखि कञ्चनपुरसम्मका विद्यार्थी यहाँका स्कुल र कलेजमा भेट्न सकिन्छ । अर्कोतर्फ आफू र जहान परिवारको पेट पाल्न मध्य र सुदूरपश्चिमका पहाडी जिल्लाबाट आएर मेहनत मजदुरी गर्ने कर्म क्षेत्र पनि हो नैनीताल । त्यसैले पनि भारतीयहरू नेपालीलाई दुई वर्गमा छुट्याउँछन्, एक अति गरिब एक अति धनी । होटल कोरोनेसनका सञ्चालकका विचारमा नेपालमा रहेको यही वर्ग भिन्नताले द्वन्द्व निम्त्याएको हुनु पर्छ ।

नैनीतालको कठ्याङ्ग्रिदो चिसोलाई घरपरिवारका लागि मुग्लाने जीवन बिताउन बाध्य भएका यी नेपाली मजदुरले नेपालमा भएको पछिल्लो परिवर्तन सञ्चारमाध्यमबाट नियालिरहेका छन् । परिवर्तनबाट पलाएको आशा उनीहरूको मुहारमा देख्न सकिन्छ । विभिन्न बाध्यतावश विदेशिनु परेका उनीहरूलाई अब घर फर्कने रहर जागेको छ । आत्मविश्वासका साथ उनीहरू भन्छन्, 'अब त केही होला नि ? जनताको रगत त्यसै कसरी खेर जाला ?'

कालिकोटका कुलबहादुर यहाँ रिक्सा चलाउँछन् उनीजस्तै दर्जनौं नेपाली यो पेसामा संलग्न छन् । कुलबहादुर सशस्त्र द्वन्द्वकै कारण विदेशिएका हुन् । नत्र उनीलाई काम गरेर खान घरमै पुग्दै आएका थियो । सुस्केरा हाल्दै उनी भन्छन्, 'घर खेत र जहान छोडेर अर्काको मुख हेर्दै एकल जीवन बिताउन कसलाई पो रहर थियो र ।' 'ए हजुर साँच्चै अब त शान्ति होला नि ?' उनी आशंका मिश्रित भावमा सोध्छन् । म्याग्दीका जगत अल्मोडा नैनीताल खण्डमा तीन वर्षदेखि ट्याक्सी चलाउँदै आएका छन् । सेनामा भर्ती हुन जाँदा माओवादीले सताएपछि परिवारको आग्रहमा उनी विदेसिएका हुन् ।

कालिकोटमा मालकोटका पुरनबहादुरलाई माओवादीले गर्नसम्म प्रयोग गरे । उनलाई सूचना आदान प्रदान गर्न लगाइन्थ्यो, त्यसकारण माओवादीले पुरनलाई विविसी उपनाम दिएका थिए । महाकाली भेरी कर्णाली स्वायत्त जनसरकार प्रमुख पनि उनकै गाउँले हुन् । यसकारण माओवादी संघर्षलाई नियालेको दाबी गर्ने पुरन नेपालमा गठित माओवादी वार्ताटोलीबाट सन्तुष्ट छैनन् । उनी भन्छन्, 'यति लामो संघर्ष र हजारौंको मृत्युका कारक नेतृत्व प्रचण्डले नै वार्ताटोलीको नेतृत्व र बहस गरी नेपाली जनतासँग माफी माग्दै शान्तिको बाटोमा अग्रसर हुनु पर्छ, नत्र मुलुक फेरि हिंसातिर धकेलिन सक्छ जसका लागि आम नेपाली तयार छैनन् ।' शाही सरकारको दमन र माओवादीप्रतिको असन्तुष्टिका कारण उनी चार महिनाअघि नैनीताल पसेर मजदुरी गर्दै आएका छन् ।

विदेशिएका नेपालीसँगै भारतीयहरू पनि नेपालमा आएको परिवर्तनप्रति खुसी देखिन्छन् । भारतीयहरू अब काठमाडौं र पशुपतिनाथको दर्शन गर्न पाइनेमा ढुक्क देखिन्छन् । ताल नजिकैको तिब्बती बजारकी व्यवसायी पासाङ धिगी पनि नेपालमा आएका नयाँ लहरले मक्ख छिन् । 'अब म बौद्ध र लुम्बिनी जान चाहन्छु', उनले आफ्नो इच्छा प्रकट गरिन् ।

न्यून आयस्तर भएका मध्य र सुदूरपश्चिमी नेपालका बासिन्दा परम्परादेखि नै उत्तरभारतका विभिन्न पर्यटकीय स्थल र सहरमा काम गर्दै आएका हुन् । गत तीन वर्षमा चर्केको द्वन्द्वले अधिकांश नेपाली बाध्यतावश भारतका विभिन्न सहर धाउनु पऱ्यो । आप्रवासीको संख्या बढ्नाले भारतीयहरूले उनीहरूको मनग्गे श्रम शोषण पनि गरे । स्वदेशमा विकास निर्माण ठप्प भएकाले पनि उनीहरू विदेशिनु परेको हो । नेपालमा भएको ऐतिहासिक घटनाले उनीहरूलाई घर फर्कने साहस दिएको छ । हिजो राज्यको पहुँचबाट टाढा रहेका यी नेपालीको कर्म घर फर्केर तुरुन्त फेरिएला भन्नु गलत हुनेछ, तर वर्तमान गठबन्धनले के सोच्नु अनिवार्य छ भने राज्यमा गरिएको विकासको असमान वितरणले नै मध्यपश्चिमको रोल्पाबाट क्रान्तिको ज्वाला फैलिँदै मुलुकलाई अहिलेको अवस्थामा पुऱ्याउन सहयोग पुगेको हो । यो सुनौलो अवसरभित्र यिनै नेपालीलाई समाहित गर्न आवश्यक छ नत्र नाम अर्कै होला क्रान्ति त जनताले नै गर्नेछन् ।

**■ श्याम भट्ट/नैनीताल** (तस्वीर पनि)



नैनीतालमा मजदुरी गरेर जीवनयापन गरिरहेका नेपालीहरू

# किन हतारो ?




तेजबहादुर बस्नेत

◀ रत्नराज्यलक्ष्मी क्याम्पसको नाम फेरेर नेपाल मानविकी क्याम्पस बनाइएको छ

**क्रान्तिकारीले रत्नराज्य क्याम्पसको नाम मेटाएपछि सात दल समर्थित विद्यार्थी संगठन, कर्मचारी र प्राध्यापकहरूको सर्वदलीय भेलाले क्याम्पसको नाम परिवर्तन गरी 'नेपाल मानविकी क्याम्पस' प्रस्ताव गरेको छ**

■ **छत्र कार्की/काठमाडौं**

**लोकतान्त्रिक आन्दोलनको** बलमा पुनःस्थापित प्रतिनिधिसभाले जेठ ४ मा ऐतिहासिक घोषणा गरी राजालाई अधिकारविहीन बनाएपछि राजपरिवारको नाममा स्थापित शैक्षिक संस्थाको नाम परिवर्तन हुनु पर्ने कुरा जोडदार रूपमा उठेको छ। राजधानीका केही क्याम्पसको नयाँ नाम प्रस्ताव गरिएको छ भने राजधानीबाहिर पनि यो अभियान क्रमिकरूपमा अघि बढिरहेको छ। क्याम्पस तथा विश्वविद्यालयको नाम पुनरावलोकन गर्ने सवाललाई सात दल समर्थित विद्यार्थी संगठन र माओवादीनिकट अखिल क्रान्तिकारी सबैले उठाए पनि यसका प्रक्रियामा भने उनीहरूबीच मतभेद रहेको देखिएको छ।

अखिल क्रान्तिकारीले गत साता राजधानीका क्याम्पस तथा विश्वविद्यालयका बोर्डमा लेखिएको राजपरिवारसँग जोडिएका नाम मेटाउने अभियान नै सञ्चालन गरेपछि केही क्याम्पसका विद्यार्थी संगठनले असहमति प्रकट गरेका थिए। नेपालकै पुरानो पद्मकन्या क्याम्पसमा क्रान्तिकारी विद्यार्थीले 'पद्म' मेटाएर कन्यामात्र राखेपछि त्यहाँका स्ववियु पदाधिकारीलेसमेत नाम मेट्ने अभियानलाई हतारको निर्णय भनी टिप्पणी गरेका थिए। उनीहरूको प्रतिक्रिया थियो, 'कुनै प्रक्रियागत रूपमा निर्णय नगरी केटाकेटी पाराले यस्ता काम गर्नु ठिक हुँदैन।'

जथाभावीरूपमा क्याम्पसका नाम मेट्दै हिँड्ने प्रक्रियासँग अरू कतिपय क्याम्पसका स्ववियु पदाधिकारीसमेत सहमत देखिँदैनन्। नेपाल कानुन क्याम्पसका स्ववियु सभापति नवराज थपलिया राजामहाराजाका नामबाट शैक्षिक संस्थाको नाम राख्नुको औचित्य नरहे पनि त्यसलाई प्रक्रियागत रूपमा हटाउनु पर्ने बताउँछन्। उनी भन्छन्, 'नाम परिवर्तन हुनु पर्ने कुरामा विवाद नै छैन, तर भ्याङ तेर्साएर रातारात नाम मेट्नु चाहिँ ठिक होइन।'

अर्कोतर्फ अखिल क्रान्तिकारीले भने क्याम्पसको नाम मेट्ने अभियानलाई नकारात्मक ढंगबाट बुझ्न नहुने जनाएको छ। नेपाली समाजलाई अग्रगामी रूपमा अघि बढाउने हो भने सामन्तवादी संरचनाका अवशेष परिवर्तन हुनु पर्ने जिकिर छ क्रान्तिकारीको। अखिल क्रान्तिकारीका अध्यक्ष लेखनाथ न्यौपाने प्रतिनिधिसभा घोषणाले राजालाई निरीह बनाएको दाबी गर्ने शक्तिहरूको लागि नाम मेटाउने विषय टाउको नदुखाउनु पर्ने विचार राख्छन्। उनी भन्छन्, 'झन् राजपरिवारको नाम मेटाएको अवसरमा विद्यार्थी साथीहरूले हामीलाई धन्यवाद दिनु पर्नेमा आलोचना गर्नुको कुनै तुक छैन।'

तर कतिपय क्याम्पसको नाम परिवर्तन गर्ने वैधानिक प्रक्रिया नै प्रारम्भ भएको छ। क्रान्तिकारीले रत्नराज्य क्याम्पसको नाम मेटाएपछि त्यहाँको स्ववियुको पहलमा क्याम्पसको प्रवेशद्वारमै नाम परिवर्तन गरी नेपाल मानविकी क्याम्पस राखिएको छ। रत्नराज्य क्याम्पसका सात दल समर्थित विद्यार्थी संगठन, कर्मचारी र प्राध्यापकहरूको सर्वदलीय भेलाले क्याम्पसको नाम परिवर्तन गरी 'नेपाल मानविकी क्याम्पस' प्रस्ताव गरेको छ। त्यस्तै, महेन्द्ररत्न क्याम्पस ताहाचलको नाम सहिद शिक्षा क्याम्पस प्रस्ताव गरी त्रिभुवन विश्वविद्यालयमा पठाइएको छ। नाम मेट्ने अभियानमा अग्रपंक्तिमा रहेको क्रान्तिकारीले भने रत्नराज्य र महेन्द्ररत्न क्याम्पसले प्रस्ताव गरेका नाममा सहमति जनाएको छैन। क्रान्तिकारी अध्यक्ष न्यौपाने भन्छन्, 'हामीले क्याम्पसको नयाँ नाम प्रस्ताव गर्दा बृहद् छलफलबाट तय गरौं, सकिन्छ भने त्यहाँ अध्ययनरत विद्यार्थीको जनमत संग्रह नै गरौं भनेका थियौं, तर हामीसँग सल्लाह नै नगरी हतारमा जुन निर्णय गरियो, त्यसप्रति हाम्रो असहमति छ।' रत्नराज्यलक्ष्मी क्याम्पसका स्ववियु पदाधिकारीले रातारात नेपाल मानविकी क्याम्पस लेख्न लगाएर आम विद्यार्थीको भावना प्रतिनिधित्व नगरेको आरोप छ, उनको। उनी भन्छन्, 'क्रान्तिकारीले अर्को नाम राखिहाल्ला कि भन्ने डरले हामीसँग छलफल नै गरिएन।' रत्नराज्य क्याम्पसका पूर्व स्ववियु सभापति बालगोपाल उपाध्याय भने भेलामा क्रानितकारीका विद्यार्थीहरू पनि बसेका र नेपाल मानविकी क्याम्पस राख्ने कुरा प्रस्ताव गरिएपछि संगठनमा छलफल भएको छैन भन्दै बीचबाटै उठेर हिँडेको बताउँछन्।

राजा ज्ञानेन्द्रकी सौतेनी आमा रत्नराज्यलक्ष्मीदेवी शाहको नाम राखेर खोलिएको यो कलेज सुरुमा नाम गर्ल्स कलेज थियो। त्यस बेलाका प्रिन्सिपल कृष्णराज अर्यालले कलेज दर्ता गर्ने समयमा दरवारप्रति वफादारिता देखाउन रत्नराज्यलक्ष्मी नाम राखेका थिए। गत २ वर्षदेखि त्यहाँको स्ववियुले लक्ष्मी हटाई रत्नराज्य क्याम्पस लेख्दै आए पनि विधिवत्‌रूपमा क्याम्पसको नाम रत्नराज्यलक्ष्मी क्याम्पस नै रहेको छ। हरेक भदौ ४ गते रत्नराज्यलक्ष्मीको जन्मोत्सवका अवसरमा क्याम्पस दिवस मनाउँदै आएकोमा यसवर्ष स्ववियुले उक्त कार्यक्रम बहिष्कार गरेको थियो। त्यसो त आन्दोलनको क्रममा क्याम्पस परिसरमा रहेको रत्नको सालिक पनि क्षतिग्रस्त भएको थियो। अखिल क्रान्तिकारीले शैक्षिक संस्थाबाट राजामहाराजाका सालिक हटाइनु पर्ने माग पनि उठाउँदै आएको छ।

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले निर्णय गरेपछि मात्र क्याम्पसको नाम परिवर्तन हुने प्रावधान छ। त्रिभुवन विश्वविद्यालयका उपकुलपति गोविन्दप्रसाद शर्मा, रेक्टर महेन्द्र सिंहलगायत पदाधिकारीले राजीनामा दिएपछि विश्वविद्यालय अहिले नेतृत्वविहीन अवस्थामा छ। विश्वविद्यालयमा नयाँ नेतृत्वले पदभार ग्रहण गरेपछि असार मसान्तसम्ममा विश्वविद्यालय र क्याम्पसहरूको नाम परिवर्तनको निर्णय हुने सम्भावना छ। अनेरास्ववियुले शिक्षामन्त्री मंगलसिद्धि मानन्धरलाई भेटी नाम परिवर्तनको विषयमा आफ्नो विचार राखिसकेको छ। ■


दीपेन्द्र पन्त


पूर्ण पौडेल


डम्मर राना


राजेन्द्र थापा


दीपक न्यौपाने


रामप्रसाद आचार्य


देशभक्त चापागाईं


अमर वि.क.

# अझै पत्ता लागेनन्

■ **गोविन्द परियार/काठमाडौं**


अमिर शाक्य


बाबुराजा माली


बैकुण्ठ भुजेल


आनन्द आचार्य

**बत्तीस महिनाअघि** सेनाले चावहिलबाट पक्राउ गरेको आफ्नो छोरो खोज्न काठमाडौंका सबै देशी-विदेशी मानवअधिकारवादी संस्था धाउँदा धाउँदै थकित भएका थिए, टीका कँडेल। जेठको पहिलो साता एक सैनिक जवानले उनको छोरालाई आफ्नै जिल्ला धादिङको बैरेनीस्थित नेपाल सेनाको ६ नं वाहिनीमा राखेको सूचना दिएपछि उनी एकाएक हर्षित भए। यो सूचनाले छोरा भेटिएला कि भन्ने आशा पलायो कँडेलमा। उनी धादिङ बेनीघाटबाट हतारहतार यो खबर सुनाउन ललितपुरस्थित राष्ट्रिय मानवअधिकार आयोगको कार्यालय आइपुगे र सबै सूचना बताइदिए।

आयोगले पनि घटनालाई गम्भीरतापूर्वक लिएर भोलिपल्टै एउटा अनुगमन टोली बैरेनी ब्यारेक पुऱ्यायो। तर, ब्यारेक पसेर तीन घन्टापछि बाहिरिएको आयोग अनुगमन टोलीले कँडेलको छोरा अमृतबारे केही पत्ता लगाउन सकेन। तर, चिनेजानेका त्यसमा पनि बैरेनी ब्यारेकमै काम गर्ने सिपाहीले दिएको सूचना गलत थियो भनेर मान्न कँडेल पटक्कै तयार भएनन्। र, उनले आयोग टोलीलाई सिपाहीसँगै भेटाइदिए। सिपाहीले टोलीलाई जानकारी दिए- अमृतसहित १५-१६ जनाको समूहलाई ब्यारेकभित्र त्रिशूली किनारमा बनाएको बंकरमा राखिएको छ। उनले बंकर कहाँ छ भन्ने नक्सा पनि बनाइदिए।

बंकरमा खाना पुऱ्याउने ड्युटी पर्दा ती सिपाहीले अमृतलाई चिनेका थिए। अमृतले घरपरिवारलाई आफू जिउँदै रहेको खबर पुऱ्याइदिन सिपाहीसँग आग्रह गरे। सूचना सहयोगपछि कँडेल परिवारले थाहा पायो, ३२ महिनाअघि बेपत्ता पारिएका आफ्ना प्रियजन बाँचेकै रहेछन्।

यो जानकारी र अमृतलाई राखिएको ठाउँको नक्सा नै पाएपछि आयोग टोली फेरि ब्यारेक पस्यो, उनीबारे केही थाहा लाग्ला कि भनेर। तर, निराशा ! कँडेल भन्छन्, 'ब्यारेक छिरेको एकै घन्टामा आयोगका मान्छेहरू रातो अनुहार लगाउँदै अत्तालिएर बाहिर निस्किए, मैले हतार हतार छोरो भेटियो भनेर सोधेँ तर उनीहरूले तत्काल जवाफ दिन सकेनन्।' कँडेललाई लाग्यो, छोरा त भेटिएछ तर कानुनी प्रक्रिया पुऱ्याएर सार्वजनिक गर्नु पर्ने भएकाले अहिले नभनेका होलान् ! तर, भएको के थियो भने सेनाले अमृतलगायत अन्य बन्दीलाई राखेको स्थान बंकरसम्मै पुग्न दिएको थिएन, आयोग टोलीलाई।

स्रोतका अनुसार सैनिक जवानले बनाएको नक्सा पछ्याउँदै उनीहरू बंकर खनिएको ठाउँमा जान खोज्दा सेनाले रोक्यो। प्रमुख सेनानीले त्यो क्षेत्रमा जान नमिल्ने र आफूलाई त्यो क्षेत्रमा प्रवेश गराउने अधिकार नभएको बताए। आयोग टोलीले ६ नम्बर वाहिनीका वाहिनीपति प्रदीपजंग थापासँग उक्त क्षेत्रमा प्रवेश गर्ने अनुमति माग्दा 'हामीले देखाएको ठाउँमा तपाईंहरू जाने हो, तपाईंले चाहेको ठाउँमा जाने होइन' भनेर प्रवेश निषेध गरे। स्रोतका अनुसार आयोगले थापालाई कारबाहीको लागि प्रक्रिया अगाडि बढाएको छ।

यो घटनाबारे आयोगसँग *समय*ले सम्पर्क गर्दा अनुसन्धान भइरहेकोले अहिले सबै कुरा भन्न नमिल्ने बतायो। आयोगले घटनाको एक सातापछि जेठ १६ गते मंगलवार त्यही क्षेत्रमा भ्रमण गर्दा उनीहरूलाई स्थानान्तरण गरिसकेकाले कोही पनि भेट्न नसकेको स्रोतले बताएको छ।

यो घटनाले मानवअधिकार आयोगमाथि अरू चुनौती थपेको छ। मानवअधिकारको रक्षा गर्न सैनिक ब्यारेकलगायतका सबै निकायमा खुलारूपमा विनासूचना भ्रमण गर्न पाउने कानुनी अधिकार आयोगसँग छ। तर, बैरेनीमा सेनाले भ्रमणमा लगाएको रोकले आयोगको अधिकार खुम्चिएको प्रस्टै देखिएको छ। आयोगले आफ्नो काम कारबाहीमा बाधा पुऱ्याउने ती अधिकारीलाई कारबाही गर्न नसक्ने हो भने भावी दिनमा आयोग झनै कमजोर सावित हुनेछ। अहिलेको बदलिँदो राजनीतिक अवस्थामा काममा बाधा पुऱ्याउने अधिकारीलाई सार्वजनिक गरेर आफ्नो अधिकार प्रदर्शन गर्ने अवसर पनि हो, आयोगका लागि।

ऐतिहासिक जनआन्दोलनबाट जनताको सरकार बन्दा पनि विगतमा राज्यद्वारा राजनीतिक आस्थाका आधारमा विभिन्न आरोप लगाएर बेपत्ता पारिएकाहरूको अवस्था सरकारले सार्वजनिक नगर्दा बेपत्ता पारिएका व्यक्तिका परिवारहरू थप आन्दोलनको तयारीमा जुटेका छन्। राजनीतिक बन्दीहरूलाई रिहा गर्ने र बेपत्ता पारिएकाको अवस्था सार्वजनिक गर्ने नीतिगत निर्णय सरकारले गरे पनि कार्यान्वयनको गति सन्तोषजनक छैन। माओवादी जनयुद्ध सुरु भएपछि राज्यद्वारा १ हजार ६ सय


अमृत कँडेल


ज्ञानेन्द्र त्रिपाठी


हरिप्रसाद आचार्य


लीला पाण्डे


पदम नकर्मी


प्रकाश घिमिरे


अर्जुन नेपाली


नन्दगोपाल माली


दिलबहादुर राई


रेनुका दुलाल


रेवकला तिवारी


सुनीता सापकोटा


दीपक पोखरेल


उज्वल वाहम

हाराहारीमा नागरिक गिरफ्तार पारेको तथ्यांक राष्ट्रिय मानवअधिकार आयोगले दिँदै आएको छ भने माओवादीले अपहरणमा लिएर रिहा नगरेकाहरूको संख्या ५ सय रहेको बताइएको छ । तीमध्ये राज्यद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका ५ सय ७० र माओवादीले अपहरण गरेका २ सय ९३ जनाको अवस्था अझै सार्वजनिक गरिएको छैन ।

सरकार-माओवादी शान्तिवार्ता सुरु भएको अवस्थामा समेत राज्य र माओवादी दुवैले विगतमा पक्राउ र अपहरण गरेकाहरूलाई रिहा गरेका छैनन् । माओवादीको नेतृत्व पंक्तिमा रहेका नेताहरू खुलेआम भएको अवस्थामा तल्लोस्तरका उनीहरूकै कार्यकर्ता भने अझै सुरक्षानिकायका आँखामा 'आतंककारी' नै भइरहेका छन् ।

राज्यले २०५८ सालदेखि बेपत्ता पारेका अधिकांशका बारेमा विगतमा कुनै जानकारी नदिने र सार्वजनिक गर्न उनीहरूका परिवार र मानवअधिकारवादी संस्थाहरूले बारम्बार अनुरोध गर्दा समेत अटेर गरेको छ । बेपत्ताको अवस्था सार्वजनिक गर्नुको साटो उल्टै उनीहरूको सुरक्षामा समेत खतरा हुने धम्की दिने गरेको पीडित परिवारहरूले *समय*लाई बताए । बारम्बार मानवअधिकारवादी संस्था र सुरक्षानिकायका कार्यालय धाउँदा थकित भएका पीडित परिवारहरूले दुई वर्षदेखि भने संगठितरूपमै बेपत्ता पारिएका परिवारजनको अवस्था सार्वजनिक गर्न सरकारलाई दबाब दिँदै आएका छन् । बेपत्ता पारिएका परिवार समाजका नाममा संगठित भएका पीडित परिवारहरूले संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगका कार्यालयका साथै सरकारलाई बारम्बार बेपत्ता पारिएका आफन्तहरूको अवस्था सार्वजनिक गर्न दबाबमूलक कार्यक्रम गर्दै आएका छन् ।

बेपत्ता पारिएका परिवार समाजले सरकारलाई सबै बेपत्ता भएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न गत मंगलवारसम्म अल्टिमेटम दिए पनि गृहमन्त्री कृष्ण सिटौलाले एक महिनाभित्रै बेपत्ता सबैको अवस्था सार्वजनिक गर्ने आश्वासन दिइएपछि अन्य संघर्षका कार्यक्रम रोकिएको छ । गृहले प्रवक्ता वामनप्रसाद न्यौपाने रहेको एक सदस्यीय बेपत्ता जाँचबुझ समिति बनाएको छ । न्यौपाने भन्छन्, 'बेपत्ता पारिएका भनिएकाहरूको बारेमा मानवअधिकारवादी संघसंस्था लगायतका सबै सरोकारवालाको सुझाव र सल्लाहअनुसार सार्वजनिक गर्ने प्रक्रिया थालनी गर्दै छौं ।' तर, बेपत्ता भएकाहरूको यकिन र चित्तबुझ्दो तथ्यांक गृहसँग पनि छैन । गृहमन्त्रीले असार पहिलो सातासम्म बेपत्ताको अवस्था सार्वजनिक गर्ने बताए पनि यसका लागि अहिलेसम्म कुनै प्रक्रिया सुरु भएको छैन । 'बेपत्ता पारिएका भनिएकाहरूको छानबिनपछि सार्वजनिक र रिहाइ प्रक्रिया अगाडि बढ्छ', न्यौपानेले दाबी गरे ।

उता अनेरास्ववियु क्रान्तिकारीले आफ्ना संगठनका पूर्व महासचिव पूर्ण पौडेल, केन्द्रीय सदस्यहरू विपीन भण्डारी, दिलबहादुर राई, ज्ञानेन्द्र त्रिपाठी लयायतका १५ जना केन्द्रीय नेताहरूसहित सम्पूर्ण बेपत्ताको अवस्था तत्काल सार्वजनिक गरी उनीहरूलाई रिहा गरेर वार्ताको वातावरण बनाउन सरकारसमक्ष माग राखेको छ । अनेरास्ववियु क्रान्तिकारीका अध्यक्ष लेखनाथ न्यौपाने भन्छन्, 'विगतमा सरकारमा बसेर हाम्रा नेता तथा कार्यकर्तालाई बेपत्ता पार्नेहरू नै अहिले सरकारमा भएको कारणले नैतिकताको आधारमा पनि बेपत्ता पारिएकाको बारेमा सरकार बोल्नु पर्छ ।' परिवर्तित राजनीतिक अवस्थामा सेनाले बेपत्ता पारेकाहरूको अवस्था सार्वजनिक गर्न गरेको आनाकानीले बेपत्ता पारिएकाहरूमध्ये अधिकांशको हत्या भएको आशंका गरिन्छ ।

न्यौपाने भन्छन्, 'अहिलेको परिवर्तित राजनीतिक अवस्थामा सरकार र माओवादीबीच हुने दोस्रो वार्तामा संवेदनशील र जिम्मेवार भएर बेपत्ताको बारेमा ठोस निर्णय गर्नु पर्छ ।' पक्राउ परेका नेता तथा कार्यकर्तालाई रिहा र बेपत्ताको अवस्था सार्वजनिक नगरे आफूहरू बाध्य भएर कडा कार्यक्रमका साथ सडकमा उत्रनु पर्ने न्यौपाने बताउँछन् । बेपत्ता पारिएकाहरूलाई सैनिक ब्यारेकमा बंकरभित्र कडा सुरक्षासाथ राख्ने गरेको ब्यारेकमा बसेर रिहा भएकाहरूले बताएका छन् । मानवअधिकार आयोगलगायतका अन्य मानवअधिकारवादी संस्थाहरूले जुनसुकै समयमा छापा मार्न सक्ने भएकाले उनीहरूलाई पटक पटक विभिन्न ब्यारेकमा स्थानान्तरण गरेर राख्ने प्रचलन छ ।

नेपालस्थित राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले सेनाको महाराजगन्जस्थित भैरवनाथ गणमा ४९ जना नागरिकलाई विभिन्न मितिमा राखेको र अहिले उनीहरूको अवस्था अज्ञात राखेर बेपत्ता पारेको प्रतिवेदन सार्वजनिक गरेको छ । उच्चायोगले उनीहरूको अवस्था तत्काल सार्वजनिक गर्न सरकारलाई सिफारिससमेत गरेको छ । कार्यालयका प्रमुख इयान मार्टिनले उनीहरूलाई बेपत्ता पार्ने तत्कालीन ब्यारेक प्रमुख कर्णेल राजु बस्नेतलगायत सम्बन्धित पदाधिकारीलाई मानवअधिकार उल्लंघनको आरोपमा कारबाही गर्नसमेत सरकारलाई सुझाव दिएको छ । तर, उच्चायोगको प्रतिवेदनमा बेपत्ता पारिएकी भनिएकी निर्मला भण्डारी भने रिहा भइसकेकी उनका दाजुले बताएका छन् । गणका पूर्व थुनुवाहरूको वयानलाई रिपोर्टको प्रमुख आधार बनाएकाले पनि प्रतिवेदनमा उल्लेख भएका सबै तथ्यांक सही होइनन् भन्ने आशंकालाई भण्डारीको घटनाले बल पुऱ्याएको छ । ■


भीम गिरी


सिएन


दण्डपाणि न्यौपाने


धीरज डंगोल


गणेश एलियास


अर्जुन पोखरेल


बद्रीनारायण


प्रतिमा गौतम


वासुदेव चुवाल


भूपेन्द्र उप्रेती


विपीन भण्डारी


हीराबहादुर रोक्का



▲जनतान्त्रिक तराई मुक्तिमोर्चाका जयकृष्ण गोइत

माओवादी नेता मातृका यादव▲

# मित्रताको हात

**माओवादीसँग हिंसा–प्रतिहिंसामा अल्झिएको जनतान्त्रिक तराई मुक्ति मोर्चा मातृका यादवको एउटा अनौपचारिक आह्वानमै कसरी एकताका लागि लालायित भयो ? यो प्रश्नको पेटारो खुलिसकेको छैन**

■ ओमआस्था राई/धरान, श्यामसुन्दर यादव/राजविराज

**माओवादीले मधेसमा** साम्प्रदायिक हिंसाको बीउ रोप्ने जनतान्त्रिक तराई मुक्ति मोर्चासँग मित्रताको हात बढाएको छ। मोर्चाले यसलाई सकारात्मक रूपमा लिँदै एकताका लागि चारबुँदे सर्त अघि सारेको छ। माओवादी र मोर्चाबीच एकता भए तराईमा जारी साम्प्रदायिक हिंसाको सिलसिला अन्त्य हुनसक्छ।

२०६१, साउन १० गते माओवादीबाट अलग भएर छुट्टै सशस्त्र विद्रोह थाल्ने उद्घोषका साथ जनतान्त्रिक तराई मुक्ति मोर्चा निर्माण गरेका जयकृष्ण गोइतले एकताका लागि राखेका चारवटै सर्त नीतिगतभन्दा प्राविधिक विषयमा केन्द्रित छन्। यसैले माओवादी र मोर्चाबीचको एकतामा तत्काललाई खासै ठूलो अवरोध देखिँदैन।

एक-अर्काविरुद्ध टिप्पणी र दोषारोपणको हद नाघेर हिंसा-प्रतिहिंसाको चरणमा पुगेका माओवादी र मोर्चाबीच एकताको पहलकर्ता हुन्, मातृका यादव। माओवादी केन्द्रीय सदस्य यादवले २०६३, वैशाख २८ गते कैदमुक्त हुनासाथ गोइतलाई मूलधारमा फर्काउने प्रयत्न सुरु गरेका थिए।

यादवले जेठ ७ गते सप्तरीको कनौठामा स्थानीय सञ्चारकर्मीहरूसँग कुरा गर्दै जनतान्त्रिक तराई मुक्ति मोर्चाका संयोजक जयकृष्ण गोइतलाई एकताका लागि आह्वान गरेका थिए। गोइतले यादवको आह्वानप्रति आफू उत्सुक रहेको जनाउँदै चारबुँदे सर्त अघि सारेका छन्, माओवादीसँग एकताका लागि।

गोइतले राखेका चारबुँदे सर्तमा माओवादीले वार्ताको औपचारिक आह्वान गर्नु पर्ने, एकता-वार्ताका लागि ठोस पद्धति निर्माण गर्नु पर्ने, माओवादी वार्ताटोलीको नेतृत्व मातृका यादवले गर्नु पर्ने, नियन्त्रणमा लिएका मोर्चाका सबै कार्यकर्तालाई निसर्त र अविलम्ब छाड्नु पर्ने छन्। सर्त खासै अप्ठ्यारो नरहे पनि माओवादीको आधिकारिक प्रतिक्रिया आउन बाँकी नै छ।

मातृका यादव मधेसी समुदायकै हुनु र उनीसँग गोइतको सम्बन्ध नराम्रो नहुनु पनि माओवादी र मोर्चाबीच एकताका थप आधार हुन्। यसबाहेक यादवसँग गोइतलाई मूलधारमा फर्काउने र तराईमा माओवादी पकड सुदृढ पार्ने दायित्व र चुनौती पनि छ। किनकि, माओवादीले यादवलाई मधेसी मुक्ति मोर्चाको अध्यक्ष बनाएपछि नै गोइतको असन्तुष्टि देखिन थालेको थियो।

मोर्चाका संस्थापक अध्यक्ष रहेका गोइतले आफूलाई नेतृत्वबाट हटाएर सल्लाहकारमा थान्को लगाइएपछि मधेसीका मुद्दाप्रति माओवादी संवेदनशील हुन नसकेको, पार्टीभित्र पहाडेको विभेद र शोषण बढेकोजस्ता गम्भीर आरोप लगाउँदै विद्रोह गरेका

थिए । उनले मधेसका भूभागलाई विभिन्न राज्य र प्रदेशमा विभाजन गर्ने माओवादी नीतिप्रति पनि गम्भीर आपत्ति जनाएका थिए ।

यादवकै पहलमा गोइतको चित्त बुझाउने प्रयास हुँदै थियो । २०५९, फागुन ३ गते नयाँ दिल्ली जाँदै गर्दा यादव पक्राउ परेपछि गोइतको चित्त बुझाउने पहल अर्को कुनै माओवादी नेताबाट भएन । त्यसैले झन्डै डेढ वर्षको आन्तरिक तयारीपछि गोइतले जनतान्त्रिक तराई मुक्ति मोर्चा जन्मिएको घोषणा गरे, जसले खासगरी सप्तरी र सिरहाको ग्रामीण क्षेत्रमा मधेसको नाउँमा साम्प्रदायिक हिंसाको सिलसिला सुरु गर्‍यो ।

शोषक र सामन्तको आरोपमा पहाडी मूलका नागरिकलाई अपहरण गरी पैसा असुल्दै आएको मोर्चाले २०६२, चैत ३० गते बसाहा-८, उदयपुरका राजु घिसिङको हत्या गरेको थियो । त्यसको ५ दिनपछि २०६३, वैशाख ४ गते बसाहा-८ कै दिनेश राउतको पनि हत्या गर्‍यो । 'स्वतन्त्र मधेस'को नाउँमा मोर्चाको धम्की, कुटपिट र अपहरणको सिकार हुनेको सूची तयार गर्ने हो भने ठूलै फेहरिस्त तयार हुन्छ ।

२०६२, माघ २४ गते सप्तरीको कञ्चनपुर-९, कठमहाल निवासी पूर्व प्रहरी सहायक निरीक्षक जितेन्द्र श्रेष्ठको अपहरणसँगै मोर्चाले 'पहाडेको सूची' तयार गरेको हल्ला फैलिएपछि आसपासका चार गाउँका बासिन्दा भेला भई प्रतिकारका निम्ति जुटेका थिए । माघ २९ गते रूपनगरस्थित शंकर माध्यमिक विद्यालयको मैदानमा भेला भएका गाउँलेले जितबहादुर श्रेष्ठको अध्यक्षतामा १६ सदस्यीय संयुक्त सुरक्षा समिति गठन गरेका थिए ।

पहाडेलाई साथ दिएको आरोपमा मोर्चा माओवादीविरुद्ध पनि खनियो । मोर्चाले माओवादी कार्यकर्ता इन्द्रदेव साफी र कमलेश यादवलाई पहाडेलाई साथ दिएको आरोपमा हत्या गर्‍यो । बदलामा माओवादीले मोर्चाका कार्यकर्ता जाकिर मन्सुरी र सरिभ मन्सुरीलाई २०६२, चैत २६ गते हत्या गर्‍यो । माओवादीसँग हिंसा-प्रतिहिंसामा अल्झिएको मोर्चा मातृका यादवको एउटा अनौपचारिक आह्वानमै कसरी एकताका लागि लालायित भयो ? यो प्रश्नचाहिँ निरुत्तरित नै छ ।

## दिगो सम्बन्धमा शंका

माओवादी र मोर्चाको एकता जति सजिलो देखिएको छ, आपसी सम्बन्ध उति दिगो हुनेमा चाहिँ शंकै छ । किनकि, मोर्चाले माओवादीसँग जनाएको नीतिगत विमति जयकृष्ण गोइतको चारबुँदे सहमतिमा समावेश छैन । उनले मुख्यतः झापादेखि कञ्चनपुरसम्मको भूमिलाई 'स्वतन्त्र मधेस'को रूपमा मागेका थिए । तर, माओवादीले मधेसभित्रै थारुवान र कोचिला प्रदेशको पनि व्यवस्था गरेको छ । यसैगरी सुनसरी, मोरङ र झापाका केही भागलाई मधेसमा नराखी किराँत प्रदेशमा गाभेको छ ।

माओवादी केन्द्रीय सदस्य गोपाल किराँती सिंगो समथर जमिनलाई एउटै मधेस घोषणा गर्नु पर्ने गोइतको माग मान्न नसकिने बताउँछन् । सबै समथर भूभाग मधेस नै भए पनि ऐतिहासिक कारण र जातीय बहुलताका आधारमा त्यसलाई विभाजन गर्नु पर्ने अवस्था रहेको किराँती बताउँछन् । किराँतीको भनाइले गोइतका प्रारम्भिक सर्त माओवादीका लागि स्वीकार्य भए पनि सम्बन्धको आगामी बाटो सहज नहुने प्रस्ट पार्छ ।

अर्कोतिर गोइत र प्रचण्डबीच विगतमा भएको आरोप-प्रत्यारोप पनि माओवादी र मोर्चाको सम्बन्धको तितो पाटो हो । गोइतले माओवादीबाट विद्रोह गरेकै बेला, प्रचण्डले उनलाई संकेत गर्दै 'केही साथीहरू भारतले उठाएको मधेस एउटै हुनु पर्छ भन्ने विषयमा बुझ्दै नबुझी बगेको' आरोप लाएका थिए । अर्कोतिर गोइतले 'तराई मुक्ति आन्दोलनविरुद्ध भीषण नरसंहार मचाउने नेपाली शासक र माओवादी एउटै सिक्काका दुई पाटा हुन्' भनी चर्को आलोचना गरेका थिए ।

त्यसो त मसिना प्राविधिक सर्त राखेर माओवादीसँग मिल्न जाँदा मधेसी समुदायमै गोइत व्यक्तिगत आकांक्षाका लागि राजनीति गर्ने व्यक्तिको रूपमा चित्रित हुने सम्भावना छ । कतिले गोइतलाई व्यक्तिगत इगोको आधारमा मोर्चा निर्माण गरेको आरोप लाएका छन्, नीतिगत विमति नसुल्झिँदै माओवादीसँग मिल्न जाँदा त्यो आरोपले वस्तुगत आधार प्राप्त गर्नेछ । ■



बुटवल भेलाका सहभागी ▶ जनमोर्चा कार्यकर्ताहरू



**२०५९ असारमा एकीकरण भएबाटै विवादमा मुछिएको जनमोर्चा पछिल्लो पटक माओवादीलाई हेर्ने दृष्टिकोण र सरकारमा सहभागी हुने–नहुने निर्णयसँगै चरम विवादबाट गुज्रिएको थियो ।**

# फेरि फुट

**मुलुकमा अग्रगामी निकासका लागि** राजनीतिक शक्तिहरू एकीकृत प्रयासमा जुटिरहेकै बेला अर्ध भूमिगत कम्युनिष्ट घटक नेकपा (एकताकेन्द्र-मसाल)को वैधानिक मोर्चा जनमोर्चा नेपाल औपचारिक रूपमा विभाजन भएको छ । सरकार र माओवादीबीच औपचारिक वार्ता सुरु भएकै दिन मोर्चा चिरा पर्‍यो ।

माओवादी उच्च नेताहरूका एक जमानाका राजनीतिक गुरु मोहनविक्रम सिंह पक्षधर जनमोर्चाका नेता कार्यकर्ताहरूले बुटवलमा छुट्टै राष्ट्रिय भेला आयोजना गरी विभाजनलाई औपचरिकता दिएका थिए । उक्त समूहको नेतृत्व पार्टी प्रवक्ता चित्रबहादुर केसीले गरेका छन् । भेलाको अगुवाइ एकता केन्द्र-मसालका महामन्त्री मोहनविक्रमको निर्देशनमा प्रवक्ता केसी, जनमोर्चाबाट कारबाहीमा परेका डिलाराम आचार्यहरूले गरेका थिए ।

२०५९ असारमा एकीकरण भएबाटै विवादमा मुछिएको जनमोर्चा पछिल्लो पटक माओवादीलाई हेर्ने दृष्टिकोण र सरकारमा सहभागी हुने-नहुने निर्णयसँगै चरम विवादबाट गुज्रिएको थियो ।

जनमोर्चाको ४६ सदस्यीय केन्द्रीय समितिमा एकीकरण गर्दा २३ जना मोहनविक्रम पक्षधर र २३ जना सहमहामन्त्री प्रकाश पक्षधर थिए । तर, विभाजनमा १३ जना केन्द्रीय सदस्य मात्र मोहनविक्रमका पक्षमा आएका छन् । मोहनविक्रम पक्षमा भनिएका केशव नेपाल र वेदनिधि तिवारी हाल प्रकाश पक्षधर मानिन्छन् भने एकताकेन्द्र-मसालको तेस्रो धार रामसिंह श्रीसको पक्षमा महासचिव नवराज सुवेदीसहित ९ सदस्य छन् । विभाजनपछि जनमोर्चा नामबाटै दुई मोर्चा क्रियाशील भएका छन् । मूल जनमोर्चा नेपालको नेतृत्व अमिक शेरचनले गरेका छन् ।

तर, विभाजित समूहका अध्यक्ष केसीले दाबी गरेका छन्, 'वैधानिक मोर्चा हामी हौं, प्रतिनिधिसभा र सात दलमा हाम्रो नै वैधानिक हैसियत रहनेछ ।' तर, अमिकपक्षीय मोर्चाका महासचिव नवराज सुवेदी केसीको दाबीलाई हास्यास्पद बताउँछन् । उनी भन्छन्, 'दुई तिहाइ सदस्य हाम्रो पक्षमा छन् । कसरी उनीहरू वैधानिक हुन्छन् ?' उनले कारबाहीमा परेकाहरूले गरेको निर्णय कसैका लागि मान्य नहुने बताए ।

बुटवल भेलामा मोहनविक्रम पक्षधरबाहेक कोही पनि सहभागी थिएनन् । आलोचकहरूले उनीहरूलाई 'एकीकरणअघिका मसाल पक्षका सीमित नेता तथा कार्यकर्ता' भनेका छन् । बुटवल भेलामा ५५ जिल्लाका २ सय १३ सहभागी थिए । संस्थापन पक्षले कारबाही गरेका सांसद डिलाराम आचार्यको संयोजकत्वमा भेला भएको थियो ।

भेलामा डिलाराम आचार्य, मनोज भट्ट, गोविन्दसिंह थापालगायत केन्द्रीय सदस्यहरू जनक शर्मा, लोकेन्द्र लम्साल, वीरबहादुर गोले, बोमबहादुर खत्री, सागर केसी, नन्दराम भट्ट, जीवन राना र तिलक जिसी लगायतले फुटको औचित्य पुष्टि गर्ने प्रयास गरेका थिए । उक्त खेमामा सक्रिय सांसद आचार्यले आफूहरूमाथिको कारबाही पार्टीले नभई व्यक्तिले गरेको आरोप लगाए । 'सत्तालिप्सामा फसेकैले विभाजनको बाटो देखाएका हुन्', आचार्यले सरकारमा जाने निर्णय गरेका व्यक्तिहरू जनमोर्चाका नभएको उल्लेख गर्दै भने, 'हामी प्रतिपक्ष बन्न पनि जनमोर्चा पुनर्गठन गरेका हौं ।'

मोर्चा विभाजनपछि जिल्ला जिल्लामा पनि त्यसको असर पुगिसकेको छ र स्थानीयस्तरमा चरम झगडा, आरोप प्रत्यारोप झन् बढेको छ । आफ्नो मोर्चाको पक्षमा अधिक जिल्ला समितिहरू रहेको विभाजित मोर्चाले जनाएको छ ।

केसीले नेतृत्व गरेको जनमोर्चाका पदाधिकारीहरूमध्ये उपाध्यक्षहरूमा गोविन्दसिंह थापा, रश्मिराज नेपाली, मनोज भट्ट, वीरबहादुर गोले र शंकर बराल, महासचिवमा डिलाराम आचार्य, कोषाध्यक्षमा बोमबहादुर केसी, सचिवहरूमा हरि आचार्य र जनकराज शर्मा छन् ।

त्यस्तै नन्दराम भट्ट, तीलक जिसी, सागर केसी, लोकेन्द्र लम्साल, जीवन राना, कलाधर देवकोटा, देवजंग शाही, लाालबहादुर जाग्री, नीमबहादुर बुढा, मीना पुन, धनरुपा विक, भरत पौडेल, आनन्द शर्मा, कृष्ण थापा, डम्मर पुरी, शेरबहादुर बिसी, चन्द्रबहादुर केसी, दुर्गा पौडेल, करण थापा, इन्द्रमणि पौडेल, भरत भण्डारी, योगेन्द्र ढकाल, हुकुमबहादुर सिंह, दुर्गा तिरुवा, रत्नविक्रम प्यासी र तुल्सी सापकोटाहरू केसी पक्षीय केन्द्रीय समितिमा छन् ।

विभक्त मोर्चाको सल्लाहकार परिषद्मा अध्यक्ष दधिराम आचार्य, सचिव विमल शर्मा, सदस्यहरू नारायण योगी, गिरिधारीलाल न्यौपाने, जितेन्द्र सिंह, टेकबहादुर आले, लाहानु चौधरी, पुरुषोत्तम कँणेल र सुरेश थापा छन् । मोर्चाले चित्रबहादुर केसीलाई संसदीय दलको नेता चयन गरेको छ ।

तर संसद्मा प्रतिनिधित्व गर्ने ६ सांसदमध्ये तीन-तीनजना विभक्त भएको अवस्थामा संसद्मा कसले आधिकारिक हैसियत हात पार्ने हो ? दुवैका लागि चुनौती भएको छ । ६ जना सांसदमध्ये चित्रबहादुर केसी, डिलाराम आचार्य र हरि आचार्य चित्रबहादुरको मोर्चामा र नवराज सुवेदी, लीलामणि पोखेल र परि थापा अमिकको मोर्चामा बाँडिएका छन् ।

पार्टी प्रवक्ता तथा विभक्त मोर्चाका अध्यक्ष केसीले संस्थापन पक्षले पार्टी एकीकरणदेखि नै यस्तो मौका पर्खेकाले कारबाही गरेको बताए । 'हामीले सरकारमा गएमा पार्टीका नीति लागू गर्न नसकिने जनाउँदै असहमति जनाएका थियौं', केसीले भने ।

विभक्त मोर्चाले अमिक पक्षलाई लगाएको सबभन्दा ठूलो आरोप थियो, मोर्चालाई माओवादीको वैधानिक मोर्चा बनाउने षड्यन्त्र गरेको भन्ने ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)



तस्वीरहरू : समय

▲ जोरपाटीमा भएको नबिल बैंक लुटपाटमा प्रयोग गरिएको माइक्रोबस

# अपराध मात्रै हो त ?

■ छत्र कार्की, गोविन्द परियार/काठमाडौं

**राजधानीमा दुई सातायता हत्या, लुटपाट र तोडफोडका घटनाहरू एकपछि अर्को गरेर भइरहेका छन् । पछिल्लो समयमा आपराधिक गतिविधि ह्वात्तै बढ्नु र सर्वसाधारणले जीउधनको असुरक्षा महसुस गर्नुका पछाडि के कारण छ ? यो प्रहरी-प्रशासनको अक्षमता र महानगरमा हुने अपराधमात्रै हो त ?**

**राजाका अधिकार** कटौती गरी जनतालाई अधिकार सम्पन्न बनाउन जनआन्दोलनपछि पुनःस्थापित प्रतिनिधिसभाले गरेको ऐतिहासिक घोषणापछि राजधानीमा लुटपाट, हत्यालगायत आपराधिक घटना शृङ्खलावद्धरुपमा भइरहेका छन् । दिनहुँजस्तो यस्ता घटना भइरहे पनि प्रहरी र प्रशासन अपराधी समात्न र स्थिति नियन्त्रण लिन असफल रहेकाले राजधानीवासीका लागि जीउधनको सुरक्षा अहिले चिन्ताको विषय भएको छ ।

पछिल्लो समयमा लुटेराहरूको समूहले नेपाल बैक लिमिटेडको क्षेत्रपाटी शाखाबाट ११ लाख रूपैयाँ लुटेको ४ दिनपछि नबिल बैकको जोरपाटी शाखाबाट २६ लाख रुपैयाँ लुट्ने प्रयास गरेका छन् । लुटपाटको क्रममा दुई साताभित्र पर्यटन व्यवसायी दावाछिरिङ शेर्पा, कांग्रेस कार्यकर्ता श्रीस पोखरेललगायत ५ व्यक्तिको ज्यान गइसकेको छ । आपराधिक गिरोहले व्यक्तिगत सम्पत्तिका साथै बैकिङ क्षेत्रलाई समेत निशाना बनाउन थाले पनि प्रहरीले आवश्यक सतर्कता अपनाउन नसकेको गुनासो छ । आपराधिक घटनाको आयतन निरन्तर बढिरहँदा पनि प्रहरी प्रशासनले आपराधिक गिरोहको खोजी गर्ने गति भने कछुवाको छ । राजधानीमा यस्ता घटना बारम्बार दोहोरिनुमा प्रहरी प्रशासनको अक्षमता र अपराधिक मानसिकतामात्र कारक नरही अस्थिरता फैलाउन चाहने गिरोहको समेत हात रहेको आशंका गरिएको छ ।

पछिल्लो समयमा राजधानीमा पेशेवर लुटेराहरूको समूहले उत्पात मच्चाएको छ । यो सातामात्रै भएका व्यक्तिगत लुटपाटका यस्ता घटनाहरूमध्ये केहीमा त लुटेराले लाखौं रुपैयाँ कुम्ल्याएका छन् । काठमाडौं महानगरपालिका-३४ शान्तिनगर बस्ने निम पासाङको घरबाट करिब २० लाख १४ हजार रुपैयाँ बराबरको धनमाल लुटपाट भएको छ । करिव १० जनाको समूहमा आएका नकावधारी व्यक्तिहरुले घरको झ्याल फोडी भित्र प्रवेश गरी परिवारका सदस्यलाई नियन्त्रणमा लिई ४ लाख ५० हजार रुपैयाँ नगद, भिडियो क्यामेरा २ थान, मोवाइल २ थान, मुगाको माला १ थान, सिमाला १ थान गरी उक्त रुपैयाँ बराबरको धनमाल लुटी फरार भएको बताइएको छ । त्यस्तै, ललितपुर जिल्ला सैंबु गाविस-

# नाटकीय रूपमा लुटपाट

**जेठ १७ गते** बिहान सवा ११ बजे एउटा माइक्रोबस हुइँकिँदै आएर जोरपाटीस्थित नबिल बैंकअगाडि रोकियो। त्यहाँ रहेका सर्वसाधारणले अरू माइक्रोबसझैं त्यो पनि यात्रु लिएर आएको होला भन्ने ठाने। तर, पेसेवर लुटेराको जत्थाले बैंक लुट्ने योजनाका साथ माइक्रोबस रिजर्भ गरेर ल्याएको थियो। माइक्रोबसबाट ओर्लिनासाथ पेस्तोल, रिभल्वरलगायत हतियारले सुसज्जित बाह्रजना सम्मिलित लुटेरा समूह बैंकभित्र छिर्न खोज्दा त्यहाँ रहेका सुरक्षाकर्मीले रोक्नको लागि हरसम्भव प्रतिरोध गरेका थिए। त्यही क्रममा लुटराले चलाएको पेस्तोलको गोली लागेर कार्यकक्षमै ढलेका सुरक्षाकर्मी प्रेम तामाङ र तेजबहादुर थापाको उपचारको लागि अस्पताल लाँदै गर्दा बाटैमा मृत्यु भयो।

सुरक्षागार्डलाई ढालिसकेपछि लुटेराहरूले काउन्टर कब्जामा लिई बैंक कर्मचारीलाई आतंकित बनाई करिब २६ लाख रुपैयाँ लुटेका थिए। त्यहाँ उनीहरूले ढोका फुटाउनुका साथै कम्प्युटरलगायत सामानमा क्षति पुऱ्याएका थिए। लुटेराहरू भित्र पसेर भुइँ र पहिलो तल्लामा लुटपाट गर्न थालेको ५ मिनेट नबित्दै नियमित गस्ती गरिरहेका वडा प्रहरी कार्यालय बौद्धबाट प्रहरी त्यहाँ पुगेका थिए। प्रहरीले लुटेरामाथि कारबाही थालेपछि उनीहरू भागेका थिए। भाग्न लागेका लुटेराहरूमाथि प्रहरीले फायरिङ गर्दा गोली लागेर गम्भीर घाइते भएका माइक्रोबस चालक छेवाङ तामाङ पनि मारिएका छन्। यद्यपि, प्रहरीले लुटेराहरूले चलाएको रिभल्वरबाट छेवाङको मृत्यु भएको जनाउँदै आएको छ।

बैंक लुटेपछि भागेका लुटेरालाई वडा प्रहरी कार्यालय बौद्धको टोलीले पिछा गरेको थियो। जोरपाटीस्थित बाहुनधारामा पुगेपछि वडा प्रहरीका इन्स्पेक्टर राजकुमार वैदवारको नेतृत्वमा रहेको टोली र लुटेराबीच केही समय दोहोरो फायरिङसमेत भएको थियो। आखिरमा ट्याक्सीमा रहेका दुईजना लुटेरालाई रकमसहित पक्रेर प्रहरीले सफलता हासिल गरेका थिए। एक सातायता मात्र सरुवा भएर काठमाडौंको बौद्धमा आएका प्रहरी निरीक्षक राजकुमार वैदवारले छोटो अवधिमा रामै सफलता हात पारे, नबिल बैंक लुटेराहरू पक्राउ गरेर। राजधानीकै सबैभन्दा बढी अपराध हुने क्षेत्रका रूपमा चिनिने बौद्धमा प्रहरी निरीक्षक हुनु साँच्चिकै ठूलो जोखिम पनि हो।

राजधानीमा विगत केही दिनदेखि बढेको अपराधलाई ध्यान दिएर उनले नबिल बैंक जोरपाटी शाखाका कर्मचारीहरूलाई बैंक लुट्न आए भने कसरी बच्ने र कसरी सुरक्षाकर्मीलाई खबर गर्ने भन्ने ओरेन्टेसन दिएका थिए। तर, विडम्बना अपराधीहरूले त्यसको तेस्रो दिनमै बैंक लुट्ने प्रयास गरे। वैदवार भन्छन्, 'यसै त संवेदनशील क्षेत्र त्यसमा पनि राजधानीका विभिन्न भागमा लुटपाट र आपराधिक क्रियाकलाप बढ्न थालेपछि हामीले बैंक र ठूलो रकम कारोवार हुने व्यापारिक गृहवरपर सिभिलमा सुरक्षाकर्मी परिचालन गरेका थियो।' तर मोफसलबाट राजधानी सरुवा भएका वैदवारको लुटेरा पक्रने रणनीति पहिलो पटकमै सफल भयो। यसले गर्दा बैंकमा लुटेराहरू पसेको ५-७ मिनेटभित्रै सुरक्षाकर्मी घटनास्थल पुग्न सक्यो। उनी भन्छन्, 'सूचना पाउनेबित्तिकै हाम्रो मोवाइल गस्तीले बैंकमा घेरा हालिहाल्यो, तर पछाडिको ढोकाबाट धेरै जसो लुटेरा भाग्न सफल भए।' प्रहरी प्रशासनको विरोध भइरहेको समयमा जोरपाटी घटनाले प्रहरीलाई अपराधी खोज्न हौसला मिलेको छ। वैदवार भन्छन्, 'घटनाका दुईजना योजनाकारलाई नै पक्राउ गर्न सफल भयौं। यसले आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन थप प्रेरणा मिलेको छ।'

बैंकमा लुटेको २६ लाख हाराहारीको रकम लिएर ट्याक्सीमा भागेका लुटेराहरूलाई उनकै नेतृत्वको टोलीले घटनास्थलभन्दा पाँच सय मिटर पर पक्राउ गरेको थियो। नबिल बैंकका लुटेरामध्ये प्रहरीले पक्राउ गरेकोमा सशस्त्र प्रहरीका पूर्व हवल्दार देवराज भट्टराई र माओवादी पूर्व प्लाटुन कमान्डर अजय राई भएको उपत्यका अपराध अनुसन्धान शाखा हनुमान ढोकाले जनाएको छ। भट्टराई जेठ ४ गतेदेखि कार्यालय उपस्थित नभएको जनाइएको छ। अजितले आफूलाई पूर्व कार्यकर्ता बताए पनि माओवादीले भने अजय नाम गरेको प्लाटुन कमान्डर जनकपुर क्षेत्रमा नरहेको जनाएको छ। केही समयअघि अखिल क्रान्तिकारीले माओवादीको नाममा सल्लाघारीमा चन्दा उठाउँदै गरेको अवस्थामा सिपाही रोदनकुमार राईलाई पक्राऊ गरी सार्वजनिक गरेको थियो। घटना भएको केही समयपछि उपत्यका सशस्त्र वाहिनी सानो गौचरणबाट सशस्त्र प्रहरी र उपत्यका अपराध अनुसन्धान हनुमानढोकाबाट पनि प्रहरी त्यहाँ पुगेर कुकुर झिकाई अपराधी पत्ता लगाउने काममा तदारुकता देखाएका थिए। प्रहरीले पक्राउ परेका लुटेराबाट २५ लाख ५४ हजार ४ सय ८२ रुपैयाँ नगदसहित एमएस पेस्तोल, रिभल्वर र कट्टुवा पेस्तोल पनि बरामद गरेका थिए। त्यसैगरी घटनास्थलमा ३ थान खुकुरी, झोला, टोपी र मुकुन्डो फेला परेका थिए। ■



४ भैंसेपाटीस्थित शैलेश प्रधानको घरबाट करिव १ लाखभन्दा बढी रुपैयाँ लुटपाट भएको छ। राति करिव साढे दुई बजे अपरिचित ५ जना व्यक्तिले उनको घरको झ्याल फोडी भित्र प्रवेश गरी रड र खुकुरी देखाई दराजमा रहेको ५० हजार रुपैयाँ नगद र सुनका गहना लुटेका थिए। पासाङ र शैलेशको पीडित परिवार त केही नमुना मात्र हुन्, हरेक दिन चोरीबाट पीडित परिवारको संख्या थपिइरहेको छ। उपत्यका अपराध अनुसन्धान शाखाका डीएसपी प्रद्युम्नकुमार कार्की भन्छन्, 'अहिले उपत्यकामा सक्रिय भएर लुटपाटमा उत्रिने व्यक्तिहरूमध्ये अधिकांश पेशेवर नै छन्।'

लुटपाट र हिंसा भड्काउने काममा लोकतन्त्र विरोधीहरूको समेत सक्रियता रहेको आरोपसमेत सुनिन थालेको छ। प्रतिनिधि सभाको घोषणापछि परिवर्तन नरूचाउने निरंकुशताका पक्षधर समूह सडकमा टायर बालेर यातायत अवरुद्ध गराउने मात्र होइन अस्पताल, व्यापारिक प्रतिष्ठानमा समेत तोडफोड र लुटपाट गरेर सरकारलाई बदनाम गराउने अभियानमा सक्रिय भएको आरोप लाग्न थालेको छ।

राजधानीमा आपराधिक प्रवृत्तिका घटना दोहोरिँदै गएपछि सदनमा समेत सुरक्षा अवस्थावारे गम्भीर प्रश्न उठेको थियो। सांसदहरूले बिग्रदो सुरक्षास्थितिबारे गृहमन्त्रीबाट जवाफ माग गर्दै अस्थिरता निम्त्याउन खोज्ने तत्वको पहिचान हुनुपर्ने विचार राखेका थिए। प्रहरीलाई परिचालन गरेर



स्थिति सामान्य बनाउन नसक्नुलाई गृहमन्त्री र सरकारको अक्षमता भन्दै आलोचनासमेत गरिएको थियो। अपराधका घटना दिनदिनै बढ्न थालेपछि गत बुधवार गृहमन्त्री कृष्णप्रसाद सिटौलाले प्रहरी प्रधान कार्यालयमा वरिष्ठ अधिकृतहरुलाई सजग भएर काम गर्न निर्देशन दिएका थिए। उनले आफ्नो कर्तव्य पालना नगरी जनआन्दोलनको भावनाविपरीत कार्य गर्ने जो कोहीलाई कडा कारवाही गर्ने चेतावनी दिएका थिए।

जनआन्दोलनपछि बनेको सरकारले प्रहरी महानिरीक्षक श्यामभक्त थापा, सशस्त्र प्रहरी महानिरीक्षक सहवीर थापा, एआइजी राजेन्द्रबहादुर सिंहलगायत उच्च अधिकृतहरूलाई निलम्बन गरेपछि प्रहरी संगठनमा अन्योल रहेको मौकाको फाइदा पेसेवर अपराधीहरुले उठाएको तर्क पनि गरिन्छ। सरकारले उच्च अधिकृतलाई निलम्बन गरेको अवस्थामा मनोबल घटेर पनि प्रहरी कार्यक्षेत्रमा सक्रियरुपमा नखटेको प्रसंग पनि चर्चामा छ। तर, केही व्यक्ति हट्दैमा प्रहरी संगठनमा भुइँचालो आउने स्थिति भने नरहेको एक प्रहरी अधिकारी बताउँछन्। निलम्बित अधिकृतहरूको अगुवाइमा बहालवाला अधिकृतहरूसमेत प्रहरी संगठन भाँड्ने अभियानमा लागेका विषय भने प्रहरी वृत्तमा व्याप्त छ। केही दिनअघि त्यस्ता व्यक्तिलाई कारबाही गरिने जानकारी दिएका थिए, कार्यवाहक महानिरीक्षक ओमविक्रम राणाले।

त्यसैले पेसेवर अपराधीसँगै स्थिरता नचाहने असन्तुष्ट पक्ष सांघातिक आक्रमण, लुट, हत्यालगायत क्रियाकलापमा संलग्न रहेको आशंकामा गर्नेहरु पनि कम छैनन्। हालैमात्र सरकारले ४७ एसपी र ८६ डीएसपीलाई विभिन्न स्थानमा गरेको सरुवा प्रक्रियामा असहमतिको कुरा उठेको छ। प्रहरी प्रशासनमा पार्टीगत अभ्यास सुरु गरियो भन्ने आरोप पनि लागेको छ सरकारलाई। सदनमा गृहमन्त्री सिटौलाले सेना परिचालन नगरिएको बताए पनि सेनाले राजधानीमा जाँचपड्ताल जारी राखेको अवस्थाले समेत प्रहरीले हीनताबोध महसुस गरेको हुनुपर्छ। पछिल्ला दिनमा प्रहरी र सेनामा कार्यरत जवान र माओवादीका पूर्व कार्यकर्तासमेत लुटपाटमा संलग्न रहेको भेटिएको छ। समाजशास्त्री प्रा. डिल्लीराम दाहाल भन्छन्, 'सुरक्षा निकाय र विद्रोही लुटपाटमा मुछिनुले सही निकासको सम्भावनालाई साँगुरो पार्न सक्छ।'

लुटपाटमा संलग्न पेसेवर अपराधी जोगाउन प्रहरीको हात हुन्छ भन्ने आरोप लागिरहेको बेला प्रहरीको शंकास्पद भूमिकाको आलोचना भएको छ। उपत्यकामा कुन कुन गिरोह चोरी डकैती र हत्यामा संलग्न हुन्छ भन्ने रेकर्ड प्रहरीमा हुन्छ। प्रहरीले तदारुक भएर काम गर्ने हो भने अपराधी उम्किने अवस्था नआउन सक्छ। जनआन्दोलनको बलमा बनेको वर्तमान सात दल गठबन्धनको सरकारलाई असफल गराई धमिलो पानीमा माछा

## मृत्युको मुखबाट बचेँ

**■ संजयबहादुर थापा**

**५० वर्ष, घटनाका प्रत्यक्षदर्शी सुरक्षागार्ड**



**बिहान करिब एघार बजेको थियो।** बैंकिङ कारोवार भइरहेका थिए। एक्कासि ढोकाको झ्याल फुटेर गोली बैंकभित्र पस्यो। म काउन्टरको अगाडि बन्दुकसहित डिउटीमा बसेको थिएँ। करिब १०-१२ जनाको समूह बन्दुक पड्काउँदै भित्र पस्यो। ढोकामा डिउटीमा बसेका मेरा साथीले रोक्ने प्रयास गरेर उनीहरूलाई धकेल्न खोज्दा एक राउन्ड गोली उनको छातीमा हानिहाले।

उनीसँगै अर्का सुरक्षा गार्ड पनि थिए। उनीमाथि पनि गोली प्रहार गरे। कोही बैंकको नगद काउन्टरतिर गए भने कोहीले पेस्तोलले भित्तातर्फ फायर गर्न थाले। त्यसपछि म यो खबर प्रहरीलाई जानकारी दिनु पर्‍यो भनेर होसियारीसाथ भऱ्याङ चढेर माथिल्लो तला गएँ र त्यहाँबाट झ्याल खोलेँ, बैंक लुटियो प्रहरीलाई खबर गर्नु भनेर कराएँ। त्यसको ५ मिनेटपछि प्रहरीको भ्यान साइरन बजाउँदै आयो। म तल्लो तलामा झरेँ, म झर्दा ७-८ जना पछाडिको ढोकाबाट भागिरहेका थिए। म नगद काउन्टरमा पुग्दा मेरा दुवैजना साथीको शरीरबाट रगत बगिरहेको थियो भने भुइँ रगताम्मे थियो।

त्यस बेला प्रहरी र लुटेराहरूबीच बैंकको मुख्य गेटमा दोहोरो फायरिङ भइरहेको थियो। त्यति खेरै बैंकअगाडि सडकमा राखिएको माइक्रोबसका चालकको शरीरबाट पनि रगत बगेको थियो। त्यसपछि प्रहरी र मलगायत बैंकका कर्मचारी र छिमेकीले गोली लागेकाहरूलाई हतार हतार अस्पताल लग्यौं। दुर्भाग्यवश ! अस्पताल लाँदा लाँदै उनीहरूको बाटोमै मृत्यु भयो। साथीहरूलाई गुमाए पनि म भने मृत्युको मुखबाट बच्न सकेँ।

मार्न लोकतन्त्रविरोधी तत्वहरु चलखेल गरिरहेकाले यस्ता घटनामा तीव्रता आएको होइन भनेर प्रहरीले प्रमाणित गराउन सकेको छैन । जनआन्दोलनमा व्यापक दमनको आरोप खेपेको सुरक्षा निकायको परिवर्तित राजनीतिक अवस्थामा मनोवल गिरेको छ र त्यसको फाइदा आपराधिक गिरोहहरुले सफलतापूर्वक लिन थालेका छन् ।

विश्लेषकहरु वर्तमान सरकारलाई असफल वनाउन विगतको प्रतिगामी सरकारका सहयोगीहरुको समूहसमेत यो आपराधिक गिरोहसँग साँठगाँठ भएको बताउँछन् । कतिपय जनआन्दोलनमा सक्रिय व्यक्तिहरुलाई समेत आपराधिक गिरोहले धम्क्याउनेलगायतका व्यवहार गर्दै आएका छन । सांसद शिव हुमागाईलाई संसद् भवनवाट घर फर्कदै गर्दा घट्टेकुलोमा पेस्तोल देखाइएको थियो भने पछिल्लो समयमा कीर्तिपुरमा प्राध्यापक कृष्ण खनाल समेत त्यसको सिकार भएका थिए । राजनीतिक परिवर्तनसँगै शान्ति र अमनचयन खोजेका राजधानीवासीले निरन्तर त्रास र आशंकामा रुमालिनु परेको छ । खुलेआम हतियार प्रयोग गरेर मानिसको हत्या हुने, वैक लगायतका वित्तीय संस्था र व्यापारिक गृहमा लुटपाट गर्नेजस्ता कार्य जारी छ ।

आपराधिक गिरोहले राजधानीका मेडिकल कलेजहरुलाई २० लाखदेखि १ करोड रुपैयाँसम्मको रकम चन्दा दिन लिखित पत्र काटेका छन् । पत्रमा पैसा दिन आनाकानी गरेमा ज्यानसमेत लिन सकिने चेतावनी दिएका छन् । यो पत्र कलेजहरुले पाएलगत्तै नेपाल मेडिकल कलेजका अध्यक्ष हेमांग दीक्षितमाथि गोली प्रहार भएको थियो । यो घटनाले काठमाडौंका मेडिकल कलेजका संचालकहरु त्रसित भएका छन् । सुरक्षाको लागि सरकारलाई बारम्बार जानकारी गराए पनि दिनदिनै राजधानीमा बढ्दै गएको आपराधिक घटनाले आफूहरु थप जोखिममा परेको उनीहरुले बताएका छन् । पछिल्लो समयमा प्रहरीले यस्ता आपराधिक क्रियाकलापमा सहभागी भएको हुनसक्ने शंकामा १ सय १६ जनालाई पक्राउ गरेको छ । अपराध अनुसन्धान शाखाका डिएसपी पीताम्वर अधिकारी भन्छन्, 'पक्राउ परेका अपराधीहरु विगतमा राजधानीमा भएका अपराधमा समेत संलग्न भएका हुन् ।' अहिले राजधानीमा पूर्व सुरक्षाकर्मी तथा पूर्व माओवादी कार्यकर्ता सहितको आपराधिक समूहहरु सकृय भएको देखिएको अधिकारी बताउँछन् । वैक लुट्न आउने गिरोहहरुले विगतमा माओवादीले वैक लुट्दा अपनाउने शैली प्रयोग गरेको प्रहरीको ठहर छ ।

मुलुकका चलेको द्वन्द्व हल गर्न संविधानसभामा जाने निर्णय भइसकको छ । माओवादी र सरकारबीच पहिलो चरणको वार्ता सकिए पनि मुलुक संक्रमणको अवस्थाबाट गुज्रिरहेको छ । संक्रमणकालीन अवस्थामा फाइदा उठाउन खोज्ने आपराधिक गिरोहका कारण राजधानीमा लुटपाट, हत्याका घटना बढिरहेका समाजशास्त्री प्रा. डिल्लीराम दाहालको धारणा छ । उनी भन्छन्, 'सरकार कहिले कमजोर हुन्छ र बढी फाइदा लिन पाइन्छ भनी आपराधिक तत्व सधैं टाउको उठाएर बसेको हुन्छ, त्यही आपराधिक समूह अहिलेको घटना गराउन लागी परेको छ ।' चोरीडकैतीका घटना बढ्नुमा अहिले बढिरहेको बेरोजगारी समस्याले पनि प्रमुख भूमिका खेलेको विज्ञहरू बताउँछन् । बेरोजगार युवाले पैसा जुटाउने सजिलो माध्यमका रुपमा चोरीडकैतीलाई अपनाउने गरेको पाइएको छ । लुटेरा समूह हतियारसहित पक्रिएको उल्लेख गर्दै समाजशास्त्री प्रा. दाहाल भन्छन्, 'नागरिकसँग हातहतियार छैन, त्यसैले हतियारसहित लुटपाटमा उत्रनेमा सेना, प्रहरी र माओवादी नै हुन सक्छन् ।'

सरकारले राजधानीमा भइरहेको हत्या, लुटका घटना नियन्त्रण गर्न विशेष चासोका साथ लाग्नुपर्ने माग आम सर्वसाधारणको छ । त्यस्ता अवाञ्छित गतिविधिमा लागेका जोसुकै व्यक्तिहरूलाई कडा कारबाही हुनुपर्ने माग उठिरहेको छ । आम जनताले प्रहरीबाट परिवर्तित सन्दर्भमा अझै गहन र सहयोगी भूमिकाको आशा



जोरपाटीस्थित नविल बैंक लुटपाट प्रकरणमा समातिएका अभियुक्तहरू

गरेका छन् र त्यसको लागि सरकारले पनि समन्वय गर्नुपर्ने देखिन्छ । प्रहरी संगठनलाई व्यक्तिबाट नभई निश्चत प्रणालीबाट सञ्चालन गरिनुपर्छ । यसो भएमा प्रहरी संगठन साँच्चिकै सबल हुने देखिन्छ । एक प्रहरी अधिकारी भन्छन्, 'केही प्रहरी अधिकृत लोकतन्त्र मासिएर फेरि प्रतिक्रान्ति होला भन्ने मानसिकताले गर्दा अराजक गतिविधि टुलुटुलु हेरेर बसेका हुन सक्छन्, प्रहरीकै असहयोगी रवैयाका कारण प्रतिक्रान्तिको सपना नदेखे हुन्छ, जनता धेरै अघि बढिसकेका छन् ।' ■


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| धरानबाट | बिहान ४.२० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| | | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| | | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | | |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*



तेजबहादुर बस्नेत

▲ सरकार र माओवादीबीच भएको पहिलो चरणको वार्तामा दुवै पक्षका सहभागीहरू

# माओवादीको आलोचना

■ विश्वमणि पोखरेल/काठमाडौं

**गृहमन्त्री एवं सरकारी** वार्तोटोलीका नेता कृष्णप्रसाद सिटौलाले शान्तिवार्ता सुरु भएको तेस्रो दिन सरकार र माओवादीबीच जारी पच्चीसबुँदे आचारसंहिता औपचारिक रूपमा सदनमा पेस गर्ने तथा आचारसंहिता पालना नभएको आरोप लगाउने काम एकै पटक गरे। १५ जेठको प्रतिनिधिसभाको बैठकमा जेठ १२ मा दुई पक्षले हस्ताक्षर गरेको आचारसंहिता पालना नभएको तात्तातो आलोचना मात्र गरेनन् सिटौलाले, सात महिनाअघि सम्पन्न बाह्रबुँदे समझदारी कार्यान्वयनमा माओवादी इमानदार नभएको दोष पनि लगाए।

लामो समयदेखि माओवादीसँग प्रत्यक्ष संवाद छलफल र वार्तामा संलग्न भएर बाह्रबुँदे समझदारी कायम गर्ने काममा लागी परेका सिटौलाले आफ्नै संयोजकत्वमा शान्तिवार्ता प्रारम्भ भएको ७२ घन्टा बित्न नपाउँदै माओवादीको व्यवहारको आलोचना गर्नु पर्ने बिडम्बनापूर्ण स्थिति आइलाग्यो।

पच्चीसबुँदे आचारसंहिता सदनमा प्रस्तुत गरिसकेपछि गृहमन्त्री सिटौलाले भने, 'अहिलेको वार्ता विगतका जस्तो छैन। हामीले युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने कबोल गरेका छौं। बाह्रबुँदे समझदारीबाट लक्ष्य किटान गरेका छौं र आचारसंहितामा पनि राजनीतिक प्रतिबद्धता प्रकट गरेका छौं। यी प्रतिबद्धता इमानदारीसाथ पालना गरिनु पर्छ।'

सिटौलाले नम्र भाषामा 'संविधानसभा निर्वाचन सम्पन्न गराउने दायित्व र जिम्मेवारी स्मरण गर्दै माओवादीलाई आग्रह गरे, 'अत्यन्त इमानदारीपूर्वक आचारसंहिता पालना गरी रचनात्मक सहयोग गरिनु पर्‍यो।' गृहमन्त्रीले यस्ता आग्रह गर्दा उनको समर्थनमा ताली पिट्ने सांसदहरू थिएनन्। नेपाली कांग्रेसका रौतहटका कार्यकर्ता शम्भु सहनी र श्यामसुन्दर सहनीको माओवादीबाट हत्या भएकोमा अत्यन्त दुःख लागेको बताउँदै सिटौलाले भनेका थिए, 'यस्ता घटनाले परस्पर विश्वासमा संकट उत्पन्न हुन सक्छ।'

गृहमन्त्रीले पच्चीसबुँदे आचारसंहिता पालना नभएको कुराभन्दा सात महिनाअघिको बाह्रबुँदे समझदारी पालना नभएकोमा बढी चित्त दुखाएको देखिन्थ्यो। सांसदहरूसामु उनी भन्दै थिए, 'बाह्रबुँदे समझदारी पालना गरियोस् भनेर यस कारणले दोहोर्‍याउनु पर्‍यो कि त्यसको पालना भएन।'

माओवादीले वैशाख ११ मा पुनःस्थापित प्रतिनिधिसभालाई अस्वीकार गरेको र त्यसपछि उच्च नेतृत्वबाटै पटक पटक विघटन गर्नु पर्छ भन्ने चर्को माग र दबाबबीच प्रतिनिधिसभामा उनीहरूको जमेर आलोचना हुन थालेको छ। माओवादीसँग पहिलो चरणको वार्तापछि औपचारिक रूपमा सदनमा प्रस्तुत भएको आचारसंहितालाई सबै जसो वक्ता सांसदहरूले स्वागत त गरे, तर कार्यान्वयन पक्षमा माओवादीतर्फ बढी शंका र उनीहरूको इमानदारीप्रति प्रश्न उठाए। एमालेका भरतमोहन अधिकारीले भने, 'इमानदारीसाथ आचारसंहिता जीवनमा उतार्नु पर्छ। कार्यान्वयन भएन भने अविश्वासको वातावरण बन्छ।' अधिकारीले थपे, '१० वर्ष अविश्वासमा डुब्यो, अब सरकार सचेत, संवेदनशील हुनुपर्‍यो र माओवादी पनि उत्तिकै सचेत र संवेदनशील हुनु पर्‍यो।'

आचारसंहिताको पहिलो, एक-अर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने र कसैको इच्छाविपरीत चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने भन्ने बुँदाप्रति सांसदहरूले गम्भीर आपत्ति जनाएका छन्। कांग्रेसका रामचन्द्र पौडेलले सरकारी वार्ताटोलीद्वारा बाह्रबुँदे समझदारी पालना नभएको कुरा माओवादीसँगको वार्तामा गम्भीरताका साथ नउठाइएकोमा चिन्ता व्यक्त गरे भने माओवादीलाई चन्दा नअसुल्न सुझाए। चन्दाबारे पौडेलको टिप्पणी थियो, 'प्रतिस्पर्धी राजनीतिमा प्रवेश गरेपछि हाम्रा मान्छे पाल्नु छ भन्ने तर्कले हुँदैन। हामीले जसरी जेनतेन पार्टी संचालन गरिराखेका छौं, माओवादीले पनि त्यसरी नै संचालन हुनु पर्छ।'

एमालेका प्रदीप नेपाल, आचारसंहिताको पहिलो बुँदाकै खरो आलोचक भएर उत्रिएका थिए। आलोचना विरोध गर्न पाइँदैन भनेर किन आचारसंहितामा लेखिएको हो भन्ने प्रश्न गर्दै नेपालले भने, 'यस्तो खालका समझदारी माओवादीलाई सुहाउँदो होला सात दललाई सुहाउँदैन।' नेपालले

आचारसंहिता पालना नभएको कुरा आगामी वार्तामा दह्रोसँग उठाउन नसके सरकारी वार्ताकार माओवादीको गोठाला हुने तीखो टिप्पणी पनि गरे।

माओवादीको चन्दा संकलन अभियान प्रतिनिधिसभामा लामो समयदेखि सांसदहरूले महत्त्वका साथ उठाउँदै आएको प्रमुख विषय हो। आचारसंहितामा 'जबर्जस्ती' उठाउन नपाउने सहमति जनाएर माओवादीलाई सजिलो बनाइदिएको मान्यता कतिपय सांसदहरूको छ। एमाले महासचिव माधवकुमार नेपालले आचारसंहिता जारी भएको भोलिपल्टै विराटनगरबाट माओवादीले चन्दा संकलन तत्काल बन्द गर्नु पर्ने अडान दोहोऱ्याए। नेपाल, माओवादी सेनाको खर्च सरकारले व्यहोर्नुपर्छ भन्न पनि पछि परेका छैनन्।

आचारसंहिता मात्र होइन, युद्धविराम र बाह्रबुँदे समझदारी उल्लंघन भएको कुरालाई सांसदहरूले जुन महत्त्वका साथ उठाइका छन्, त्यसको जवाफ दिने काम माओवादीबाट पनि भएको छ। गृहमन्त्री र सांसदहरूले प्रतिनिधिसभामा माओवादीको व्यवहारप्रति शंका गर्दै प्रश्न उठाएकै दिन माओवादी वार्ताटोलीका संयोजक कृष्णबहादुर महराले एक दैनिक पत्रिकामार्फत सात दल र माओवादीबीच द्वन्द्व बढ्दै गएको बताए। उनले आचारसंहिता पालना नभएको विषयमा प्रतिनिधिसभामा माओवादीको आलोचना हुनुलाई अनावश्यक विवाद भनेका छन्। महराको टिप्पणी छ, 'प्रतिनिधिसभामा अनावश्यक विवाद गरेर आचारसंहिता उल्लंघन गरिएको छ।'

आचारसंहितामा दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने तथा सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनीतिक क्रियाकलाप गर्दा दुवै पक्ष कम्ब्याट ड्रेसमा वा हातहतियारसहित उपस्थित नहुने आचारसंहिताका बुँदा उल्लंघन भएको उदाहरण प्रकट हुन थालेका छन्।

आचारसंहितामा हस्ताक्षर गरेको मसी सुक्न नपाउँदै जनकपुरको आमसभामामा पुगेका माओवादी वार्ता संयोजक कृष्णबहादुर महराले हजारौं जनताबीच भाषण गर्दा हतियार देखिने गरी सुरक्षा दिइरहेका माओवादी छापामार नदेखिएका होइनन्। उनीहरूले सादा पोसाकमा नेताको सुरक्षा दिएको कुरालाई आचारसंहिता उल्लंघन भन्न मिल्दैन। तर, जनकपुर नगरक्षेत्रबाहिर ठूलो संख्यामा माओवादीहरू एमके ४७ लगायतका आधुनिक हतियारसहित सुसज्जित थिए। आमसभामा गाउगाउँबाट मानिस जम्मा गर्न हतियारधारी छापामार प्रयोग भएको कुरा देखेर पनि जनकपुरवासीले आचारसंहिता उल्लंघन भएकोमा प्रतिरोध गर्न सकेनन्। आमसभा सम्पन्न भएपछि पनि करिब ३ सय हतियारधारी माओवादी धनुषाका गाउँ गाउँमा पुगेको जनकपुरका एक पत्रकार बताउँछन्। ती पत्रकारका अनुसार पर्वते मूलका माओवादी छापामारहरूको व्यवहारबाट मधेसी बाहुल्य धनुषाका गाउँले पिरोलिएका छन्। माओवादीले शौचालयको राम्रो व्यवस्था भएको र छत भएको सिमेन्टका घरहरूमा बस्ने र गाउँभरि छरिएर खाना खाजा गर्ने गरेका छन्।

जेठ १६ को प्रतिनिधिसभाको बैठकमा नियमापत्ति गर्दै सांसद भरतकुमार साह भन्दै थिए, 'हामीले बाह्रबुँदे समझदारी गऱ्यौं पालना भएन, पच्चीसबुँदे आचारसंहिता बनायौं त्यो पनि पालना भएन।' उनी थप्दै थिए, 'माओवादीबाट हजारौं बिघा जमिन कब्जा भएको छ, त्यो फिर्ता भएको खै ?' आफ्नो कपिलवस्तु जिल्लाको कथा उनले यसरी सुनाए, 'माओवादीले लगेको आफ्नै ट्र्याक्टर आँखाअगाडि गुड्छ, जनताले आफ्नो भन्न सक्तैनन्, आफ्नै मोटरसाइकलमा माओवादी सवार भएका हुन्छन्, मोटरसाइकल धनीले यो त मेरो हो भन्न सक्तैन।' साहले गृहमन्त्रीको ध्यानाकर्षण गर्दै भने, 'सहरमा थाहा नहुन सक्छ, तर गाउँमा धेरै समस्या छन्।'

त्यसो त आचारसंहिता जारी भएको तेस्रो दिन सुनसरीको प्रकाशपुरमा माओवादी छापामार टुकडीले परेड खेलेपछि मात्र कार्यक्रम सुरु भयो। हतियार सार्वजनिक प्रदर्शन गरेर माओवादीले आचारसंहिता उल्लंघन गरेका छन्। त्यसको तीव्र आलोचना भइरहेको छ।

प्रतिनिधिसभाले सभामुख सुवासचन्द्र नेम्वाङको अध्यक्षताका संसदीय अनुगमन समिति गठन गरेको छ। माओवादीप्रति आलोचनात्मक धारणा राख्ने सांसदहरू बाहुल्य भएको समिति आचारसंहिता अनुगन गर्न कत्तिको सफल हुने हो ? त्यो अहिल्यै आँकलन गर्न मिल्दैन। तर, सांसदहरूले गरेका आलोचनालाई माओवादीले जनताका प्रतिनिधिहरूले मतदाताको अनुभव बताएका हुन् भन्ने अर्थमा बुझ्नु राम्रो हुन्छ।

माओवादी र सात दलको सरकारबीच शान्तिवार्ता प्रारम्भ भएको अवस्थामा एमालेको अगुवाइमा एक दशकअघिको स्थानीय निकाय ब्यूँताउने राजनीतिक अभ्यासले राजनीतिक दुर्घटनाको संकेत गर्दै छ। सात दलको सरकारमा एमाले एक्लैले महत्त्व दिएको स्थानीय निकाय पुनःस्थापनाप्रति माओवादीको गम्भीरखाले प्रतिक्रिया आएको छ। पोखरामा १५ जेठमा आयोजित आमसभामा माओवादी वार्ताटोलीका सदस्य देव गुरुङले सरकारले स्थानीय निकाय पुनर्गठन गरे वार्ता भंग हुने बताए। गुरुङले भने, 'स्थानीय निकाय ब्यूँतिए वार्ता भंग हुन्छ। त्यसबाट आउने परिणामको जिम्मेवार सरकार स्वयं बन्नेछ।'

सात राजनीतिक दलमध्ये विशेष गरेर एमाले र माओवादीबीच एक किसिमको द्वन्द्व विकसित भएको छ यो विषय लिएर। एमालेको स्थानीय निकाय पुनःस्थापना गर्ने मागको पछाडि माओवादीका स्थानीय तहका जनसरकार विघटन गर्ने दबाब हो भनिँदै छ। यो विवादले सकारात्मक परिणाम ल्यायो भने स्थानीय तहमा सात दल र माओवादीबीच सहमति बनेर भागबन्डामा स्थानीय निकाय गठन हुने विकल्प रहन्छ। देव गुरुङले एमालेको माग पूरा भएमा वार्ता भाँडिने धम्की मात्र दिएका छैनन्, सहमतिमा स्थानीय निकाय गठन हुन सक्ने संकेत पनि गरेका छन्। त्यसै दिन पोखरामै कांग्रेसका मध्यमार्गी नेता रामचन्द्र पौडेलले कास्की कांग्रेसले आयोजना गरेको कार्यक्रममा स्थानीय निकाय सर्वपक्षीय बन्नु पर्ने धारणा राखेका छन्।

शान्तिवार्ताको प्रारम्भ र युद्धविरामको अवसर पारेर अहिले सबै राजनीतिक शक्तिहरू देशव्यापी दौडाहामा निस्किएको अवस्था छ। माओवादीले देशभर नै जनसभाको आयोजना गर्दै गणतन्त्रको नारा घन्काउँदै छ भने एमाले लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक नारा लिएर अघि बढेको छ। कांग्रेसले प्रत्येक जिल्लामा संविधानसभाका बारेमा पार्टी कार्यकर्तालाई प्रशिक्षण दिने नीति लिएको छ। कांग्रेसको भातृ संगठनका जुझारु युवा नेताहरू 'शान्ति र लोकतन्त्र'को नारा लिएर चौध अंचलमा कार्यक्रम गर्न निस्किँदै छन्।

प्रतिस्पर्धी राजनीतिमा सात राजनीतिक दल र माओवादी सक्रिय भएको वर्तमान अवस्थामा आचारसंहिता उल्लंघनका साथ साथ एकापसमा आरोप-प्रत्यारोप र भिडन्तको सम्भावना टार्न सकिन्न। दलका नेता र उनीहरूका युवाहरूबाट माओवादीले एक दशकमा गरेका राजनीतिक हिंसाको आलोचना हुने निश्चित छ र त्यसको प्रतिरोध माओवादीबाट नहोला भन्न सकिन्न।

विद्रोही माओवादी र 'जिम्मेवार' सात दलबीच संयम, धैर्य र वर्तमान राजनीतिक चुनौती पार लगाउने जिम्मेवारीबोधको टड्कारो आवश्यकता छ।

आचारसंहिता कार्यान्वयन गर्दै स्थायी शान्ति स्थापना गर्नु पर्ने समयको आवश्यकतालाई सरकार, प्रतिनिधिसभा र माओवादीले आत्मसात गर्नु पहिलो काम हो। विरोधको राजनीति गर्ने प्रतिक्रियामा रमाउने, आलोचना नरुचाउने र षड्यन्त्रलाई 'राजनीति' भन्ने संस्कारबाट माथि उठ्न सक्नु नै सात र माओवादीका प्रमुख चुनौती हुन्। ■

## बल्ल नियमावली

**पुनःस्थापना** भएको एक महिनाभन्दा बढी 'राजनीतिक' निर्णयमा चलेको प्रतिनिधिसभा जेठ २१ गतेदेखि 'विधि'को शासनमा चल्ने सम्भावना छ। प्रतिनिधिसभा नै सार्वभौमअधिकार सम्पन्न भन्ने मान्यता र मानसिकतावाट बनेको प्रतिनिधिसभा नियमावलीले कतिपय क्रान्तिकारी नीतिसमेत लिनेछ। यसमा प्रतिनिधिसभाले पास गरेका विधेयकहरू राजाबाट लालमोहर लाग्नु नपर्ने, राजदरबार उत्तराधिकारी ऐन संसद्ले बनाउने र सेना परिचालन गर्नेसम्बन्धी छन्।

नियमावलीमा तीन वर्षयता नियुक्ति पाएका संवैधानिक निकायका पदाधिकारीले समेत प्रतिनिधिसभामा शपथ लिनु पर्ने व्यवस्थाले गम्भीरखाले संवैधानिक संकट निम्त्याउने सम्भावना छ। नियमावली शक्ति पृथकीकरणका सर्वमान्य सिद्धान्त कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका सिद्धान्तविपरीत हुनेछ। यस्तो व्यवस्थाले सर्वोच्च अदालतमा माघ १९ पछि नागरिक अधिकारका पक्षमा विशेष भूमिका निर्वाह गरेका न्यायाधीशहरूले समेत त्यसरी शपथ लिनु पर्ने अवस्थामा राजीनामा गर्ने मनसाय व्यक्त गरेका छन्। ■



सुदर्शन रञ्जित

पोखरामा हालै भएको सभामा सहभागी माओवादी नेताहरू

# शक्ति प्रदर्शनमा

■ सुवास देवकोटा/काठमाडौं

**कस्तो हुनेछ जेठ १९ को माओवादी सभा ?**

*प्रचण्डको तस्वीर अंकित टिसर्ट लगाएका पाँच हजार माओवादी स्वयंसेवक ।*

*सभाका सहभागी विरामी भएमा उनीहरूको प्राथमिक उपचारका निम्ति सयभन्दा धेरै स्वास्थ्यकर्मी ।*

*सभास्थल सहिदमञ्चवरपर करिब दर्जन एम्बुलेन्स ।*

माओवादीका अनुसार राजधानी काठमाडौंमा ११ वर्षपछि भइरहेको उसको पहिलो जनसभा व्यवस्थित र भव्य हुनेछ । हुन पनि सम्पूर्ण माओवादी शक्तिको ध्यान अहिले एक प्रकारले राजधानीको सभाका लागि केन्द्रित भएको छ ।

२०५२ देखि सशस्त्र विद्रोह थालेको माओवादीले आफ्ना जनसेनालाई ठूलै संख्यामा पहिलोपटक राजधानी उतार्दै छ । तर, राजधानीबाहिर जसरी उनीहरू यो सभामा कम्व्याट र हतियारसहित देखिनेछैनन् । हतियार र कम्व्याटविना उत्रिए पनि उनीहरूको सुरक्षा शैली भने सैन्य परम्पराअनुरूप नै हुनेछ । 'स्वयंसेवकहरूको पहिलो घेरा मञ्चवरपर हुनेछ, दोस्रो घेरा सभास्थलवरपर र तेस्रो तथा अन्तिम घेरा बसपार्क, रत्नपार्क, भोटाहिटी, सहिदगेट र जमलसम्म हुनेछ', जनसभाको व्यवस्थापन र विद्यार्थी परिचालनमा क्रियाशील अखिल क्रान्तिकारीका अध्यक्ष लेखनाथ न्यौपाने भन्छन्, 'राजधानीमा अवाञ्छित तत्त्वको चलखेल बढेकाले पनि हामीले कार्यक्रमको सुरक्षालाई ठूलो महत्त्व दिएका छौं ।'

सरकारी सुरक्षानिकायहरूको चिन्ता र चासो बनिरहेको माओवादी सभामा राजधानीवरपरका जिल्लासहित नेपालभरिकै कार्यकर्ता, शुभचिन्तक र पहिलोपटक माओवादीलाई खुला रूपमा हेर्न चाहनेहरूको ठूलो भीड जुट्ने निश्चित छ । सभाका सहभागीका लागि खाना र वासको व्यवस्था गर्न निजी विद्यालय, धर्मशाला र गेस्टहाउसहरूलाई आग्रह गरिएको माओवादीले बताएको छ । जनसभाको निर्धारित दिन सहभागी लिएर राजधानी छिर्ने मोटरहरूलाई चक्रपथमै रोकिने र त्यहाँबाट जुलुससहित सहभागीहरू सहिदमञ्च आइपुग्ने योजना रहेको अखिल क्रान्तिकारीका कोषाध्यक्ष युवराज चौलागाईं बताउँछन् ।

राजधानी र वरपरका क्षेत्रहरूमा माओवादी अध्यक्ष प्रचण्डको तस्वीर अंकित हजारौं पोस्टर टाँसिए पनि यो सभामा प्रचण्ड, वरिष्ठ नेताहरू डा. बाबुराम भट्टराई र रामबहादुर थापा 'बादल'को सहभागिता नरहने निश्चित छ । वार्ताटोलीका कृष्णबहादुर महरा, देव गुरुङ, दीनानाथ शर्मासहित वक्ताका रूपमा सार्वजनिक १३ नेताले नै राजधानीको जनसभा हाँक्नेछन् । अघिल्ला दुवै वार्तामा सार्वजनिक नभएकी महिला नेतृ पम्फा भुसाल, सैन्य कमान्डरहरू प्रभाकर (जनार्दन शर्मा) र बलदेव (चन्द खनाल) यो सभाका थप आकर्षण हुने माओवादीहरू बताउँछन् । माओवादी विशेष केन्द्रीय कमान्डको आयोजनामा हुने भए पनि यसका प्रमुख अनन्त (वर्षामान पुन) सभामा देखिनेछैनन् । अखिल क्रान्तिकारीका अध्यक्ष न्यौपानेका अनुसार त्यही कमान्डका सदस्य तथा केन्द्रीय सदस्यहरू अग्नि सापकोटा र देवेन्द्र पौडेल आयोजकका रूपमा मञ्चमा बस्नेछन् ।

तत्कालीन राजा वीरेन्द्रको सवंश हत्या भएको दिन जेठ १९ लाई माओवादीले राजधानीमा सभाका निम्ति रोज्नुले दरवार र सेना सशंकित भएको तथा त्यसै कारण राजधानीमा सेना परिचालित भएको बताइए पनि माओवादीहरू यसलाई राजनीतिक सभाका रूपमा मात्र लिनु पर्ने उल्लेख गर्छन् । यद्यपि, सभाबाटै माओवादीले गणतन्त्र घोषणा गर्न लागेको र दरवारतर्फ जुलुस लग्ने योजना बनाएको प्रचार भएको छ । पहिलो वार्ताकालमा असोज ५ गते हुने भनिएको माओवादी सभालाई प्रतिबन्ध लगाइएजस्तै यस पटक पनि कुनै बहानामा यो सभा भाँडे नराम्रो हुने चेतावनी

दिन्छन्, अखिल क्रान्तिकारी अध्यक्ष न्यौपाने। शेरबहादुर देउवा सरकारसँग वार्तामा आएको माओवादीले त्यस बेला गर्न लागेको सभा दरवार आक्रमण गर्ने योजना माओवादीको भएको आरोपमा सरकारले प्रतिबन्ध लगाएको थियो।

## सेना परिचालन विवाद

सरकार-माओवादी पहिलो वार्ताले आचारसंहिता बनाएपछि सहज हुने सम्भावना देखिएको सरकार-माओवादी आगामी वार्ता सेना परिचालित भएको प्रचारले धमिलो बनेको छ। गृहमन्त्री कृष्णप्रसाद सिटौलाले प्रतिनिधिसभा बैठकमा सरकारले सेना परिचालनको निर्णय नगरेको र आफूले पनि सेना परिचालन गर्ने निर्देशन नदिएको बताए पनि पछिल्लो समयमा राजधानी र राजमार्गमा सेनाको गतिविधि बढेको देखिन्छ। माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा, सेनाको बढ्दो गतिविधिले एक साताअघि निर्मित युद्धविराम आचारसंहिता उल्लंघन भएको बताउँछन्। सात दलकै एक घटक जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचनको भनाइ पनि माओवादी वार्ताटोली सदस्य शर्माको जस्तै छ। 'विद्रोहीभन्दा सरकार धेरै संयमित हुनु पर्छ, सेना परिचालित हुनु ठिक होइन', शेरचन भन्छन्, 'बाह्रबुँदे समभ्कदारी र आचारसंहिता सरकार र माओवादीले ठिक ढंगले पालना गरेनन् भने स्थिति बिग्रन पनि सक्छ।'

माओवादीबाट राजधानीलगायत मुलुकभरि संचालित चन्दा अभियानले पनि आचारसंहिता उल्लघंन भएको सात दलका नेता र सरकारका मन्त्रीहरूको भनाइ छ। आचारसंहिता जारी भएपछि पनि माओवादी चन्दा अभियान जारी छ। माओवादीले आफ्नो चन्दा अभियान स्वेच्छिक बताए पनि अरू त्यो मान्न तयार छैनन्। उद्योग क्षेत्र मात्र होइन, सर्वसाधारणलाई पनि माओवादीले ठूलो रकम मागेको प्रमाणसहितका समाचार सार्वजनिक भइरहेका छन् भने जबरजस्ती चन्दा उठाउने केही नक्कली माओवादी पक्रेर माओवादीले आफूलाई बदनाम गर्न अर्को शक्तिले चन्दा उठाइरहेको देखाउन खोजेको छ।

तर, सरकार र माओवादी वार्ताटोली प्रमुखहरूले नै सार्वजनिकरूपमा आफ्ना असन्तुष्टि पोख्नुले भए भन्दा ठूलो र जटिल समस्या देखिएको बताउने पनि छन्। रौतहटमा माओवादीबाट दुईजनाको हत्या भएकोबारे सरकारी वार्ताटोली प्रमुख सिटौलाले सार्वजनिकरूपमा आपत्ति जनाउनु र सैनिक परिचालनबारे माओवादी वार्ताटोली प्रमुख कृष्णबहादुर महराले असन्तुष्टि व्यक्त गर्नुलाई उनीहरू त्यसै रूपमा हेर्छन्। एमाले नेता शंकर पोखेल दुवै वार्ताटोली प्रमुखका व्यवहार बेठिक भएको उल्लेख गर्दै भन्छन्, 'वार्ताटोलीका प्रमुखहरूले नै अर्को पक्षबारे बोलिहाल्नु ठिक होइन। वार्तामै असन्तुष्टि राख्ने धैर्य देखाउनु पर्छ।'

तर, राजनीतिक एजेन्डामा केन्द्रित हुने भनिएको आगामी वार्तामा जटिल समस्या आउनेचाहिँ निश्चित छ। आगामी वार्तामा माओवादी टोली प्रतिनिधिसभा विघटन, अन्तरिम संविधान र सरकार निर्माणको एजेन्डा लिएर जाँदै छ भने सात दल र सरकार प्रतिनिधिसभा विघटनका निम्ति तयार छैनन्। माओवादी अध्यक्ष प्रचण्डको उपस्थिति र डा. बाबुराम भट्टराईको अध्यक्षतामा गत साता मकवानपुरमा भएको 'संयुक्त क्रान्तिकारी जनपरिषद्'को बैठकले 'सम्पूर्ण सत्ता बृहद् लोकतान्त्रिक राजनीतिक सम्मेलनलाई हस्तान्तरण गर' नारा पारित गरेर संसद्को शक्ति त्यसमा आउनु पर्ने माग गरेको छ। सात दल र सरकार प्रतिनिधिसभा विघटनपछिको शून्यताले अराजकता निम्तिने र प्रतिगमनकारीलाई चलखेल गर्न सजिलो हुने बताइरहेका छन्।

स्थानीय निकाय पुनःस्थापना विवाद पनि माओवादी र सरकारबीच समस्या बन्न सक्ने देखिएको छ। स्थानीय निकाय पुनःस्थापना भए वार्ता भंग हुने चेतावनी दिएर माओवादी अध्यक्ष प्रचण्डले यो विवादलाई तताएका छन्। यद्यपि, सात दलमै पनि स्थानीय निकाय पुनःस्थापनाबारे सहमति हुने सम्भावना कम छ। एमाले र नेमकिपा बाहेक अन्य घटक पुनःस्थापनाको पक्षमा खुलेका छैनन् भने नेपाली कांग्रेसका मध्यमार्गी नेता रामचन्द्र पौडेलले माओवादीसहित सात दलको सहमतिमा सर्वदलीय समिति बनाउन सकिने प्रस्ताव राखेर विवादको बीच बाटो निकाल्ने प्रयास गरेका छन्। माओवादी वार्ताटोली सदस्य देव गुरुङ पनि पौडेलकै विचार नजिक देखिन्छन्। तर, २०५४ को स्थानीय निर्वाचनमा एकलौटी पकड जमाएको एमालेले स्थानीय सरकार पुनःस्थापनाको पक्षमा खुलेर वकालत गरिरहेको छ।

## अर्को वार्ता छिटै हुने

विपरीत अडानका कारण आगामी वार्ता असहज बन्ने सम्भावना भए पनि छिटै गर्नेमा भने सरकार र माओवादी दुवै पक्ष सहमत भएका छन्। माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्माका अनुसार जेठ १९ को जनसभापछि सरकारसँगको सल्लाहमा आगामी वार्ताको मिति तोकिनेछ। सरकारी वार्ताटोली सदस्य तथा पर्यटनमन्त्री प्रदीप ज्ञवाली पनि माओवादी टोलीसँगको सहमतिमा छिटै अर्को वार्ता हुने बताउँछन्।

सरकार-माओवादीबीच अर्को वार्ताको तयारी भइरहेका बेला युद्धविराम, हतियार र संविधानसभा निर्वाचनको अन्तर्राष्ट्रिय पर्यवेक्षणका निम्ति संयुक्त राष्ट्रसंघाई पत्र लेख्ने तयारीमा सरकार रहेको समाचार सार्वजनिक भएको छ। सूत्रहरूका अनुसार नेपाली सशस्त्र द्वन्द्व समाधानमा तेस्रो पक्षको संलग्नता अस्वीकार गर्दै आएको भारत पनि संयुक्त राष्ट्रसंघको कुनै प्रकारको भूमिकाको पक्षमा आइपुगेको बताउँछन्। सरकार-माओवादी द्वन्द्व समाधानमा हतियारलाई प्रमुख समस्या देख्नेहरू विकसित नया परिस्थितिबाट उत्साहित भएका छन्। ■



माओवादी विद्रोहमा जनता किन संगठित भएका छन् र ती जनताले के खोजिरहेका छन् भन्ने नबुझ्दा अन्धाले हात्ती छामेजस्तो माओवादी आन्दोलनबारे विभिन्न भ्रम सिर्जना भइरहेका छन् ।

# आन्दोलनलाई बुझ्ने सवाल



■ ओम शर्मा

**निश्चित रूपमा** नेपाली जनता शान्ति चाहन्छन् । तर, मुलुकलाई अब शान्तितिर धकेल्नेकि युद्धतिर भन्ने प्रमुख जिम्मा संसद्वादी सात दल र सरकारको हातमा छ । पहिलो चरणको शान्तिवार्ता लगत्तै माओवादी र सरकारी वार्ता टोलीका संयोजकहरू दुवैले अग्रगमनका पक्षमा दिएका प्रतिबद्धतालाई स्वागत नै गर्न सकिन्छ ।

माओवादीले समाजको संरचनामा आमूल परिवर्तनका खाका प्रस्तुत गरिसकेका छन् । युगौंदेखि समाजमा विद्यमान उत्पीडनबाट सधैंका लागि छुट्कारा पाउन जाति, वर्ग, लिंग, भाषा, धर्म र क्षेत्रलाई सम्बोधन गरेर पुरानो सामन्ती समाजको संरचना नै बदलेर नेपालीहरूबीचको आत्मीयतालाई अहिलेभन्दा बढी सुदृढ गर्न माओवादी विद्रोहीहरू कटिबद्ध छन् । किराँत, मधेस, तामाङ, नेवार, मगर, गुरुङ बाहुल्य क्षेत्रका मात्र नभई समाजका उत्पीडित वर्गका जनतालाई आत्मनिर्णयको अधिकारसहित मुलुकको संघात्मक ढाँचाको पुनर्संरचना गर्न माओवादी अघि बढिरहेका छन् । नेपाल र नेपालीलाई कसरी समुन्नत बनाउने भन्ने दृष्टिकोण माओवादीहरूसँग जति छ, त्यति अरू पार्टी र सरकारसँग छैन । माओवादी विद्रोहमा जनता किन संगठित भएका छन् र ती जनताले के खोजिरहेका छन् भन्ने नबुभ्दा अन्धाले हात्ती छामेजस्तो माओवादी आन्दोलनबारे विभिन्न भ्रम सिर्जना भइरहेका छन् । सामन्ती तत्त्वहरू भ्रम सिर्जना गरेर टाउको उठाउने अभियानमा लागेका छन् भने कतिले बुझेर पनि माओवादीका कुरा तोडमरोड गरिरहेका छन् ।

सात दल-माओवादीबीच भएको बाह्रबुँदे समझदारीअनुसार नै ऐतिहासिक जनआन्दोलन भएको हो भन्ने लाटालाई पनि थाहा छ । जनआन्दोलनको उचाइ निश्चयः पनि मृत प्रतिनिधिसभा बिउँताउनेतिर थिएन, जनता आन्दोलनकै बलमा मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न चाहन्थे । सडकमा चार सय जनता पनि उतार्न नसक्ने, विगतमा जनताका मनबाट विश्वास गुमाएका सात दलमध्येका केही प्रमुख दलले जनचाहना र युगको आवाजको अवमूल्यन गरेकै हुन् । त्यो तथ्य र सत्यलाई जति कुतर्क गरेर पनि अब कसैले छोप्न सक्दैन । २००७ सालमा जनताको आन्दोलन कमजोर थियो । त्यही कमजोरीको फाइदा उठाएर प्रजातन्त्रको जामा लगाई राणा र राजालाई सत्तामा राख्ने खेल भयो । जनता र युगको चाहना नबुझ्दा जनताले त्यसपछि झन् उत्पीडन भोग्नु पर्‍यो । निरंकुशतन्त्रविरुद्ध लाखौं जनता ०४६ सालमा सडकमा उत्रिए, जनआकांक्षामाथि कांग्रेस र वाममोर्चाले चिसो पानी मात्र खन्याएनन्, गद्दारी गरे । त्यसैको परिणाम असोजतन्त्र हुँदै माघ १९ सम्म पुग्यो । ऐतिहासिक जनआन्दोलन-२०६३ नितान्त भिन्न थियो । दसवर्षे जनयुद्धको जग र सातदल-माओवादी बाह्रबुँदे समझदारीमा त्यो जनलहर सृष्टि भएको थियो । माओवादीले उठाएका विचार र नारा सुन्दा बेलका जत्रा आँखा लगाएर सत्तोसराप गर्नेहरू भलै आज धेरै रूपान्तरण भएका छन् । तर, त्यो रूपान्तरण भएको कुरालाई पर्दा हाल्न कयौंले आफ्ना पश्चगामी विचार ओकलिरहेका छन् । जनताको माग र युगप्रति बेवास्ता गरेर संसद्वादी दलहरूले जे गल्ती गरे ती गल्तीलाई हामीले स्यावासी दिइरहन जरुरी छैन । भलै, मृत्युशय्याबाट बिउँतिएको प्रतिनिधिसभाबाट जे जति सकारात्मक कामकुरा भएका छन्, त्यसको स्वागत र कार्यान्वयन गराउन हामी सबैले खबरदारी गरिरहनु पर्छ । सात दल गठबन्धनले प्रतिनिधिसभा नै सबथोक हो, यसैलाई च्यापिरहेर सत्तालिप्सामा टाँसिरहने कोसिस गरिरहे भने त्यो नै अग्रगमनको सबैभन्दा बाधक बन्नेछ । प्रतिनिधिसभामा अहिले जतिको प्रतिनिधित्व छ त्योभन्दा मुलुकलाई अग्रगति दिएर सम्मुन्नत नेपाल बनाउन चाहने माओवादी, सचेत नागरिक समाज, जाति, वर्ग र क्षेत्रका अत्यधिक बासिन्दा सत्ता बाहिर छन् ।

मुलुकलाई छिटो निकास दिएर दिगो शान्ति दिने रूप पक्षका कुरा गर्दै सात दल यही प्रतिनिधिसभामा नै जीवन बिताउनेझैं काम कारबाहीतिर लागिरहेका छन् । ग्रामीण बस्तीबाट जरो किलो नै उखेलिएको र आम जनताबाट अस्वीकृत भएको पुरानो सत्ताको स्थानीय निकायलाई बिउँताउने खेलमा उनीहरू लागेका छन् । यस्तै कार्य गर्दै जाने हो भने शान्तिवार्ताको परिणाम सुखद हुन सक्दैन । यो प्रतिक्रान्तिकारी निर्णय प्रतिनिधिसभाले गरेमा यसको परिणाम भयानक निस्कने निर्विवाद छ । यी कुरालाई संसद्वादी दल र सरकारको नेतृत्व गर्नेहरूले बेलैमा बुझ्न जरुरी छ । हो, प्रतिनिधिसभाले अहिले त्यो वीष वृक्षका हाँगा केही छिमलेको छ । २३७ वर्षदेखि जनतालाई डसेर बसेको राजतन्त्रको प्रमुख जरा अझै काटिएको छैन । यसैलाई सब भयो भनी हो हल्ला गरेर जनतालाई मूर्ख बनाउने कोसिसमा लोकतन्त्रका सच्चा पक्षधरहरू लागी पर्नु हुँदैन ।

माओवादीहरू अब कमजोर भएका छन् र यही मौकामा यिनीहरूलाई सिध्याउन सकिन्छ भन्ने मनसुवा कसैले राखेको छ भने उसले यो आन्दोलनले उठाएका मुद्दाको भेउ नै नपाएको ठहर्छ । 'माओवादीहरू सुरक्षित अवतरण खोजिरहेका छन् । यिनीहरूलाई यही मौकामा दुईचारवटा झिलिमिली कुरा भनिदिऊँ र हामी सदा सत्ता चलाइरहूँ भनेर कसैले सोचेको हो भने त्योभन्दा ठूलो मूर्खता अब केही हुनेछैन । माओवादीहरू आफूले उठाएका समाज रूपान्तरणका मूल मुद्दालाई सम्बोधन गरियोस् भन्ने चाहन्छन् । माओवादी आन्दोलन समस्या होइन, समस्या त पुरानो सत्ता नै हो । साँच्चै अवतरण चाहने हो भने पुरानो सत्ता सम्पूर्ण रुपले ढल्नु पर्छ । जनता यही चाहन्छन् ।

माओवादीहरू यति बेला जनताप्रतिको जिम्मेवारीबोधका साथ वार्तामा गएका छन् । वार्ताबाटै नेपाल राज्यको पुनर्संरचना गरेर विश्व मानचित्रमा स्वतन्त्र र स्वाभिमानी देशको परिचय बनाउन चाहिरहेका छन् । युद्ध माओवादीहरूको रहरको कुरै होइन । अहिले सिंगो देशका प्रमुख सहरमा भएका माओवादीका सभामा देखिएको लाखौं लाख सहभागिताले माओवादीप्रतिको जनसमर्थन प्रमाणित हुन्छ । त्यो जनआकांक्षा पूरा गर्ने दायित्व माओवादीको बनेको छ । गाउँघरमा सात राजनीतिक दलका कार्यकर्तासमेत माओवादीले मात्र देश हाँक्न सक्छ भनिरहेका छन् । जनताको पूर्ण लोकतन्त्रविना मुलुकको भविष्य सुनिश्चित हुन सक्दैन । यो नै वास्तविकता हो ।

पूर्ण लोकतन्त्रका पक्षधरहरूले यति बेला अर्को बभ्नै पर्ने कुरा सामन्ती तत्त्वहरूले गर्ने 'फुटाउ र राज गर'को नीतिविरुद्ध सजग रहनु अनिवार्य छ । कथित उद्योग बन्द गराएको र करोडौं चन्दा मागेको भनी उरालिएको षड्यन्त्र पर्दाफास भएको छ । वीरगन्जको कथित चन्दा आतंकको हौवाभित्र लुकेको षड्यन्त्र सतहमा आएको छ । यति बेला अग्रगमनको अभियान बिथोल्न, मुलुकमा भाँडभैलो सिर्जना गर्न सामन्ती तत्त्व (दरवार)को योजनामा साम्प्रदायिक कार्य, लुटपाट, चोरी, तोडफोड पनि हुन थालेका छन् । यस्ता गतिविधि गर्ने तत्त्वहरू याद गरुन् - अब धमिलो पानीमा माछा मार्ने दिन गए । ■



राम गुरुङ

▲ माओवादी सभामा जाँदै विद्यार्थीहरू

# दबाब र त्रास

**सरकारसँग वार्तामा** बसेको सशस्त्र विद्रोही माओवादीले देशभरि नै शक्ति प्रदर्शन अभियान चलाएको छ । वार्ता अवधिमा सधैं खुला सभा अभियान चलाउँदैआएको माओवादीले यसपटक पनि अनेक तरिका प्रयोग गरेर भीड जुटाएको छ र आफ्नो राजनीतिक एजेन्डामा जनसमर्थन रहेको पुष्टि गर्न खोजेको छ । विराटनगरबाट सुरु भएको उसको जनप्रदर्शन अभियान बुटवल, जनकपुर, पोखरा, धरानसहित सानाठूला सहरबजारमा अझै जारी छ ।

पोखरामा जेठ १५ मा भएको माओवादी सभामा गण्डकी र धौलागिरीका सबै जिल्लाबाट मानिसलाई उपस्थित गराइएको थियो । माओवादीको खुला सभा हेर्न आउनेको संख्या त्यहाँ पर्याप्त भए पनि सभामा आउनै पर्ने माओवादी उर्दीका कारण कयौं व्यक्ति अनिइच्छावश पनि आएका थिए । सभाका कयौं सहभागीले शिक्षक र विद्यार्थी पनि माओवादी उर्दीका कारण आउन बाध्य भएको बताए ।

तनहुँ, लमजुङ, बागलुङ, पर्वतलगायतका जिल्लामा भएका सभामा मानिसको उपस्थिति १० हजारभन्दा कम कहीं पनि थिएन । तर, त्यति धेरै मानिस जम्मा हुनुका पछाडिको कारण आकर्षण नभई दबाब थियो । पोखरामा जेठ ३ गते अखिल क्रान्तिकारीले गरेको समारोहमा पनि कास्कीका गाउँ गाउँका कलिला केटाकेटी ल्याइएको थियो । शिक्षकहरूले स्कुल नै बन्द गरेर कलिला केटाकेटीलाई तिनीहरूको सभामा ल्याएका थिए । १५ जेठमा पोखरामा गरिएको कार्यक्रममा त झन् गण्डकी र धौलागिरीका जिल्ला जिल्लाबाट गाउँ गाउँका मानिसलाई उर्दी लगाएर ल्याइएको थियो । त्यसअघि स्याङजामा भएको सभामा धेरैजना विद्यार्थी स्कुलमा झोला थन्क्याएर आएका थिए । राजाको अभिनन्दन र उनको कथित जनतासँगको भलाकुसारीमा त्यसैगरी सहरका विद्यार्थीहरूले चर्को घामको कहर खप्थे । किन जबरजस्ती विद्यार्थी ल्याइन्छ भन्दा अखिल क्रान्तिकारीका लेखनाथ न्यौपाने शिक्षकहरू आफैले स्वेच्छापूर्वक विद्यार्थीहरू ल्याउने गरेको बताउँछन् । ५० किलोमिटर टाढा र त्यो पनि अपायक छिमेकी तनहुँको कार्यक्रममा पुगेका कास्कीको माझठानाका एक शिक्षक भन्छन्, 'सरहरू नगए अरू कोही पनि जान्नन्, त्यसैले अगुवाइ गरेर आउनुस् भनेर उर्दी दिन्छन् अनि के गर्ने त ?'

तल्लोस्तरका कार्यकर्ताले कार्यक्रमको तयारीमा गरेका गतिविधि आफूहरूलाई खास जानकारी नहुने बताउँछन् वालिङको कार्यक्रममा सहभागी भएका माओवादी क्षेत्रीय ब्युरो सदस्य झक्कुप्रसाद सुवेदी । उनी भन्छन्, 'त्यस्ता कुरा सञ्चारमाध्यमले बाहिर ल्याएपछि मात्रै हामी थाहा पाउँछौं ।'

यस्तै कथा थियो, विराटनगर, बुटवल र जनकपुरको पनि । सरकार-माओवादी पहिलो वार्तालगत्तै भएको जनकपुरको सभामा निकै ठूलो जनसमूहको उपस्थिति थियो । स्थानीय १२ बिघा मैदान खचाखच भरिएको थियो । वार्ताटोली प्रमुख कृष्णबहादुर महरा र स्थानीय नेता मातृका यादवलाई हेर्न र सुन्न आएको बताउने सहभागी धेरै थिए भने अन्य ठाउँमा जस्तै उर्दीका कारण टाढा टाढाबाट गाडीमा ल्याइएकाहरूको संख्या पनि निकै ठूलो थियो ।

तर, धरानमा भने माओवादी सभामा ठूलो भीड जुटेन । धरानवासीकै सहभागिता ठूलो हुने विश्वासमा रहेका माओवादी नेता गोपाल खम्बु सभापछि पत्रकारहरूसँग भन्दै थिए, 'आफ्नो कुरा जुन समुदायलाई सुनाउन खोजेका थियौं, उनीहरू नै सभामा आएनन् ।'

उता सरकार र विद्रोहीबीच वार्ता भइरहेकै बेला माओवादीका कार्यकर्ताद्वारा रौतहटमा नेपाली कांग्रेसका दुईजना कार्यकर्ताको जघन्य हत्या भएपछि स्थिति तनावग्रस्त बनेको छ । दुई दिनअघि अपहरणमा परेका वसन्तपट्टि गाविसका पूर्व अध्यक्षका दुई छोराको हत्या गरिएको छ ।

जेठ ८ गते सोमवार दिउँसो ट्र्याक्टरमा गएका ६० जनाको समूहले वसन्तपट्टि गाविसका पूर्व अध्यक्षको घरमा लुटपाट र विस्फोटनसमेत गराए । घटनामा गोली लागेकी पूर्वअध्यक्ष पत्नीको अहिले भारतमा उपचार भइरहेको छ । तर, माओवादीले घटनाको जिम्मेवारी लिएको छैन, बरु डाँका समूहले उनीहरूको हत्या गरेको दाबी गरेको छ ।

जिल्लामा माओवादीको कारबाही तीव्र भएपछि तीनचार वर्षदेखि सहनी परिवार सदरमुकाम गौर बस्दै आए पनि वार्ताका क्रममा ढुक्क भई घटनाको

दुई दिनअघि गाउँ फर्केको थियो।

बुटवल क्षेत्रमा भने माओवादी सेनाको चौथो डिभिजन कमान्डर रश्मि अचेल प्रायः आमसभामा भाषण गरिरहेका भेटिन्छन्। युद्धविराम हुनु अघिसम्म उनी आक्रमण र कारबाहीका शृंखलाबद्ध योजनामा खटिरहेका हुन्थे। सधैं पार्टीभित्रको सैन्य मोर्चामा सक्रिय रहने कृष्णसेन स्मृति ब्रिगेडका कमिसार शीतल र पाँचौं ब्रिगेडका कम्पनी कमिसार सुदीपहरूको दिनचर्या पनि ठ्याक्कै उस्तै छ।

उनीहरू लडाइँको मोर्चाको सट्टा अहिले आमसभामा सैन्य प्रतिनिधिका रूपमा भाषण गर्न व्यस्त देखिन्छन्। सधैं बम गोली पड्काउने माओवादी लडाकुहरू अहिले बोली बिकाउन व्यस्त छन्। युद्ध सुरुवातका चरणमा वैचारिकभन्दा सैन्य क्षेत्रमा जिम्मेवारी पाएका उनीहरूको दिनचर्या अहिले अचम्मसाथ बदलिएको छ। कतिपय छापामार युद्धविरामको मौकालाई सदुपयोग गर्न छुट्टी लिएर परिवार भेट्न घरतिर गइरहेका छन्। कतिपय कठोर मनका लडाकुहरू नरम काम र अतिरिक्त क्रियाकलापमा खटेका छन्। हात खाली रहेको अवस्थामा प्रायः लडाकुलाई विकृतिबाट बचाउन पार्टीले संगठन विस्तार, प्रचार प्रसार र पार्टी गतिविधिमा खटाएको छ। कयौं लडाकु त सांस्कृतिक कार्यक्रम र रमाइला मेस चलाइरहेका भेटिन्छन्।

तर के युद्धविराममा माओवादीका लडाकु पूरै निरस्त्र भएर गतिविधि गरिरहेका छन् त ? माओवादी आफैले भनेको छ, 'छैनन्, सेनाका लागि बर्दी र हतियार अनिवार्य कुरा हुन्। हाम्रा नियन्त्रित ठाउँमा जनमुक्ति सेना बर्दीमै हिँड्छन्।'

आफैले गरेको युद्धविरामका सुरुका दिनमा माओवादीले आफ्ना सेनालाई राजमार्गमै मार्चपासमा उतारेको थियो। जनताद्वारा आफ्ना सेनालाई अभिनन्दन गराउने रणनीति अपनाएको थियो। आक्रमणका शृंखला रोकिएका बेला लडाकुलाई जनताका रक्षक सावित गराउन उसले त्यस्तो रणनीति अपनाएको हो।

युद्धविरामका सुरुका दिनमा माओवादीले रूपन्देहीको भलुही-सुनवलस्थित राजमार्गमै लडाकुलाई मार्चपास गराएको थियो। त्यति बेला छापामारलाई अबीरले रंगाएर सभामै अभिनन्दन पनि गरिएको थियो। अबीरले रंगाएर छापामारलाई मार्चपास गराउने त्यस्तो क्रम सुरुका दिनमा लहरका रूपमा चलेको थियो।

पछिल्ला दिनमा सहरी राजमार्गहरूमा त्यस्तो दृश्य नदेखिए पनि माओवादीले आफ्ना नियन्त्रित क्षेत्र भनेका ठाउँमा माओवादी लडाकुहरू बर्दी र हतियारसँगै जनतामाझ गइरहेका छन्। उनीहरू आफ्नो स्थानीय सत्ताको सुरक्षादेखि लिएर सम्बन्ध र संगठन विस्तारलगायत जनतासँग प्रत्यक्ष सम्बन्ध हुने गतिविधिमा लागेका माओवादीको भनाइ छ।

माओवादीका डेपुटी कमान्डर बलदेव (चन्द्र खनाल) भन्छन्, 'जनमुक्ति सेना अहिले आन्तरिक व्यवस्थापन, वैचारिक सुदृढीकरण, जनतासँग सहकार्य, संगठन र सम्बन्ध विस्तारमा लागेका छन्। उनको भनाइमा त्यस्ता लडाकुले आफ्ना नियन्त्रित ठाउँमा नियमित कामदेखि लिएर स्थानीय सत्ताको सुरक्षा, लोकतान्त्रिक गणतन्त्रको प्रचार र परिवर्तित परिस्थिति अनुकूलका गतिविधि पनि गरिरहेका छन्।

बुटवलमा माओवादीको संयुक्त क्रान्तिकारी जनपरिषद् रूपन्देहीले ठेक्कापट्टासम्बन्धी गतिविधि जारी राखेको छ। यसअघि राप्तीमा स्टिमर चलाउन माओवादीले टेन्डर आह्वान गरेको घटनालाई पनि माओवादीले आफ्नो शक्ति प्रदर्शन र सत्ताको अभ्यास गरेको घटनाका रूपमा हेरिएको थियो।

पछिल्लो पटक मंगलवार उसले तिनाउ नदीको ठेक्कासम्बन्धी बोलपत्र आह्वान गरी खोलाको ढुंगा, बालुवा, गिट्टी, रोडा आदिको ठेक्कापट्टाको लागि तीन करोड नघटाई टेन्डर हाल्न आह्वान गरेको छ।

बदलिँदो राजनीतिक परिवेश र अचारसंहितामा नकारात्मक प्रभावका गतिविधि नगर्ने भनिए पनि माओवादीले राज्यसत्ताको आमूल पुनर्संरचना नहुँदासम्म स्थानीय जनसत्ता सक्रिय रहने प्रस्ट जनाउँदै त्यस्तो टेन्डर आह्वान गरेको हो।

'यो सूचनाको अवज्ञा गरेर पुरानो सत्ताको स्वीकृति लिने या नयाँ जनसत्तालाई अस्वीकार गर्ने गरी लिइएको ठेक्का स्वतः खारेज हुनेछ। त्यसो भएमा जनसत्ताको नियमानुसार कारबाही अगाडि बढाइने व्यहोरा जानकारी गराउँछौं, माओवादीद्वारा जारी सूचनामा भनिएको छ।

खोलाको कुनै पनि वस्तु निकाल्दा मानव बस्ती, प्राकृतिक वातावरण, बाटो, पुल, कुलो, नहर, खेत, सार्वजनिक सम्पत्तिमा जोखिम पर्ने देखिएमा स्थानीय सत्ताको निर्देशन लिनु पर्ने, बोलपत्रकर्ताले सुरुमै दस प्रतिशत रकम धरौटीबापत जम्मा गर्नु पर्ने, स्थानीय जनसत्ताको अनुमति र आयोजनामा निर्माण गरिने स्थानीय विकास निर्माणका लागि स्थानीय सत्ताले भनेअनुसारको छुट दिनु पर्ने सर्त उसले राखेको छ।

माओवादीले ठेक्कापट्टा जेठ मसान्तभित्र राष्ट्रिय पुँजीपति वा देशभक्त तथा लोकतान्त्रिक व्यक्तिहरूले हाल्नु पर्ने भन्दै विभिन्न सर्तसमेत अगाडि सारेको छ। तिनाउ नदीमा पटक पटक जिल्ला विकास समितिले ठेक्काको बोलपत्र आह्वान गरेको थियो, तर माओवादीको डरले कसैले लिएका थिएनन्।

■ **दीपक ज्ञवाली/बुटवल, केशव लामिछाने/पोखरा, ओमआस्था राई/धरान र सञ्जय मिश्र/रौतहट**

## शहरमा जनअदालत

**गाउँमा चल्दै** आएको माओवादी न्यायप्रणाली अहिले सहर पसेको छ। अघिल्लो साता माओवादीहरूले पोखराको कुमुदिनी होम्स विद्यालयको संस्थापक र संचालकबीचको लेनदेन मुद्दाको खुलेआम जनअदालत खडा गरेर वहस गराए दुइ पटकसम्म। दोस्रो पटक वहस गराउँदा त उनीहरूले जिल्ला प्रहरी कार्यालय कास्कीसँगै जोडिएको पोखरा उद्योग वाणिज्य संघको हलमा खडा गरेका थिए, जनअदालत।

अचम्म के भने त्यस्तो अदालतमा राज्यको अदालतमा वकालत गर्ने अधिवक्ताहरूले समेत विभिन्न तर्क पेस गरे त्यसमा भने माओवादी पार्टीको सरकारलगायतका सबै निकाय र संरचनालाई मान्यता नदिने एमालेका नगरस्तरीय नेताले पनि बहस गरे। पत्रकारहरूले समेत अभिव्यक्ति दिए। सरकारी अदालत, सरकार विघटन र सरकारका अरू गतिविधिप्रति निकै खरो आलोचना गर्ने माओवादीका यस्ता रवैयामा कहिले परिवर्तन आउला कुन्नि ? ■






# चम्किलो केश कि बाल चकाचक

■ दीपा गौतम

**सामान्य चीजलाई** पनि विशेष रूपमा प्रस्तुत गर्नु टेलिभिजन विज्ञापनको विशेषता हो । छोटो समय, थोरै दृश्य र संक्षिप्त कुराले दर्शकलाई कुनै उत्पादनप्रति आकर्षित गराई त्यसका निम्ति पैसा खर्च गर्न उत्प्रेरित गर्नु कम्ता गाह्रो काम होइन । तसर्थ फ्रेममा नापिने र सेकेन्डमा टुंगिने विज्ञापन निर्माणको पेसा जति ग्ल्यामरस छ त्यति नै चुनौतीपूर्ण पनि । टेलिभिजन विज्ञापनको एउटा महत्त्वपूर्ण पक्ष हो - भाषा । नेपाली टेलिभिजन च्यानलहरूबाट प्रसारण हुने विज्ञापनहरूको भाषिक शुद्धता, मिठास र मौलिकताका सम्बन्धमा प्रश्न उठाउन सकिन्छ । यद्यपि, विज्ञापनमा प्रयुक्त भाषालाई आधार बनाएर दर्शक-उपभोक्ताले कुनै उत्पादन किन्ने वा नकिन्ने निर्क्योल गर्दैन । त्यस्तै शुद्धता, मिठास र मौलिकताका सम्बन्धमा पनि सबैको एउटै धारणा नहुन सक्छ ।

झट्का, धुम, बिन्दास, झकास, राज, चकाचक, आहुआहु, आय्या माय्या, ओफयोमा जस्ता शब्दहरू लल्लुपन्जु, चार बुँदवाला, चुन्नुमुन्नु, सासु माँ जस्ता नाम-संज्ञाहरू र 'दुगुना गर्नुहोस्', 'पर हट्', 'हेरेको छ कतै', 'यो लेउ' 'जिउ जिन्दगी रमेर', 'प्रथम तिमी प्रहार गर', 'दिमागको बत्ती जलाइदिन्छु', 'अनुहारमा निखार ल्याउँछ' 'मचेरे धुम' जस्ता क्रियापद र 'रबड जस्तो रोटी', 'तरोताजा खजाना', 'हिक हिके/फटफटे हाँसो', ''छोटु छोटु कपाल' 'लम्बा चौडा भाषण' जस्ता उदाहरण तथा 'भनेको थिए नि जंगलमा भूत छ', 'बुहारीले एउटा कुरा त मान्यो', 'यहाँ हुनुहुन्छ मेरो बुबा', 'तपाईंको फोटो जो लगाउनु छ', 'बास्ना यस्तो कि मुड बन्छ' जस्ता वाक्य एवं वाक्य गठनहरू र 'के तिमी क्लोजअप गर्दछौं ?' 'कन्फिडेन्ससँग जल्दछौ ?' 'बिहान बबुल त दिन तपाईंको', 'दुनियाँ उसको दिवाना छ', उनको बाल चकाचक है ! पूरै हाल चकाचक है ! जस्ता जिङ्गलहरू नेपाली लवज, ढाँचा र बान्कीका छैनन् ।

'के तिमी क्लोजअप गर्दछौ ?' भन्नु के तिमी भात खान्छौ ? लाई के तिमी भात गर्छौ भन्नु जस्तै हो जसको नेपालीमा अर्थ लाग्दैन । त्यसैले नेपाली दर्शकलाई 'के तिमी क्लोजअपले दाँत माझ्दछौ ?' भनिनु पर्दछ । जल्नुको अर्थ नेपालीमा धेरै बलेर नाश हुनु हुन्छ त्यसैले 'कन्फिडेन्ससँग जल्दछौ ?' को सट्टा 'अरूको डाह गर्छौ ?' भन्नु शुद्ध हुन्छ । कुनै आश्चर्य भयो भने नेपालीहरूलाई 'झट्का' लाग्दैन बरु तिनले तीनतारा देख्छन् । त्यस्तै धुमको सट्टा 'उधुम', बिन्दासको सट्टा 'ल्याङफ्याङ" शब्द मौलिक हो । त्यस्तै 'जिउ जिन्दगी रमेर'को साटो 'जिन्दगी रमाई रमाई बिताऔं', 'दिमागको बत्ती जलाइदिन्छ' को सट्टा 'बुद्धिको घैंटोमा घाम लाग्छ' भनिनु बढी नेपाली पाराको सुनिन्छ ।

'दुगुना गर्नुहोस्' को साटो 'दोब्बर पार्नुहोस्' र 'रबड जस्तो रोटी'को सट्टा 'झुम्रो जस्तो रोटी' भन्नु उपयुक्त हुन सक्छ । नेपालीहरू दूध, खानेकुरा, तरकारीलाई बरु 'ताजा' भन्लान् खजानालाई ताजा भन्दैनन् । खजानालाई 'अमूल्य' वा 'दामी' भन्नु ठिक हो । हिकहिके, फटफटे हाँसो पनि त्यस्तै अर्को अमिल्दो उदाहरण हो । न त 'हाँस्नुस् त मज्जाले हाँस्नुस्' भन्नु नै पनि नेपाली समाजमा उति निको होला । त्यसको बदला 'मन खोलेर हाँस्नुस्' वा 'धक फुकाएर हाँस्नुस्' भन्नु उपयुक्त हुन्छ ।

'भनेको थिए नि जंगलमा भूत छ' को सट्टा 'जंगलमा भूत छ भनेकै थिएँ नि !' 'बुहारीले एउटा कुरा त मान्यो' को सट्टा 'कमसेकम बुहारीले एउटा कुरा त मानिन', 'यहाँ हुनुहुन्छ मेरो बुबा' को सट्टा 'उहाँ मेरो बुबा हुनुहुन्छ' शुद्ध हुन्छ ।

त्यस्तै ठाउँ कुठाउँ प्रयोग भइरहेका जो, कि, जबकि, जबदेखि, तबसम्म जस्ता प्रयोगहरू पनि नेपाली भाषामा आवश्यक छैनन् । उदाहरणको लागि 'तपाईंको फोटोमा 'जो' लगाउनु छ' को सट्टा 'तपाईंको फोटो टाँग्नु छ नि' भने पुग्छ । त्यस्तै 'बास्ना यस्तो कि मुड बन्छ' को साटो 'मुड बनाउने बास्ना' र 'जबदेखि मैले हार्पिक प्रयोग गर्न थालें' को सट्टा 'मैले हार्पिकको प्रयोग गर्न थालेदेखि' भनिनु पर्याप्त छ ।

नेपाली जिब्रोलाई उच्चारण गर्न अप्ठेरो हुने, नेपाली जनजीवनमा र बोलीचालीमा प्रयोग नहुने वा नभिजेका शब्द-वाक्यहरूको प्रयोग गरिने प्रवृत्ति खासगरी नेपालीमा 'डब' गरिएका भारतीय उत्पादनका 'सिनर्जिक' विज्ञापनहरूमा देखिन्छ । विज्ञापन एजेन्सीका 'कपिराइटर'हरूले भारतबाट प्रेषित हिन्दी विज्ञापनलाई नेपालीमा उल्था गर्दा भावानुवाद नगरी शब्दानुवाद गर्नाले त्यस्ता विज्ञापनमा भाषिक गल्ती देखा परेका हुन् । यसको अर्थ नेपालमै निर्मित नेपाली उपभोग्य सामानका विज्ञापन भाषिक दृष्टिले शुद्ध छन् भन्ने होइन । नेपालीहरूले स्वदेशमै निर्माण गरेका त्यस्ता विज्ञापनहरूमा समेत प्रशस्त मात्रामा भाषागत त्रुटि तथा वाक्य बनोट फेला पर्ने गरेको छ । धारा तेलको 'आमा त भन्नुहुन्छ यही तेल राम्रो छ' सीताराम दूधको 'जबदेखि मैले सीताराम दूध लिन थालें' आदि त्यस्ता केही उदारहरण हुन् । त्यसबाहेक नेपाली विज्ञापनमा नेपाली बिम्ब, उपमा, मूल्य, मान्यता तथा विविधतालाई प्रयोग गर्ने सन्दर्भमा पनि विज्ञापन निर्माताहरू निकै पछाडि छन् ।

नेपाली बजारलाई भारतीय उपभोग्य सामग्रीले पिटेका छन् । त्यस्तै टेलिभिजन विज्ञापन वा रेडियो जिंगल निर्माण गर्ने-गराउने प्रमुख कम्पनीमा भारतीयहरूको बाहुल्य छ । निश्चित छ तिनको 'थट प्रोसेसिङ' नेपाली भाषा होइन । यता दर्शक नेपाली भएको हुँदा विज्ञापनहरू नेपालीमै सोचिएको र शुद्ध नेपाली भाषामा निर्माण हुनु पर्ने मान्यता नेपाली निर्देशकहरूले नराखेका होइनन्, तर भर्खर भर्खर मौलाउन लागेको यस क्षेत्रमा भाषाको अत्तो थाप्नु काम गर्ने अवसरबाट आफूलाई वञ्चित गराउनु हो भन्ने केहीको भनाइ छ । यसै पनि व्यवसायिकताको राम्रो विकास भई नसकेको अहिलेको अवस्थामा एउटाले भाषाको कारणले छोडेको विज्ञापनको कामलाई अर्कोले नगर्ला भन्न सकिन्न ।

प्राविधिक कठिनाइ अर्को महत्त्वपूर्ण पक्ष हो', निर्देशकहरू भन्छन् । उनीहरूको विचारमा खासगरी नेपालीमा डब गरिएका विज्ञापनमा मूल विज्ञापनको जस्तो भाव बुझाउने वा अर्थ लाग्ने गरी उस्तै नेपाली शब्द नपाइन सक्छ । शब्द पाइए पनि त्यसको समयावधिलगायत अक्षरका गेडा तलमाथि पर्न जान्छ । खासगरी क्लोजअप सट्मा 'लिपसिङक' नहुने वा डबिङ नमिल्ने सम्भावना बढ्न जान्छ । निर्देशकहरूको यो प्राविधिक तर्क धेरै हदसम्म सही भए पनि लिपसिङक हुनु नपर्ने ठाउँमा पनि भाषा सच्याउने प्रयास नगरिएको उदाहरण फेला पार्न सकिन्छ । 'तिमी मलाई किस गर, म हिरोइन बनिहाल्छु' स्प्राइटको विज्ञापनमा भ्यागुतोलाई बोलाइएको यो डायलगको लिपसिङक मिल्नु-नमिल्नुको कुनै तुक छैन । सानो प्राविधिक कठिनाइका कारण भाषिक अपचलन जस्तो ठूलो क्षति व्यहोर्नु दुःखलाग्दो कुरा हो ।

अर्कोतर्फ भारतीय उत्पादनका सिनर्जिक विज्ञापनहरूमा नेपाली कलाकार वा नेपाली डबिङ कलाकार नै राख्नु पर्छ भन्ने कुनै कानुनी प्रावधान छैन । तसर्थ नेपाली उपभोक्तालाई लक्षित विज्ञापनमा नेपाली भाषा शुद्धसँग उच्चारण गर्न नजान्नेहरूका आवाज प्रयोग भएका छन् । हामी नजानिँदो गरी नयाँ शब्द सिकिरहेका र त्यसलाई स्विकारिरहेका हुन्छौं । भाषाको बान्की ढाँचा र लवजमा क्रमशः नवीनता थपिनु अनौठो कुरा होइन । एकातर्फ विश्वव्यापीकरणको कारण बहुराष्ट्रिय संस्कृति स्वीकार नगरी धर नपाउने स्थिति छ भने अर्कोतर्फ विश्व व्यापार संगठनको यो जमानामा साना राष्ट्रले आफ्नोपन जोगाउन गाह्रो अवस्था छ । तर, आफ्नोपन बोकेको 'बाँकी सबै वाहियात' भन्न छाडी 'बाँकी अल बकवास'जस्तो खिचडी भाषाको प्रयोग गर्नु भने जानाजान आफ्नो भाषाको स्वरूप बिगारी अन्य भाषाको अतिक्रमण स्विकार्नु हो । नेपाली शब्दभण्डार विपुल र असीम छ । केवल त्यसमा डुबुल्की मार्न जान्नु पर्दछ । खोजी पसेमा चाहिएको उपयुक्त शब्द अवश्य पाइन्छ भन्ने प्रमाण अडिप्पा (डाबर बाटिका स्याम्पु)को ठाउँमा 'नि लै लै' ले र 'अपाङ उपुङ' (हर्लिक्स) को ठाउँमा 'छप्ल्याङ छुप्लुङ'ले दिई नै सकेका छन् । ■

नेपाली जिब्रोलाई उच्चारण गर्न अप्ठेरो हुने, नेपाली जनजीवनमा र बोलीचालीमा प्रयोग नहुने वा नभिजेका शब्द-वाक्यहरूको प्रयोग गरिने प्रवृत्ति खासगरी नेपालीमा 'डब' गरिएका भारतीय उत्पादनका 'सिनर्जिक' विज्ञापनहरूमा देखिन्छ ।



# मनपरी तथ्यांक

■ **मनीष गौतम/काठमाडौं**
तस्वीरहरू : तेजबहादुर बस्नेत

नेपालमा समलिंगीहरूको अनुमानित संख्या सुन्दा जोकोही आश्चर्यमा पर्ने तथ्यांक प्रस्तुत भएको छ। कसैले विश्वास गर्न नसकिने यस्तो तथ्यांक राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रको सन् २००५ को राष्ट्रिय प्रतिवेदनमा प्रस्तुत रहेको छ। प्रतिवेदनमा उल्लेख भएअनुसार मुलुकभर समलिंगीको संख्या न्यूनतम ६४ हजारदेखि अधिकमा १ लाख ९३ हजार छ। त्यस्तै समलिंगीहरूको एकमात्र संस्था ब्लु डायमन्ड सोसाइटी (बिडिएस)ले राजधानीमा मात्रै झन्डै १५ हजार समलिंगी रहेको दाबी गरेको छ।

समलिंगीहरूबारे सार्वजनिक भएका यस्ताखाले तथ्यांक अहिले शंकाको घेरामा छन्। समस्या निराकरणभन्दा पनि यसलाई चर्को देखाउने उद्देश्यले बनाइएका त्यस्ता तथ्यांक वास्तविकताको अलिकति पनि नजिक नरहेको यस क्षेत्रका जानकारहरू मिथ्यांक भन्न रुचाउँछन्।

समलिंगीसम्बन्धी तथ्यांक विवाद तथा आशंकाको घेरामा पर्नुका विभिन्न कारणहरूमध्ये केही दातृ समुदायको चासो, बिडिएसको अन्तर्राष्ट्रियस्तरको सञ्जालका कारण सरकार तथा दातृ निकायलाई प्रभाव पार्न सक्ने ल्याकत र एचआइभी-एड्सको नाममा समलिंगीप्रति 'उदार' भावना राखी ओइरिने आर्थिक सहयोगको लोभ नै हो। त्यसैले समलिंगीहरूको तथ्यांक बढाउने होड प्रायोजित तवरमा भएको छ। यसलाई मलजल गरेका छन् स्वदेशी-विदेशी दातृ निकायका ठूलाबडाहरूले नै।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रको प्रयासमा केही वर्षअघि एक अन्तर्राष्ट्रिय संस्थाले गरेको अनुसन्धानले नेपालमा समलिंगीहरूको संख्या अहिले प्रस्तुत तथ्यांकभन्दा निकै न्यून रहेको देखाएको थियो। उक्त तथ्यांक सार्वजनिक नगर्न बिडिएसले विभिन्न दातृ निकायबाट दबाब' दिएको घटना एचआइभी-एड्सको क्षेत्रमा कार्यरत व्यक्तिहरू अझै स्मरण गर्दै छन्।

तर, अहिले राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले राष्ट्रिय प्रतिवेदनमा अपत्यारिलो तथ्यांक प्रस्तुत गरेर 'असुरक्षित तथा जोखिमपूर्ण यौनव्यवहार'का कारण समलिंगी समूह एचआइभी संक्रमणको अत्यधिक जोखिम समूहमा रहेको

उल्लेख गरेको छ ।

समलिंगीहरूको तथ्यांक निकाल्ने पनि अनौठो विधि प्रयोग गरिएको छ, जुन नेपालको सन्दर्भमा कहीं कतै लागू गरिएको छैन । 'सामाजिक कारणले समलिंगीहरू लुकेर बस्ने भएकाले यसबारे यकिन तथ्यांक हामीसँग छैन', केन्द्रका सिनियर मेडिकल अफिसर डा. पुलकित चौधरी भन्छन्, 'त्यसैले दक्षिण एसिया क्षेत्रमा भएको यससम्बन्धी अनुसन्धानको आधारमा यो संख्या अनुमान गरिएको हो ।'

दक्षिण एसियाको वयस्क जनसंख्याको २ देखि ५ प्रतिशत जनसंख्या समलिंगी रहेको र यसकै आधारमा नेपालमा समलिंगीको अनुमान गरिएको केन्द्रले जनाएको छ । दक्षिण एसियामा कुन देशलाई आधार मानिएको भन्ने स्पष्ट जवाफ पनि केन्द्रसँग छैन । त्यसैगरी ब्लु डायमन्ड सोसाइटीको राष्ट्रिय कार्यक्रम अधिकृत सलिना तामाङले युरोपको कुनै एउटा देशमा देखिएको समलिंगीको संख्याको आधारमा काठमाडौंमा अनुमान गरिएको बताएकी छन् । 'त्यहाँको कुल जनसंख्याको १० प्रतिशत समलिंगी देखिएका थिए', तामाङ भन्छिन् 'त्यही आधारमा हामीले यहाँ अनुमान गरेका हौं ।'

एचआइभी संक्रमणको अत्यधिक जोखिम समूहमा रहेको भनी केन्द्रले वर्गीकरण गरेका समूहहरू जस्तै सुईको माध्यमबाट लागूपदार्थ प्रयोग गर्नेहरू, महिला यौनकर्मी तथा उनीहरूका ग्राहक र कामको खोजीमा बसाइँसराइ गर्नेहरूको अनुमानित संख्या निकाल्नका लागि अनुसन्धानमा 'बेसलाइन सर्भे' र 'बायो बिहेवरियल सर्भिलेन्स' गरिएको छ । तर, अहिलेसम्म एचआइभी संक्रमणको जोखिममा रहेको समलिंगी समूहको अनुमानित संख्याका पत्ता लगाउन माथिको आधार नलिई किन अन्य मुलुकको सहारा लिनु पर्‍यो ?

'मुलुकको समाज, संस्कृति, भौगोलिक अवस्था बेवास्ता गर्दै अन्य मुलुकको तुलना गरेर नेपालमा पनि त्यही अवस्था छ भन्ने हचुवा निष्कर्ष निकाल्न मिल्दैन', केन्द्रीय तथ्यांक विभागका स्टाटिस्टिकल अफिसर शिवनन्दन शाह भन्छन्, 'नेपालको कुनै पनि क्षेत्र नसमेटी एकैपटक बाहिर मुलुकमा यति संख्या छ, त्यही भएर नेपालमा पनि अनुमान गरिएको हो भन्ने हचुवाको भरमा तथ्यांक पेस गर्न मिल्दैन, त्यो पनि समलिंगीजस्तो संवेदनशील विषयमा ।'

त्यसैगरी समलिंगीको न्यूनतम तथा अधिकतम अनुमानित संख्यामा दोब्बरभन्दा बढी फरक देखिनुले पनि यसबारे प्रश्न उठाउने आधार रहेको छ । न्यूनतम र अधिकतमबीचको फरक २ सय प्रतिशतभन्दा धेरै रहेको छ । 'अनुमानित संख्यामा यति ठूलो फरक देखिँदैन', साह भन्छन्, 'यस्ता तथ्यांक भरपर्दा मानिँदैनन् र भ्रम उत्पन्न गर्छन् । यसखाले तथ्यांक आउनु भनेको आफ्नो अनुकूल प्रायोजित ढंगले उपयोग गर्नु देखिन्छ ।'

तर एचआइभी संक्रमणको अत्यधिक जोखिममा रहेका अन्य समूहमा न्यूनतम र अधिकतमबीच यति ठूलो अन्तर देखिँदैन (हेर्नुस् तालिका) । 'यो तथ्यांक गलत हो । संचार, शिक्षा, संस्कृति आदि कुराले मानवीय व्यवहारलाई फरक पार्छ, यो कुरा समलिंगीको व्यवहारमा पनि फरक पार्छ । त्यसैले अन्य देशको तुलना गरेर नेपालमा पनि त्यही कुरा लागू हुन्छ भन्ने कुनै ग्यारेन्टी छैन', समाजशास्त्री डा. गणेश गुरुङ भन्छन्, 'आर्थिक स्रोत दिने र लिनेबीचको सहमतिमा यसखाले तथ्यांक तयार पारिएको हुन सक्छ ।'

जोखिमपूर्ण समलिंगीहरू एचआइभी संक्रमणको जोखिम समूहमा अवश्य नै पर्छन् । तर, यो समूह संक्रमणको जोखिममा रहेको छ भन्ने तथ्यांक पनि मनोगत रूपमा निकालिएको छ । फेमिली हेल्थ इन्टरनेसनलको 'एफएचआई रेस्पोन्ड' नामक प्रतिवेदनमा उल्लेख गरिएको छ, 'सन् २००४ सम्म यो समूहमा एचआइभी संक्रमण दर कति रहेको छ भन्ने कुनै तथ्यांक छैन ।' जब कि केन्द्रको प्रतिवेदनले काठमाडौंमा रहेका समलिंगीमध्ये करिब ४ प्रतिशतमा एचआइभी संक्रमण भएको देखाएको छ ।

एक वर्षभित्र यस समलिंगी समूहमा एचआइभी संक्रमण दर देखाउनका लागि कुन विधि प्रयोग गरियो त ?', राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका पूर्वनिर्देशक डा. रामप्रसाद श्रेष्ठ अनौठो मान्दै भन्छन्, 'जबसम्म तथ्यमा आधारित सूचना आउँदैन तबसम्म रोकथामका कार्यक्रम पनि निरर्थक हुन जान्छन् ।' उनी भन्छन्, यथार्थको नजिक पुग्ने तथ्यांक निकाल्नका लागि प्रयोग गरिने 'बायो बिहेबरियल सर्भिलेन्स' विधि प्रयोग नगरी निकालिने यसखाले तथ्यांक दातृ समुदायका अगाडि भीख माग्ने उपायबाहेक अरू केही पनि होइन ।'

अहिले एचआइभी-एड्ससम्बन्धी पाँचवर्षे (सन् २००७-११) रणनीति तयार पार्न राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रमा सहभागी भएकाहरूले समलिंगी समूहको अनुमानित तथ्यांक वास्तविकताभन्दा टाढा रहेको आवाज उठाइरहेका छन् । स्रोत उपलब्ध गराउने केही दातृ निकायका स्वदेशी तथा विदेशी हाकिमहरू 'समलिंगी'प्रति बढी झुकाव राख्ने भएकाले यो समूहप्रति 'उदार भावना' राखिएको एचआइभी संक्रमणको जोखिममा

| **एचआइभी संक्रमणको अत्यधिक जोखिम समूह** | **न्यूनतम अनुमानित संख्या** | **अधिक अनुमानित संख्या** | **न्यूनतम-अधिक तथ्यांकबीचको फरक** |
|---|---|---|---|
| सुईको माध्यमबाट लागूपदार्थ प्रयोग गर्ने | १६ हजार | २३ हजार | ७ हजार |
| समलिंगी | ६४ हजार | १ लाख ९३ हजार | १ लाख २९ हजार |
| महिला यौनकर्मी | २५ हजार | ३४ हजार | ९ हजार |

*स्रोतः राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र*

## ठमेलमा यौन दुर्व्यवहार

**'सेक्सुअल माइनोरिटी'मा पर्ने समलिंगीलाई सामाजिक भेदभावका तथा लाञ्छनाका कारण लुकेर बस्नु पर्ने अवस्था नभएको होइन । त्यसैले उनीहरूको हकअधिकार सुरक्षित हुनु जरुरी छ र समलिंगी भएकै आधारमा उनीहरूप्रति भेदभाव गरिनु हुँदैन ।**

**तर, रात्रि जीवनका लागि ठमेल क्षेत्रमा जाने सर्वसाधारण व्यक्तिहरू भने यही समूहबाट असुरक्षित महसुस हुने गरेका छन् । झुन्ड बनाएर बस्ने यी समूहले सर्वसाधारणलाई जिस्काउने, तान्ने र अपशब्द बोल्ने गरेको प्रत्यक्ष अनुभवीहरूले बताएका छन् ।**



रहेका अन्य समूहले दाबी गरेका छन् । त्यसैगरी अन्तर्राष्ट्रियस्तरमा 'गे मुभमेन्ट' प्रभावकारी भएकाले यसले नेपालजस्ता विकासोन्मुख मुलुकमा समेत हावी हुने गरेका छन्, जसले एचआइभी संक्रमणको जोखिममा रहेका अन्य समूहको आवश्यकता ओझेलमा पारिदिएका छन् । नेपालमा यसको प्रत्यक्ष उदाहरण भनेको एचआइभी संक्रमित गृहिणी तथा बालबालिका हुन्, जसप्रति न सरकार न त दातृ समुदायको ध्यानाकर्षण भएको छ ।

## एचआइभी रोकथामका लागि सहयोग

नेपालमा समलिंगीहरूको संख्या जति नै अनुमान गरिए पनि हक अधिकारका लागि स्थापित एक मात्र संस्था बिडिएसको प्रत्यक्ष सम्पर्कमा भएका समलिंगीहरूको संख्या केही सयको हाराहारीमा मात्र रहेको जानकारहरू बताउँछन् र संस्थाको कार्यक्रम सम्पर्कमा रहेकाहरूबीच नै सीमित रहेको छ । डेढ वर्षको बीचमा यस संस्थामा २ करोडभन्दा बढी आर्थिक स्रोत भित्रिएको छ ।


भर्खरै मात्र समलिंगीमा एचआइभी संक्रमण रोकथामका लागि कार्यक्रम सञ्चालन गर्न बेलायती सहयोग संस्था डिएफआइडीले 'फास्ट ट्र्याक'अन्तर्गत झन्डै डेढ करोड रुपैयाँ उपलब्ध गराएको छ । यो रकम ६ महिनामा खर्च गरिसक्नु पर्ने हुन्छ । जब कि डिएफआइडीले यही 'फास्ट ट्र्याक'अन्तर्गत एचआइभीको क्षेत्रमा कार्यरत अन्य संस्थालाई उपलब्ध गराएको रकम ७ लाखदेखि



१० लाखसम्म रहेको छ । 'एचआइभीको क्षेत्रमा काम गर्न डिएफआइडीले यति धेरै रकम उपलब्ध गराएको बिडिएस एक मात्र संस्था हो', राष्ट्रिय एचआइभी-एड्स महासंघका अध्यक्ष राजीव काफ्ले भन्छन्, 'स्रोत परिचालनको यो तरिका न्यायसंगत छैन । एड्सका कारण अकाल मृत्यु भएको र यसकै कारण केटाकेटी विद्यालय जानबाट वञ्चित भएका छन् । समस्या टड्कारो देखिएको ठाउँमा सहयोग नपुग्ने र रोकथामका नाममा स्रोत परिचालन हुनुले समस्या झनै बढाउँछ ।'

त्यसैगरी एल्टन जोन फाउन्डेसनले पनि बिडिएसलाई ६ महिनाअघि २८ लाख रुपैयाँ उपलब्ध गराएको छ, जुन रकम एचआइभी संक्रमित समलिंगीहरूको उपचारको लागि 'हस्पिस' सञ्चालन गर्ने सर्तमा । बिडिएसले बालुवाटारमा 'हस्पिस' संचालन गरेको त बताएको छ, तर त्यहाँ एचआइभी संक्रमित भएका समलिंगीहरू औंलामा गन्न सकिने मात्र छन् । त्यसैगरी अमेरिकास्थित 'एस्ट्रिया लेस्बियन फाउन्डेसन फर जस्टिस'ले महिला समलिंगीका लागि भनेर बिडिएसलाई सन् २००५ मा १८ लाख रुपैयाँ उपलब्ध गराएको थियो, तर बिडिएसमा महिला समलिंगीको संख्या नगण्य छ ।

तर आर्थिक स्रोत उपलब्धतासँगै विकृति पनि देखा परेको छ । एचआइभी संक्रमण रोकथामका नाममा बिडिएसलाई अनपेक्षित आर्थिक सहयोग उपलब्ध हुन थालेपछि एकातिर यसलाई समलिंगी समूहमा एचआइभी संक्रमितहरूको संख्या जसरी भए पनि बढाउनु पर्ने बाध्यता रहेको छ । अर्कोतिर अन्य कारणले एचआइभी संक्रमित भएका केही व्यक्ति बाध्यात्मक अवस्थामा 'म समलिंगी हुँ' भन्दै बिडिएसको सम्पर्कमा पुगेका छन् । ■








# बढ्यो व्यापार

■ नवीन अर्याल र
ज्योति देवकोटा/काठमाडौं
तस्वीरहरू : तेजबहादुर बस्नेत

**अहिले नेपाली बजारमा टेलिभिजनको माग कतिसम्म बढेको छ भने टेलिभिजन बेच्ने कम्पनीहरूले मागअनुसारको आपूर्ति गर्न सकिरहेका छैनन् ।**

**फुटबल भनेपछि** हुरुक्कै हुन्छन् नेपाली । झन् फुटबलको महाकुम्भ विश्वकप भनेपछि त उनीहरू आफ्नो दैनिकी नै बिर्सन्छन् । नेपाल विश्वकपमा छनोट हुने कहिले हो कहिले । तर, विश्वकप आयो कि नेपालीहरू आफ्नो देश नै विश्वकपमा सहभागी भएजस्तो गरेर टेलिभिजन स्क्रिनतिर झुम्मिने गर्दछन् । यसपालिको विश्वकप फुटबल प्रतियोगिता जेठ २६ गतेदेखि जर्मनीमा आयोजना हुँदै छ । विश्वकपको मिति नजिकिँदै जाँदा नेपाली बजारमा टेलिभिजन किन्नेहरूको घुइँचो पनि एक्कासि बढ्न थालेको छ । अहिले बजारमा टेलिभिजनको माग कति बढेको छ भने टेलिभिजन बेच्ने कम्पनीहरूले मागअनुसारको आपूर्ति गर्न सकिरहेका छैनन् ।

'विश्वकपका लागि २ महिनाअघि नै माग आइसके पनि आपूर्ति गर्न गाह्रो परिरहेको छ', हुन्डाई कम्पनीका बजार प्रमुख सञ्जय अग्रवाल भन्छन् । नेपालमा विशेषत विवाह र ठूलो चाडपर्वको मौसममा टेलिभिजनको कारोवार अत्यधिक हुने गर्दछ । तर, प्रत्येक चार वर्षको अवधिमा आउने विश्वकप फुटबलको सिजनमा भने टेलिभिजनको कारोवारले विवाह र चाडको मौसमलाई पनि उछिन्ने गरेको छ । यसपालिको विश्वकपको सिजनमा टेलिभिजन कम्पनीहरूले आफ्नो व्यापारलाई ५० प्रतिशतले बढाउने लक्ष्य राखेका छन् । तर, विश्वकपको विश्वव्यापी प्रभावले गर्दा अन्तर्राष्ट्रियस्तरमै बढेको टेलिभिजनको मागका कारण नेपाली बजारमा टेलिभिजनको बिक्रीमा असर पर्ने ठम्याइ छ, टेलिभिजन व्यापारीहरूको । विश्वकपका कारण अहिले विश्वभरि नै टेलिभिजनको माग दुई गुणाभन्दा बढीले बढेको छ भने टेलिभिजन कम्पनीहरूमै 'पिक्चर ट्युब'को अभाव देखिन थालेको छ ।

'पिक्चर ट्युबको अभावका कारण पनि हामीले अर्डर आएजति टेलिभिजन बेच्न सकिरहेका छैनौं', अग्रवाल थप्छन् । २०६२ सालको अन्त्यतिर नेपालभरि नै भएको जनआन्दोलनका कारण टेलिभिजन झिकाउन गाह्रो परेकाले पनि अहिले नेपाली बजारमा टेलिभिजन मागअनुसार उपलब्ध गराउन गाह्रो परिरहेको बताउँछन्, व्यापारीहरू ।

नेपालमा मुख्यतया टेलिभिजनको आयात चीन, दक्षिण कोरिया, भारत, जापान, हङकङ, इन्डोनेसिया र थाइल्यान्डबाट हुने गरेको छ । यी सबै देशमा अहिले 'पिक्चर ट्युब'को अभाव देखिन थालेको छ ।

पचासको दशकयता नेपालमा झन्डै ४५ वटा ब्रान्डका टेलिभिजन भित्रिसकेका छन् । तर, बजारमा प्रतिस्पर्धा गर्न नसक्दा थुप्रै ब्रान्डका टेलिभिजनको

**पिक्चर ट्युबको अभावका कारण पनि हामीले अर्डर आएजति टेलिभिजन बेच्न सकिरहेका छैनौं', हुन्डाई कम्पनीका बजार प्रमुख सञ्जय अग्रवाल भन्छन् । जनआन्दोलनका कारण टेलिभिजन झिकाउन गाह्रो परेकाले पनि अहिले बजारमा मागअनुसार टेलिभिजन उपलब्ध गराउन गाह्रो परिरहेको छ ।**



अस्तित्व समाप्त भइसकेको छ भने विश्वकपमा टेलिभिजनको अभाव देखिने भएपछि यी टेलिभिजनहरू रङ र नाम फेरेर फेरि बजारमा आउने सम्भावना बढेर गएको छ ।

हाल नेपालमा सबै ब्रान्डका गरी प्रतिवर्ष लगभग डेढ लाख टेलिभिजन सेट बिक्री भइरहेको बिक्रेता बताउँछन् । जसमा ८० प्रतिशत बजार चिनियाँ टेलिभिजनले ओगटेको स्काईवर्थ टेलिभिजनका निर्देशक राजेन्द्र श्रेष्ठ बताउँछन् । उनी विश्वकपको रौनक बढ्दै जाँदा प्रतिदिन एउटा ब्रान्डले मात्र औसतमा ३० वटा टेलिभिजन सेट बिक्री गर्ने बताउँछन् । श्रेष्ठ विश्वकपको खेल मध्यमा पुग्दा






टेलिभिजनको व्यापारले अझै व्यापकता पाउने अनुमान गर्छन्। 'विश्वकपका बेला टेलिभिजनको बिक्री खेलमा पनि निर्भर गर्दछ। खेल जति रोचक बन्दै जान्छ, टेलिभिजनको बिक्री पनि त्यहीअनुसार बढ्ने गर्दछ', उनी भन्छन्।

'जनआन्दोलनका कारण करिब २२ दिन व्यापार ठप्प भयो, त्यसैले अहिले माल झिकाउन गाह्रो परिरहेको छ', चिनियाँ ब्रान्डको कोन्का टेलिभिजनका महेश खनाल भन्छन्। उनी अहिले प्रतिदिन १ सय २० वटा टेलिभिजनको माग आए पनि आफूले ८० वटामात्र बिक्री गर्न पाएको दुखेसो पोख्छन्। 'विश्वकप सुरु भएपछि टेलिभिजनको माग अझै २० प्रतिशतले बढ्नेछ। अहिले हामीलाई बजार मिलाउन गाह्रो परिरहेको छ', उनी भन्छन्।

'विश्वकपमा टेलिभिजन बिक्रीको हिसाबले काठमाडौं उर्वर मानिए पनि धरान, विराटनगर, पोखरा र बुटवलजस्ता सहरमा पनि यसले व्यापकता पाउँदै आइरहेको छ', सामसुङ कम्पनीका बजार प्रमुख प्रभाकर थापा भन्छन्। पछिल्लोपल्ट २०५८ सालमा नेपालमा भएको जनगणनाअनुसार काठमाडौंमा मात्र २ लाख ३५ हजार ३ सय ८७ परिवार बसोवास गर्ने गरेका छन्। विराटनगरमा १ लाख ६७ हजार ८ सय ७५ र रूपन्देहीमा १ लाख १७ हजार ८ सय ५६ परिवार बस्दै आइरहेका छन्।

विश्वकपका लागि घरको भित्तामा टाँगेर हेर्न मिल्ने फ्लाटोनको नयाँ प्रविधि भित्र्याएको बताउने थापा विश्वकपको प्रभावले आफ्नो व्यापार ३० प्रतिशत बढेको बताउँछन्। सामसुङले नेपाली फुटबलप्रेमीलाई विश्वकपको प्रत्यक्ष अनुभव मात्र होइन आफ्नो ब्रान्डको टेलिभिजनको बिक्री प्रवर्धनका लागि नयाँ स्किमको घोषणा पनि गरेको छ, 'नरिवल फोड्नुहोस्, अनगिन्ती उपहार जित्नुहोस्।'

सन् १९५४ देखि विश्वकपमा टेलिभिजनको प्रयोग भए पनि नेपालीले भने पहिलोपल्ट सन् १९८६ को विश्वकपदेखि आफ्नो टेलिभिजन सेटबाट हेरेका थिए। यो २० वर्षको अवधिमा नेपालीमाझ विश्वकप फुटबलको क्रेज निकै बढेको बताउने चौधरी ग्रुपका बजार प्रमुख गौरव





**श्रेष्ठ विश्वकपको खेल मध्यमा पुग्दा टेलिभिजनको व्यापारले अझै व्यापकता पाउने बताउँछन् । 'विश्वकपका बेला टेलिभिजनको बिक्री खेलमा पनि निर्भर गर्दछ । खेल जति रोचक बन्दै जान्छ, टेलिभिजनको बिक्री पनि त्यहीअनुसार बढ्ने गर्दछ', उनी भन्छन् ।**

हमाल विश्वकप नजिकैको महिनामा ३५ सयभन्दा बढी टेलिभिजन बिक्री हुने गरेको बताउँछन् । 'पहिलेजस्तो एकल बजार नभए पनि विश्वकपका कारण चुलिँदो प्रतिस्पर्धामा समेत मागअनुसारको टेलिभिजन आपूर्ति गर्न मुस्किल परिरहेको छ', उनी भन्छन् ।

नेपालमा पहिलो नेपालमेड टेलिभिजनका रूपमा उत्पादन र बिक्री वितरण गरेको चौधरी ग्रुपका बजार प्रमुख हमाल भन्छन्, 'फुटबल, क्रिकेट तथा दसैंतिहार जस्ता चाडवाडमा हुने व्यापारले नै वर्षभरिको टेलिभिजनको व्यापार धानेको छ ।'

उनी विश्वकप सकिएपछि ५-६ महिना टेलिभिजनको बिक्रीमा व्यापक गिरावट आउने बताउँछन् । विश्वभर टेलिभिजनको बिक्री वितरणमा प्रभाव पार्ने विश्वकप फुटबलले नेपालमा पनि हलचलै ल्याएको छ ।

काठमाडौंलाई मात्र लक्षित गरेर अहिले करिब चालीस ब्रान्डका हजारौं टेलिभिजन नेपाल भित्रिएका छन् । २०५३ सालअगाडि सर्वसाधारणको पहुँचबाहिर रहेको टेलिभिजन किन्नका लागि अहिले ७ हजार मात्र हाल्ने हो भने घरमा आइपुग्छ । त्यो पनि वारेन्टी, विभिन्न बम्पर उपहार, अफर र छुटका साथ । त्यसमाथि मौसमअनुसार स्किम ल्याएर ग्राहक तान्ने काम टेलिभिजन कम्पनीहरूले गर्न थालेपछि नयाँ प्रविधि घरमा भित्र्याउनेको संख्या आकासिएको छ । बजारमा भ्यापभ्याप्ती देखिने नयाँ, सस्ता र वारेन्टीमा पाइने भएकाले बिग्रिएको टेलिभिजन बनाउनेभन्दा पनि नयाँ टेलिभिजन खरिद गर्नेतिर ग्राहक आकर्षित हुन थालेका छन् । सन २००० देखि नेपालमा भित्रिन थालेको चिनियाँ टेलिभिजनको बजारले अहिले विशेष गरी नेपाली उपभोक्तालाई सस्तो र सर्वसुलभ मूल्यमा टेलिभिजन हेर्ने वातावरण मिलाएको छ । ■







**विश्वकै सर्वोच्च शिखर** सगरमाथामा पहिलोपल्ट विजय पाएका दुई साहसिक आरोही नेपालका तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्यान्डका एडमन्ड हिलारीलाई यही जेठ १५ गते एकाबिहान एभरेस्ट आधार शिविरबाट १ सय ४० जना म्याराथन धावकहरूले एक साथ सम्झँदा त्यहाँको मौसम भने रुन्चे बनेको थियो। तर, सिमसिमे झरी अनि बाक्लो बादल चिर्दै नाम्चे बजार उत्रिँदा सबै धावक खुसीले गदगद देखिन्थे। यसमा पनि सोलु निवासी २४ वर्षीय एक ठिटाको खुसीको ठेगाना थिएन। उनी विश्वकै अग्लो ठाउँमा आयोजित म्याराथुन प्रतियोगिता जितेर आनन्दित थिए।

'मलाई यति बेला सगरमाथामा चढेझैं अनुभव भइरहेको छ', एभरेस्ट आधार शिविरबाट ३ घन्टा २८ मिनेट २७ सेकेन्डमा नाम्चेबजार उत्रिएपछि उनी भनिरहेका थिए। गत साता नाम्चेमा भएको तेन्जिङ-हिलारी एभरेस्ट म्याराथनको चौथो संस्करण यसपालि सोलुका दीपक राईले जितेका छन्। किसान परिवारका दीपकले दुईपल्टका च्याम्पियन दाङगिमा शेर्पा र छिरिङ राईलाई ४० दशमलव ५ किलोमिटरको दौडमा धेरै पछाडि छोडेका थिए।

'मैले यो नतिजा सोचेको पनि थिइनँ', गत एभरेस्ट म्याराथनमा तेस्रो स्थानमा चित्त बुझाएका दीपकले विजयपछि *समय*लाई भने। दुईपल्टका च्याम्पियन दाङगिमाको खुट्टा ट्याङबुचेभन्दा केही अगाडि फर्किएपछि उनले तीसौं स्थानमा दौड पूरा गरे।



विजेता दीपक राई

'तेस्रोपल्ट जित्ने सपना अधुरो रह्यो', नाम्चे झरेपछि दुखी देखिएका दाङगिमा भन्दै थिए।

निकै चुनौतीपूर्ण मानिने एभरेस्ट म्याराथनमा कर्मा शेर्की ३ घन्टा ३५ मिनेट ३९ सेकेन्डमा दूरी पूरा गर्दै दोस्रो भए भने त्यसको चार मिनेटपछि दौड पूरा गरेका सशस्त्र प्रहरीका लोकबहादुर रोकाया तेस्रो भए।

तीन छोरा-छोरीकी आमा ३५ वर्षीया आङ दामी शेर्पा ५ घन्टा ६ मिनेट ५५ सेकेन्डमा पूरा गर्दै महिलातर्फको दौडमा प्रथम भइन्। दौडकै क्रममा भगवानको प्राथना गर्दै दौडिरहेकी सोलु थामीकी आङदामी विजयपछि भन्दै थिइन्, 'भगवान् नै भेटेजस्तो भयो।' उनी पहिलोपल्ट यो प्रतियोगितामा सहभागी थिइन्। महिलातर्फ उनीभन्दा आधा उमेरकी १६ वर्षीय स्कुले धाविका मिङमा शेर्पाले ५ घन्टा ११ मिनेट ५६ सकेन्डमा दौड पूरा गर्दै दोस्रो र पूर्व च्याम्पियन याङदी शेर्पा तेस्रो भइन्। १६ वर्षे किशोरीभन्दा पछाडि परेपछि याङ्दी ठट्टा गर्दै थिइन्, 'म अविवाहित किशोरीलाई उछिन्न चाहन्नथें।'

अमेरिकाका २२ वर्षीय टम पार्किन विदेशी धावकतर्फ पहिलो भए। प्रतियोगितामा २१ जना विदेशी धावक दौडिरहेको देखेर दंग परेका आयोजक हिमालय एक्सपेडिसनका महानिर्देशक विक्रम पाण्डे भन्दै थिए, 'अर्को वर्ष यो प्रतियोगितामा अझै विदेशी धावकहरूको सहभागिता बढ्नेछ।'

■ तस्वीर र शब्द : भास्वर ओझा/नाम्चे

# दीपकको उचाइ

**'मलाई यति बेला सगरमाथामा चढेझैं अनुभव भइरहेको छ', एभरेस्ट आधार शिविरबाट ३ घन्टा २८ मिनेट २७ सेकेन्डमा नाम्चेबजार उत्रिएपछि दीपक राई भनिरहेका थिए। गत साता नाम्चेमा भएको तेन्जिङ-हिलारी एभरेस्ट म्याराथनको चौथो संस्करण उनले जितेका छन्।**



विश्वकै सबैभन्दा अग्लो भूमिमा भएको एभरेस्ट म्याराथनका सहभागीहरू




◀ राष्ट्रिय लिग विजेता वीरगन्ज ट्रफी उचाल्दै

▼ राष्ट्रिय लिग प्रतियोगिताको एक दृश्य



तस्वीरहरू : तेजबहादुर बस्नेत

# वीरगन्जलाई फेरिएको उपाधि

■ **नवीन अर्याल/काठमाडौं**

**फेरिएको नाम र फेरिएको मौसममा** सुरु भएको राष्ट्रिय क्रिकेट प्रतियोगिताको पाँचौं संस्करण क्षेत्र नम्बर २ वीरगन्जले जितेको छ। जेठ १४ गते कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको खेल मैदानमा भएको राष्ट्रिय लिग प्रतियोगिताको फाइनलमा भैरहवालाई ५१ रनले पराजित गर्दै वीरगन्जले पहिलो पल्ट राष्ट्रिय लिगको उपाधि जितेको हो।

वीरगन्ज पहिलो पल्ट नै राष्ट्रिय लिगको फाइनलमा पुग्न सफल भएको थियो। भैरहवा योसमेत तेस्रोपल्ट राष्ट्रिय प्रतियोगिताको फाइनलमा पुगे पनि उपाधिबाट विमुख रहन पुग्यो। यसअघि काठमाडौंमा भएको पहिलो संस्करणको राष्ट्रिय लिग प्रतियोगिता र वीरगन्ज र कलैयाको संयुक्त आयोजनामा भएको तेस्रो संस्करणको राष्ट्रिय लिगमा फाइनलमा पुग्न सफल भएको थियो, भैरहवा। त्यति बेला दुवैपल्ट भैरहवा क्षेत्र नम्बर १ विराटनगरसँग फाइनलमा कुल रन रेटको आधारमा पराजित हुन पुगेको थियो।

'यसपालि हामी खेलेर पराजित भएका छौं', तेस्रोपल्ट दुर्भाग्यपूर्ण टोली सावित भएपछि क्षेत्र नम्बर ४ भैरहवाका कप्तान शक्ति गौचनले *समय*सँग भने। पूर्व कप्तान राजु खड्काको अनुपस्थितिमा राष्ट्रिय टोलीका उपकप्तान शक्तिको नेतृत्वमा यसपालि भैरहवा राष्ट्रिय प्रतियोगितामा सहभागी भएको थियो। उनी १० विकेट लिनुका साथै ३९ रन बनाएबापत प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित हुँदा पनि त्यति प्रसन्न थिएनन्।

'युवा टोली भएको हुनाले पनि हामीलाई उपाधि जित्न गाह्रो भएको हुनु पर्छ', ६ नयाँ अनुहारसँगै राष्ट्रिय टोलीका वसन्त रेग्मी र मनोज वैश्यलाई लिएर यो प्रतियोगितामा सहभागी हुन आएका शक्तिले पराजयपछि छोटो प्रतिक्रिया दिए।

जनआन्दोलन-२ को प्रभावले गर्दा श्री ५ वीरेन्द्र स्मृति राष्ट्रिय लिगको नाम परिवर्तन गरेर नेपाल क्रिकेट संघ (क्यान)ले राष्ट्रिय लिग मात्र राखेको थियो। यसैगरी यो प्रतियोगिता पहिलोपल्ट जेठमा भएको थियो। खेल मैदान र पिच व्यवस्थित नै नगरी हतारमा खेलाइएको यसपालिको राष्ट्रिय लिग प्रतियोगिताका प्रायः सबै खेलका नतिजा 'लो स्कोर'मा निस्किएको थिए। भैरहवाले समूहगत खेलमा नेपालगन्जविरुद्ध बनाएको २ सय ३८ रनको लक्ष्य नै यो प्रतियोगिताको सबैभन्दा उच्च कुल स्कोर थियो।

'पिच र आउट फिल्ड त्यति राम्रो थिएन। त्यसैले हामीलाई खेल्न अप्ठ्यारो परिरहेको थियो', पाँचौं संस्करणको राष्ट्रिय लिग विजेता टोलीका कप्तान विनोद दासले भने। पहिलो संस्करणको राष्ट्रिय लिगमा पवन अग्रवालको कप्तानीपछि बाँकीको राष्ट्रिय प्रतियोगितामा वीरगन्जको नेतृत्व गर्दै आइरहेका विनोदको कप्तानीमा दोस्रो, तेस्रो र चौथो राष्ट्रिय प्रतियोगितामा क्षेत्र नम्बर २ फाइनलसम्म पुग्न असफल हुँदै आइरहेको थियो।

'हामी एकजुट भएर खेल्यौं। त्यसैको नतिजा हो यो', राष्ट्रिय लिगको फाइनलको अहिलेसम्मकै 'लो स्कोरिङ' खेलमा ४७ ओभरमा १ सय ३१ रन बनाउँदै भैरहवालाई ३१ ओभरभित्र ८० रनमा सीमित पारेपछि नेपाली राष्ट्रिय टोलीका कप्तानसमेत रहेका विनोद दासले *समय*सँग भने, 'निश्चय नै राष्ट्रिय उपाधि जित्नु गर्वको कुरा हो।' वीरगन्जको यसपालिको टोलीमा विनोद दास, कनिष्क चौगाई, सञ्जम रेग्मी र विकास दलीजस्ता राष्ट्रिय खेलाडी सम्मिलित थिए।

'यसपल्ट हामीले कडा अभ्यास गरेका थियौं', प्रतियोगिताको उत्कृष्ट ब्याट्सम्यान घोषित कनिष्कले भने। यो प्रतियोगिताको फाइनलको म्यान अफ द म्याच राष्ट्रिय टोलीका अफ स्पिनर वीरगन्जका सञ्जम रेग्मी घोषित भए। उनी प्रतियोगिता अवधिभर ८ विकेट लिएबापत उत्कृष्ट बलरबाट पनि सम्मानित भएका थिए।

यसपालिको राष्ट्रिय लिग प्रतियोगितामा चारपल्टको उपाधि विजेता विराटनगर सेमिफाइनलबाटै बाहिरिएको थियो। दीपेन्द्र चौधरी, युनिल श्रेष्ठ, मञ्जित श्रेष्ठ, यशवन्त सुवेदी, मनोज कटुवाल, लाक्पा लामा, महबुब आलम, राजकुमार प्रधान र रतन रौनियारजस्ता नौजना राष्ट्रियस्तरका खेलाडीले सुसज्जित भए पनि विराटनगर सेमिफाइनलमा वीरगन्जबाट ६१ रनले पराजित हुन पुगेको थियो। भक्तपुरको आर्मी ग्राउन्डमा भएको खेलमा विराटनगरले प्रतियोगिताकै सबैभन्दा कम ७७ योगफल बनाएको थियो। 'मैदान र पिच कुनै पनि हालतमा राष्ट्रिय प्रतियोगिता गराउने लायकको थिएन। तर, यो भनेर हामी पन्छिएका छैनौं। कुनै पनि खेलाडीले आफ्नो योग्यता अनुसारको खेल खेलेनन्', विराटनगरका प्रशिक्षक प्रदीप पाण्डेले भने।

दोस्रो र चौथो संस्करणको राष्ट्रिय लिगमा फाइनलमा पुगेर विराटनगरसँग पराजित भएको क्षेत्र नम्बर ३ काठमाडौं पनि यसपालि सेमिफाइनलमा भैरहवासँग पराजित हुन पुगेको थियो। काठमाडौंमा पनि परेश लोहनी, राजु बस्नेत, कलाम अली, शरद भेषवाकर, पारस खड्का, ज्ञानेन्द्र मल्ल र अभय राणाजस्ता राष्ट्रियस्तरका ७ खेलाडी सम्मिलित थिए। क्षेत्र नम्बर ५ नेपालगन्ज र क्षेत्र नम्बर ६ बैतडी लिग चरणबाटै बाहिरिएका थिए। ■





जापानका नाकाता, हियामोतो र इनामोतो

# एसियाली चुनौती

■ नवीन अर्याल/काठमाडौं

**जेठ २६ गते** जर्मनीमा फुटबलको महाकुम्भ विश्वकप सुरु हुँदा एसिया महादेशका २ अर्बभन्दा बढी मान्छेको ध्यान एसियाली मुलुकका टोलीतर्फ तानिनेछ। आफ्नै देश सहभागी नभए पनि दक्षिण एसियाली राष्ट्र बंगलादेशमा केही समयका लागि परीक्षा नै स्थगित भइसकेको छ भने सहभागी देशहरू- सूर्योदयको देश जापान, आणविक विवादमा मुछिएको इरान, ओलम्पिकमा उत्तर कोरियासँगै एउटै झन्डामुनि मार्चपास गरेको दक्षिण कोरिया र तेलको पैसाले बलियो बनेको साउदी अरब, यो महिना पूरै फुटबलमय बन्ने पक्का छ। जापान, इरान, दक्षिण कोरिया र साउदी अरब विश्वकपमा सहभागी हुन लागेको यो नै पहिलो अवसर भने होइन। यी राष्ट्र लामो समयदेखि विश्वकप फुटबलमा सहभागी हुँदै आइरहेका छन्। विश्वकपको अनुभव, एसियाली फुटबलको सुधिँदो अवस्था र जर्मनीको अनुकूल वातावरणका कारण यसपालि एसियाली राष्ट्रको चुनौतीलाई युरोपेली मात्र होइन यति बेला दक्षिण अमेरिकी राष्ट्रले पनि गम्भीरताका साथ लिएका छन्। तर, यति हुँदा हुँदै पनि विश्वकपमा एसियाली राष्ट्रको स्तरीय प्रदर्शनलाई लिएर भने एसियाली राष्ट्का धेरैजसो फुटबल प्रशंसकहरू ढुक्क हुन सकिरहेका छैनन्। अझ फुटबल पण्डितहरूकै कुरा गर्ने हो भने उनीहरू जापान, इरान र साउदी अरबमात्र होइन यसपालिको विश्वकपमा दक्षिण कोरियाले पुरानो सफलता दोहोऱ्याउने छ भन्नेमा पूर्णरूपले आश्वस्त हुन सकिरहेका छैनन्।



अलि देई

**दक्षिण कोरिया** गत विश्वकपमा दुईपल्टको विश्व च्याम्पियन इटाली, युरोपेली च्याम्पियन स्पेन र युरोकपको उपविजेता पोर्चुगललाई हराउँदै सेमिफाइनलसम्म पुगेको थियो। यो विश्वकपमा पूर्व च्याम्पियन फ्रान्स, स्विजरल्यान्ड र टुगो सम्मिलित समूह 'जी'मा उपस्थित छ, दक्षिण कोरिया। फ्रान्स गत विश्वकपमा विपक्षी टोलीविरुद्ध एक गोल पनि गर्न नपाउँदै पहिलो चरणबाटै बाहिरिएको थियो। स्विजरल्यान्ड सन् १९९४ पछि दुईवटा विश्वकपमा छनोट हुन असफल भएको थियो। अफ्रिकी राष्ट्र टुगो पहिलोपल्ट विश्वकपमा सहभागी हुँदै छ। यो स्थितिमा केही फुटबल विज्ञहरूले कोरियाको बलियो उपस्थितिको सम्भावनालाई ठाडै नकारेका भने छैनन्। तर, युरोपेली क्लबका स्टार खेलाडीहरूको आधिपत्य रहेको फ्रान्स, पछिल्लो समय आफ्नो खेलमा निकै सुधार गरेको स्विजरल्यान्ड र अपत्यारिलो टुगोलाई पन्छाउँदै माथिल्लो चरणमा उक्लिन भने कोरियाले कडा मेहनत गर्नु पर्ने पक्का छ।

सन् २००२ को विश्वकपमा डच प्रशिक्षक गुस हिडिन्कको नेतृत्वमा सेमिफाइनल पुगेर इतिहास रचेको कोरिया सातौंपल्ट विश्वकपमा सहभागी हुँदै छ। यो देश १९८६ को विश्वकपदेखि अनवरत विश्वकपमा छनोट हुँदै आइरहेको छ। विश्वकप छनोट खेलमा टोलीको खराब प्रदर्शनका कारण दुई प्रशिक्षक फेरेको कोरियामा हाल अनुभवी अर्का डच प्रशिक्षक डिक एडभोकाट छन्। गत वर्ष छनोट खेलमा दक्षिण एसियाको कमजोर टोली माल्दिभ्ससँग गोलरहित बराबरी खेलेपछि पोर्चुगिज प्रशिक्षक हुम्बेर्टो कोहिल्यो र साउदी अरबसँग २-० ले पराजित भएपछि डच प्रशिक्षक जो बोनफ्रेरेलाई निष्काशित गरेको थियो, कोरियाले। सन् १९९४ को विश्वकपमा इङल्यान्ड र नर्वे सहभागी कडा समूहमा परेको नेदरल्यान्डलाई क्वाटरफाइनलसम्म पुऱ्याउन सफल एडभोकाटले यो विश्वकपमा कोरियाली टिमको प्रशिक्षक पद सम्हालेपछि उनले पहिलो काम नै अनुभवी खेलाडीलाई टोलीमा फर्काउने गरे। उनले सन् २००२ मा हिडिन्कसँग काम गरेका सहयोगी प्रशिक्षकहरूलाई पनि फर्काएका छन्। उनले गत विश्वकपमा सहभागी नौ खेलाडीलाई टोलीमा सम्मिलित गरेका छन्। सन २००४ मा संन्यास लिएका राइट फुल व्याक चोइ जिन च्युललाई टोलीमा फिर्ता बोलाउँदै एडभोकाटले आउँदो विश्वकपमा ठूलो खतरा नमोल्ने स्पष्ट पारिसकेका छन्। च्युल एयर बल र खेललाई राम्रोसँग पढ्न सक्ने खुबी राख्छन्। उनीसँगै यो विश्वकपमा इङलिस क्लब टोटेनहामबाट व्यवसायिक फुटबल खेलिरहेका गत विश्वकपका प्रेरणादायी लेफ्ट विङ्ग- ब्याक लि योङ पियो, डच क्लब फेयेनुर्डमा अनुबन्धित अर्का डिफेन्स किम सङ सिकलाई टोलीमा स्थान दिइएको छ।

अल जावेर



मिडफिल्डमा गत विश्वकपमा सहभागी तीनजना स्टार खेलाडी किम नाम इल, पार्क जि सुङ र लि इयुल योङ सम्मिलित छन्। भ्याकुम क्लिनरको नामले चर्चित किम डच क्लब एक्सिलेसर रोटेरडामबाट खेलिसकेका छन् भने लि 'फ्री किक'का लागि चर्चित छन्। उनले टर्कीविरुद्ध गत विश्वकपमा 'फ्री किक'बाट गरेको गोल अविस्मरणीय मानिन्छ। सन् २००२ को विश्वकपलगत्तै टर्की क्लबबाट व्यवसायिक फुटबल खेल्न पुगेका लिलाई पूर्व प्रशिक्षक बोनफ्रेरेले विवादका कारण टोलीबाट निकालेका थिए। पार्क अहिलेसम्मकै कोरियाका सबैभन्दा उत्कृष्ट खेलाडी मानिन्छन्। इङल्यान्डको बहुचर्चित म्यानचेस्टर युनाइटेड क्लबबाट २००५ देखि व्यवसायिक फुटबल खेल्न थालेका पार्क यो विश्वकपका स्टार खेलाडीहरूको पंक्तिमा पनि पर्छन्।

कोरियाले अग्रपंक्तिमा सन् २००२ को अनुभवी तीन स्टार स्ट्राइकर आन जुङ ह्वान, सोल कि ह्युन, लि चुङ सुलाई नै प्रयोग गर्नेछ। गत विश्वकपमा विश्वविजेता इटालीलाई डुबाउन मुख्य भूमिका खेलेका आन हाल जर्मनीको डुइसवर्गमा अनुबन्धित छन् भने सु इङल्यान्डको साउथहाम्टन क्लबबाट व्यवसायिक फुटबल खेलिरहेका छन्।

**जापान** एसियाको अर्को आशालाग्दो देश हो। मिडफिल्डमा विश्व फुटबलमै नाम कमाएका हिदेतोसि नाकाता, सिन्जी ओनो, सुनसुकी नाकामुरा र जुनिची इनामोतोका कारण जापानको प्रदर्शन राम्रो हुने आशा गरिएको छ। तर, विश्वकपको समूह 'एफ'मा ५ पल्टको विश्व च्याम्पियन ब्राजिल, युरोपेली फुटबलमा नाम कमाएको क्रोएसिया र आगामी वर्ष एसियाली फुटबलमा गाभिन लागेको छिमेकी अस्ट्रेलियाका कारण जापानको दोस्रो चरण प्रवेशको सम्भावनालाई लिएर धेरैले जिब्रो काटिसकेका छन्। त्यसैले ब्राजिलका पूर्व स्टार तथा चार वर्षदेखि जापानी फुटबललाई नियाल्दै आइरहेका प्रशिक्षक जिकोले अनुभवी तथा युरोपेली फुटबलको अनुभव बटुलिसकेका खेलाडीहरूलाई नै प्राथमिकता दिएका छन्। जिको अहिले मिडफिल्डलाई लिएर बढी नै आश्वस्त छन् भने सन् २००३ देखि जर्मनीको ह्याम्बर्गबाट व्यवसायिक फुटबल खेल्दै आइरहेका अनभुवी स्ट्राइकर नाओहिरो ताकाहारा र इटालीको साम्पडोरिया र मेसिनाबाट खेलिरहेका आत्सुसि यानागिसावालाई लिएर विश्वस्त पनि। ताकाहारा र यानागिसावा गत विश्वकपमा पनि जापानी टोलीका मुख्य स्ट्राइकर थिए। ताकाहाराले जर्मनी क्लबमा अनुबन्धित भएपछि जर्मन राष्ट्रिय टोलीका पूर्व कप्तान गोलरक्षक ओलिभर कहानको बुन्डेसलिगामा ८ सय ३ मिनेट गोल नखाएको कीर्तिमान भंग गरेका थिए। यानागिसावा जापान पहिलोपल्ट छनोट भएको सन् १९९८ को विश्वकपमा पनि टोलीमा सहभागी थिए। जापानमा हाल विश्वकपको अनुभव बटुलेका ११ खेलाडी सहभागी छन्, जसमा गोलरक्षक योसिकात्सु कावागुचीले सन् १९९८ को विश्वकपमा समेत जापानी गोलपोस्ट सम्हालिसकेका छन्। गत विश्वकपमा दोस्रो चरणमा उक्लिन सफल जापानी टोलीका सेन्टर-ब्याक सुनेयासु हियामोतो (सन् २००२ को विश्वकपमा मास्क लगाएर खेलेका कारण ब्याटम्यानको नामले चिनिएका), कोजी नाकाता र ब्राजिलमा जन्मिएका लेफ्ट- विङ्गर सान्तोस अलेसान्द्रो यो विश्वकपमा पनि जापानी टोलीको डिफेन्स लाइन-अप सम्हाल्दै छन्।

मिडफिल्डमा रहेका चार खेलाडीले अघिल्लो विश्वकपको अनुभव बटुलिसकेका छन्। सन् १९९७ र १९९८ मा लगातार दुईपल्ट एसियाली वर्ष खेलाडी घोषित नाकाता जापानका अर्का खेलाडी काजु मिउरापछिकै सबैभन्दा चर्चित खेलाडी हुन्। जापानको कप्तानसमेत रहेका नाकाता सन् १९९८ मा पनि जापानी टोलीमा सहभागी थिए। उनी हाल इङल्यान्डको बोल्टन क्लबमा अनुबन्धित छन्। गत विश्वकपमा दुई गोल गरेका इनामोतो पनि इङल्यान्डको वेस्ट ब्रोमबिचबाट व्यवसायिक फुटबल खेल्दै आइरहेका छन् भने २७ वर्षीय सिन्जी ओनो डच क्लब फेयेनुर्डमा अनुबन्धित छन्। नाकामुरा आयरल्यान्डको सेल्टिक क्लबमा अनुबन्धित छन्।

यता तेस्रोपल्ट विश्वकपमा सहभागी हुन लागेको **इरान**को दोस्रो चरणको सम्भावनालाई लिएर धेरैले अडकलबाजी काटेका छन्। इरानी खेलाडीहरूको बुन्डेसलिगामा बढ्दो हिमचिम र समूह 'डी'मा मेक्सिको, पोर्चुगल र अंगोलाको उपस्थितिका कारण पनि इरानले यो विश्वकपमा फड्को मार्ने विश्वास गरिएको छ। इरानका सुपरस्टार अली देईसँग जर्मनीको बुन्डेसलिगा खेलेको लामो अनुभव छ। अन्तिमपल्ट सन् १९९८ को विश्वकपमा सहभागिता जनाउँदा टोलीको मुख्य सदस्य रहेका देईले १ सय ४५ अन्तर्राष्ट्रिय खेलमा १ सय नौ गोल गरिसकेका छन्। हाल इरानी टोलीमा पाँचजना बुन्डेसलिगा खेलेका खेलाडी छन्। प्रभावशाली मिडफिल्डर अली कारिमी वार्यन म्युनिखबाट व्यवसायिक फुटबल खेलिरहेका छन् भने फेरिदुन जान्डी काइसेरस्ल्युटर्न, मेहदी माहदभिकिया ह्यामवर्गबाट खेलिरहेका छन्। स्ट्राइकर भाहिद हसेमिन हानहोभरबाट खेलिरहेका छन्। इरान पहिलोपल्ट सन १९७८ मा विश्वकपमा सहभागी भएको थियो।

तेल कुवेर **साउदी अरब** भने लगातार चौथोपल्ट यो विश्वकपमा भाग लिँदै छ। सन् १९९४ मा अमेरिकामा भएको विश्वकपदेखि एसियाबाट लगातार छनोट हुँदै आइरहेको साउदी आफू सहभागी पहिलो विश्वकपकै अन्तिम १६ मा स्थान बनाउन सफल भएको थियो। यो विश्वकपमा साउदी अरब समूह 'एच'अन्तर्गत स्पेन, युक्रेन र ट्युनेसियाको समूहमा परेको छ। साउदी अरबले विश्वकप छनोटअन्तर्गत १२ खेलमा अपराजित हुँदै गत विश्वकपको सेमिफाइनलमा पुगेको कोरियालाई घर भित्र र बाहिर दुवै ठाउँमा हराएको थियो। पछिल्ला तीनवटै विश्वकपमा टोलीमा सहभागी भएका गोलरक्षक मोहम्मद अल देइया र स्ट्राइकर सामी अल जावेरको अनुभवले तिखारिएको साउदी अरबका कुनै पनि खेलाडीमा युरोपेली लिग खेलेको अनुभव छैन। जावेरले १ सय ५९ अन्तर्राष्ट्रिय खेलमा ४३ गोल गरिसकेका छन्। उनी सन् १९९८ को विश्वकपमा दक्षिण अफ्रिकाविरुद्ध २-२ को बराबरी खेलमा साउदीबाट दुवै गोल गर्दै चर्चामा आएका थिए। गत विश्वकपमा जर्मनीसँग ८-० को पराजय भोगेको साउदीलाई यो विश्वकपमा ब्राजिलको युवा टोलीका अनुभवी प्रशिक्षक पाक्युटाले सम्हालिरहेका छन्। उनको नेतृत्वमा साउदीले यसपालि राम्रो प्रदर्शनको आशा गरेको छ। तर, युरोपेली फुटबलका शक्तिराष्ट्र स्पेन, युक्रेन र ट्युनेसिया समूहमा रहेको स्थितिमा साउदीलाई अगाडि बढ्न कडा मेहनतका साथै भाग्यको पनि उत्तिकै साथ चाहिनेछ। ■



पार्क जि सुङ ▶

# महत्त्वपूर्ण दस्तावेज




**त्रिभुवन विश्वविद्यालय,** इतिहासका प्राज्ञ डा. सुरेन्द्र केसीको परिचय भनेको नेपालमा कम्युनिष्ट पार्टीहरूको इतिहास खोतल्नु रहेको छ। नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास तथा ऐतिहासिक दस्तावेज संग्रह नाममा ६ वर्षअघि प्रकाशित कृति पछि केसीले यसै वर्ष ऐतिहासिक दस्तावेज संग्रह भाग दुई प्रकाशनमा ल्याएका छन्, जसलाई माले खण्ड भनिएको छ।

नेपालको कम्युनिष्ट आन्दोलनको २०२० सालदेखि २०५० सालसम्मका राजनीतिक घटनालाई केसीले पुस्तकमा समेटेका छन्। जसमा त्यस कालखण्डमा अग्रणी भूमिका खेलेको मालेका बारेमा प्रशस्त चर्चा छन्, मालेका राजनीतिक गतिविधिहरू, त्यसका नेताहरू र राजनीतिक नीति केसीले पुस्तकमा समेटेका छन्।


पुस्तकबारे लेखकले 'पार्टीभित्र विचारधारात्मक प्रवाह र उत्पन्न समस्या समाधानको विधि एवं पद्धतिसम्मत समाधानका लागि विविध किसिमका पार्टी संयन्त्र र शैली अबलम्बन गरिए। यसै क्रममा केन्द्रले पर्याप्त अन्तरपार्टी निर्देशन लगायतका सामग्री जारी गऱ्यो। यो दस्तावेज संग्रह तिनै सामग्रीको संकलित रूप हो' भनेका छन्। केसीले 'माले विलक्षण नेपाली युवा कम्युनिष्टको बौद्धिक अभ्यास थियो। यसले नेपालको पुरानो कम्युनिष्ट नेतृत्व मात्र होइन प्रतिस्पर्धी नेपाली कांग्रेस र सत्ताधारी पंचायती पक्षलाई पनि हल्याएर राखिदियो' भन्ने विश्लेषण गरेका छन्। केसीले लेखकीय मन्तव्यमा यस्तो भनेका छन् भने पुस्तक आफैले भन माले कम्युनिष्ट व्यक्तिहत्याको उग्रताबाट रूपान्तरण हुन त्यस बेलाको नेपालको राजनीतिक प्रमुख घटक कांग्रेस र पंचायती राजनीतिको पनि उत्तिकै प्रभाव परेको देखिन्छ। लेखकले एकातर्फी रूपमा माले राजनीतिको मात्र विश्लेषण गरेका छन्। माले राजनीतिका उतारचढावका घटनाबाटै त्यस्तो प्रभाव परेको देखिन्छ। जसले गर्दा कतिपय सामयिक राजनीतिबाट पुस्तक एक्लिएको छ।

व्यक्तिहत्याको उग्रताबाट हर्किएको पार्टी कसरी २०४६ साल सम्ममा कम्युनिष्ट आन्दोलनको मूल प्रवाह बन्यो भन्ने कुरा लेखकले विभिन्न घटना र नेतृत्वको योगदानबारे चर्चा गरेका छन्।

पुस्तक पाँच भागमा बाँडिएको छ। मालेको ऐतिहासिक सिंहावलोकन, पार्टीभित्रका वादविवादका प्रमुख विषयको चर्चा संक्षेपमा छन्। त्यस्तै माले पार्टीका संस्थापक र चौथो महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका सदस्यहरूको परिचयसमेत राखिएको छ। करिब ५ पृष्ठको पुस्तकका अधिकांश भाग अन्तरपार्टी निर्देशनले भरिएको छ। पुस्तक सन्दर्भसामग्रीका रूपमा उपयोगी देखिन्छ।

■ **विश्वमणि पोखरेल**

# परिवार विचलनको कथा




**साहित्यकार शशि** भण्डारीको नयाँ उपन्यास कृति 'विचलन' बजारमा आएको छ। यसअघि उनका कविता, निबन्ध र उपन्यासका आधा दर्जनजति किताब सार्वजनिक भइसकेका छन्।

हुनत अहिले विचलन हाम्रो जीवनको पर्याय नै बनेको छ। राजनीतिक, सांस्कृतिक, साहित्यिक, सामाजिक, आर्थिकलगायत सबै क्षेत्र हेरौं न, विचलन नभएको ठाउँ कुन छ र ? वास्तवमा यो परिप्रेक्ष्यमा उपन्यासको शीर्षक नै समसामयिक छ र कथा पनि सामाजिक। समाजका हरेक पक्षमा विचलन आएपछि परिवार सग्लो बन्ने कुरै उठ्दैन। त्यसैले होला, सामाजिक परम्परामा बाँधिएको परिवार कसरी विखण्डनतर्फ अघि बढ्छ भन्ने विषयलाई सशक्तरूपमा उठाएका छन् शशिले। यो उपन्यासले नेपाली जनजीवनको एउटा पाटोलाई टपक्कै टिप्ने प्रयास गरेकाले यसलाई यथार्थवादी धारामा राखेर हेर्न सकिन्छ। उपन्यासमा कथानक, पात्र, प्रस्तुति, घटनाक्रम सिलेसिलेवार रूपमा आएका छन्। भाषा मिठासपूर्ण छ, सलल बग्छ पढ्दा। उपन्यासको परिवेश काठमाडौंको सेरोफेरोमा दौडिएको छ, २००७ सालको क्रान्तिपछि राणाको कृपामा आश्रित एउटा उच्च मध्यम वर्गीय परिवारमा आएको विघटनलाई उनिएको छ यसमा। त्यो बेलाको सामाजिक, आर्थिक, राजनीतिक परिस्थितिको विश्लेषण गरिएको छ, यसमा। साहित्यकार भवानी घिमिरेले उपन्यासबारे लेखेका छन्, 'राणाशाहीपछिको परिवर्तन र परिवर्तित परिस्थिति संकेत गरेको छ।' यति हुँदाहुँदै पनि कतिपय ठाउँमा विषयको पुनरावृत्ति भएको आभास पाउन सकिन्छ, ४ सय ६८ पृष्ठको यो उपन्यास पढ्नचाहिँ पाठकले धैर्य नै गर्नु पर्ने हुन्छ, किनकि अघिल्ला भागले पाठकमा त्यति कौतुहलता जगाउन सक्दैनन्।

■ **छत्र कार्की**





**किताब** : टुक्रा-टुक्रा आकाश
**विधा** : गजल
**कवि** : ईश्वरी कार्की 'वर्षा'
**पृष्ठ** : ६४
**मूल्य** : रु ४०/-
**प्रकाशक** : विवेक सिर्जनशील प्रकाशन प्रालि




**किताब** : युगबोध
**विधा** : काव्य
**लेखक** : भद्रकुमारी घले
**पृष्ठ** : २५७
**मूल्य** : रु २५०/-
**प्रकाशक** : लेखक स्वयम्




**किताब** : सगुन र सडक
**लेखक** : जनकप्रसाद हुमागाईं
**पृष्ठ** : ३२
**मूल्य** : रु ४०/-
**प्रकाशक** : रत्न पुस्तक भण्डार




**किताब** : नीरा मधेश
**विधा** : कविता
**कवि** : एचएम शर्मा
**पृष्ठ** : ५१
**मूल्य** : रु ३५/-
**प्रकाशक** : कवि स्वयम्

# लोकतन्त्रको संघारमा

■ चंकी श्रेष्ठ

**खबरपत्र दैनिकको** सम्पादक निकै दुविधामा पर्‍यो । के गर्ने ? कस्तो समाचार दिने ?

अखबारलाई समयअनुसार चलाउन ऊ निकै माहिर थियो । मन्त्रीलाई रुघा लागेको समाचार मुखपृष्ठमा छाप्न, नियमित विज्ञापन पाउने सर्तमा मन्त्री र तस्करका अपराध लुकाउन वा अर्धसत्यका भरमा घटना तोडमरोड गर्नमा उसको सीप अनुपम मानिन्थ्यो । जनसरोकारका कतिपय समाचार रोक्न भने 'कोड अफ कन्डक्ट' तेर्स्याउँथ्यो । अहिले समस्या थियो । लोकतान्त्रिक आन्दोलनको परिणामबारे निश्चित हुन सकिरहेको थिएन ऊ ।

प्रतिगमन सुरु भएपछि उसले त्यसैका पक्षमा अखबारलाई अधिकतम सदुपयोग गर्‍यो र एकद्वार विज्ञापन प्रणालीको फाइदा लुट्नुसम्म लुट्यो । आन्दोलनकारीका टाउका फुटेर सडक लछप्पै छोपिएका बेला ऊ मुखपृष्ठमा हिमाल, फूल वा मैथुनरत भँवराको ठूलो तस्बीर छाप्थ्यो र माधव घिमिरेलाई नै बिर्साउने गरी त्यसमा स्वच्छन्दतावादी कवितात्मक किकर राख्थ्यो । हो, आन्दोलनकारी दलका वक्तव्य र भाषणका समाचार पनि यदाकदा पक्कै छापिन्थे तर तिनले राष्ट्रियता, राजमुकुट र 'प्रजातन्त्र'लाई कहिल्यै नाघ्दैनथे । गालीका प्रसंगमा बाहेक संविधानसभा, लोकतन्त्र, गणतन्त्रजस्ता शब्द वर्जित नै थिए ।

विगत केही दिनदेखि आन्दोलनको आकार निकै विशाल हुँदै आएको थियो । आन्दोलनपक्षधर अखबारहरू निकै लोकप्रिय भएका थिए । तर, आन्दोलनलाई ओझेल पार्ने वा आन्दोलनविरोधी समाचार छापेकामा खबरपत्रका केही प्रति आन्दोलनकारीहरूले जलाएका पनि थिए । त्यसपछि खबरपत्रले आन्दोलनको समाचार र प्रतिगमनको तावेदारी एकसाथ सम्पन्न गर्न थाल्यो । आन्दोलन चर्केदेखि सम्पादक रात्रि डेस्कको नेतृत्व आफैं गरिरहेको थियो । फाइनल प्रिन्ट ननिस्कुन्जेल धर्ना दिएरै बस्थ्यो । डेस्क प्रमुख र उपसम्पादकहरू उसलाई भगाउन अनेक उपाय गर्थे ।

राजनीतिक बिट हेर्ने संवाददाता चिरञ्जीवीले आजै राति राजाबाट नयाँ घोषणा हुने संकेत दिएको थियो । आन्दोलनकै पक्षमा घोषणा हुने उसको दाबी थियो । अर्को जन्ड संवाददाता हरिले भने संकटकाल वा सैनिक शासन लगाउने तयारी भइरहेको सूचना दिएको थियो ।

'अब उपाय छैन', स्थिति विश्लेषण गर्दै चिरञ्जीवीले भन्यो, 'प्रतिनिधिसभा पुनःस्थापना नभए वितण्डा हुन्छ ।' 'हो त' भन्ने संकेत गर्दै सम्पादकले मुन्टो हल्लायो ।

यस्तो मामलामा हरि के कम ! 'जनताको नासो जनतालाई नै फर्काइसकेपछि फेरि केको जोरी ? हेर्नुस् न अब यी नेताको के हालत हुन्छ !'

'हो त', सम्पादकले भन्यो, 'म त भन्दै थिएँ नि, सधैं बन्द, हडताल गरेर कसरी चल्छ ? पाकिस्तान वा म्यान्मामा जस्तो हुन के बेर !' अघिल्लो शाही सम्बोधनपछि पनि सम्पादक निकै दुविधामा परेको थियो । सम्बोधनले दिएको अवसरको अधिकतम सदुपयोग गर्न सम्पादकीयमा उसले दलहरूलाई आग्रह गरेको थियो । देशको मौसम र राजनीतिबारे भविष्यवाणी गर्नु दुवै उत्तिकै जोखिमपूर्ण थिए । यो स्थितिले सम्पादकलाई अझ दुःख दिएको थियो । विगत केही दिनदेखि उसका आँखाबाट निद्रा गायब थियो ।

■■■

रात्री डेस्क उपसम्पादकहरूले आन्दोलनका र अन्य खुद्रामसिना समाचार तयार पारेका थिए । सम्पादकको उपस्थितिले दिक्क भएर टहलिइरहेका थिए । उपसम्पादक विनोदले बाइलाइन राखेर एङ्कर समाचार लेखेको थियो, जो एउटी बहुलाहीले सडकमा नांगै नाचेर आन्दोलनकारीलाई अल्मल्याएकोबारे थियो ।

विनोद इन्टरनेटमा थुप्रै साइट खोलेर बसिरहेको थियो जसमा वर्ल्डसेक्स डटकमबाट किशोरीहरूको नीलो चलचित्र, अन्ना कुर्निकोभा र ब्राड पिटबाट गर्भवती एन्जेलिना जोलीका उत्तेजक तस्बीरहरू थिए । सम्पादक झुलुक्क देखापर्‍यो । विनोदले साइट मिनिमाइज गर्‍यो । पिठ्युँमा धाप दिँदै सम्पादकले भन्यो, 'ठिक छ, ठिक छ । यो एउटा एङ्कर बनाइदिनुस्, अनि फेरि रमाइलो गर्नुहोला ।'

विनोदको अनुहारमा एकसाथ ग्लानि र रिसको लाली चढ्यो । समाचार अञ्जलीको थियो, जससँग सम्पादकको गोप्य सम्बन्धबारे व्यापक चर्चा थियो । सम्पादकले उसलाई डल्लुमा घर बनाएर राखेको हल्ला थियो । हुन पनि अञ्जली सम्पादकको कोठामा घन्टौंसम्म खित्खिताएकी सुन्न सकिन्थ्यो । केटी पहिले रिसेप्सनिस्ट थिई । पछि एनपिआईबाट तालिम लिएर रिपोर्टिङ शाखामा आएकी थिई । सम्पादकले ६ महिनामै उसलाई कनिष्ठ संवाददाताबाट वरिष्ठ संवाददातामा बढुवा गरिदिएको थियो । सम्पादकसँग अन्य युवतीका नाम पनि जोडिन्थे, रमा, सोनी, कुमारी आदि, जो स्टाफलाई थर्काउन समर्थ हुन्थे । भित्री पृष्ठमा पनि मुस्किलले छापिन सक्ने यी युवतीका समाचारलाई एङ्कर बनाउन सम्पादक बारम्बार तोक लगाउने गर्थ्यो । आफ्नो समाचार एङ्कर बनाउन नपाएकोमा विनोद रिसले आगो भयो, तर सम्पादकसामु दाँत डिच्याउनुसिवाय उपाय थिएन ।

*(अञ्जली आधुनिक युवती थिई । यसकारण राम्री थिई । हिपटाइट पाइन्ट, उन्नत छाती, तेजिला कामुक आँखा, हाँस्दा खाल्टो पर्ने गाला... क्या भुतुक्कै पार्ने ठिटी थिई.. हिन्दी सिनेमाकी काजोलजस्ती ।*

एकताक अञ्जलीसँग विनोदको 'सुसम्बन्ध' थियो । अञ्जलीकै लागि ऊ धेरैजसो दिउँसै आउँथ्यो र समाचार चिटिक्क पार्न सघाउँथ्यो । विस्तारै गायक बाबु बोगटीको गीत सापटी लिएर पेच हान्न थाल्यो, सान्नानी तिमीलाई....। सान्नानी बनेकी अञ्जलीले 'ग्रिन सिग्नल' दिई । विनोद अझ अगाडि बढेर गीतलाई उत्तरआधुनिक रूप दिँदै गाउन थाल्यो, सान्नानी तिमीलाई ...लौरीले ठ्याक्क ठ्याक्क ठ्याक्क । अञ्जली झन् टलकसहित हाँस्न थाली, नायिका रेखा थापाजस्तै ।

*सम्बन्ध त शाकाहारी नै थियो । खुसी हुँदा अञ्जलीले ओठ र केही अंगसम्म छुट दिन थाली । तर, एकदिन अचानकै उसले विनोदसँग सम्बन्ध अन्त्य गरी । कारण स्पष्ट छ ।)*

■■■

सम्पादक आफ्नै कोठामा छट्पटाइरहेको थियो । मोबाइलको घन्टी बज्यो । अञ्जली थिई ।

'नमस्ते सर, के हुँदै छ ?'

'काम हुँदै छ ।'

'कस्तो काम ?'

दायाँबायाँ कोही नभएकोमा ढुक्क हुँदै सम्पादकले भन्यो, 'तिमीलाई सम्झने काम ।' अञ्जलीले आफ्नो समाचार आजै पठाइदिन दबाब दिई । सम्पादकले उसलाई आश्वस्त पार्‍यो । त्यसपछि उसले केही दिनअघि आफूले हेरेको टम क्रुज र केट होल्म्सको चलचित्रबारे कम्तीमा दस मिनेट ब्रिफिङ गर्‍यो । अञ्जलीले फोन राखिसकेपछि सम्पादकको छटपटी फेरि सुरु भयो । बाँकी समाचारको काम सक्न उसले कम्प्युटर र प्रुफलाई निर्देशन दियो ।

■■■

डेस्कप्रमुख कम्प्युटर अपरेटर बनितालाई अर्धअश्लील हास्य सुनाइरहेको थियो । अघिल्लो दिनमात्र पत्रकार साथीको बिहे थियो । केटी कुनै एफएममा एङ्कर थिई । बिहे थापाथलीस्थित एक मन्दिरमा भएको थियो ।

केटा र केटीतर्फबाट लगनगाँठो तानातान भयो ।

केटातिर एउटा अधबैंसे निकै फूर्ति गरिरहेको थियो। केटीतिर सातजना थिए। अधबैंसेले निकै बल देखायो। केटीहरूले झुक्याएर कपडा पूरै छाडिदिए। अधबैंसे दस हात पछाडि उत्तानो परेर पछारियो। उसको पाइन्टको हिपदेखि अगाडि जिपरको भागसम्म पूरै उधियो। महत्त्वपूर्ण कुरा, उसले कट्टु लगाएको थिएन। लाजले मुख छोप्दै केटीहरू रफू चक्कर भए। अधबैंसे सुइँकुच्चा ठोक्यो।

बनिता आन्द्रै बटारिने गरी हाँसी। दिउँसोभरि सञ्चारिका समूहमा लेख टाइप गरेर बोझिलो भएको दिमाग अहिले हाँसेर ताजा बनाई।

विनोद हलुवामा बालुवा बन्न आइदियो। 'यस्तो पनि हुन्छ एङ्कर ? भुत्राजस्तो।' अञ्जलीको समाचार डेस्कप्रमुखसामु तेर्स्याइदियो। डेस्कप्रमुख उसलाई जिस्काउने पाराले किच्च हाँस्यो। अञ्जलीको समाचारको सार थियो- मौसमी मल्ल नयाँ पतिको खोजीमा। विनोदले त्यसमा अश्लील शीर्षक राख्यो र डेस्कप्रमुखलाई देखाएर केरिदियो। डेस्कप्रमुखले हाँस्दै भन्यो, 'प्रधानसम्पादकलाई गाली नगर न साथी।' (कार्यालयमा सबैजना अञ्जलीलाई प्रधानसम्पादक भन्ने गर्थे।) विनोद भुत्भुताउँदै कम्प्युटरमा अञ्जलीको समाचार फाइल खोज्न थाल्यो।

डेस्कप्रमुख समाचार सम्पादकको कोठामा सुटुक्क छिर्‍यो र अञ्जलीलाई फोन गर्‍यो। निकै बेरपछि निद्रालु तर कामुक स्वरमा अञ्जली बोली, 'हेलो।' उसले अञ्जलीको समाचार एङ्कर बनाइदिएको सूचना दियो। अञ्जलीले भनी, 'थ्याङ्क्यु सर।'

■■■

डेस्कप्रमुख इन्टरनेटमा मनोरञ्जन साइट हेरिरहेको थियो। निकोल किडम्यान अब न्युजिल्यान्डका लोकगायक किथ अर्बनसँग बिहे गर्दै थिइन्। उनका पूर्वपति टम क्रुज भने २६ वर्षीया केट होल्म्ससँग रसरंग गरिरहेका थिए, जसका कारण होल्म्सको पेटको आकार निकै बढेको थियो। टमले होल्म्सलाई छाड्ने हल्लाको खण्डन गरेका थिए। तर, समाचारमा टमले किडम्यानअघि पेनेलुप क्रुज र अर्की युवतीसँग पनि निकै रसरंग गरेर धोका दिएको उदाहरण दिइएको थियो।

सम्पादक टुप्लुक्क देखापर्‍यो। किडम्यानको अर्धनग्न तस्बीर हेरेर मुसुक्क हाँस्यो। उसले डेस्कप्रमुखलाई विशेष सम्पादकीय लेख्नु पर्ने जनाउ दियो।

'के लेख्ने सर ?'

'त्यो शाही घोषणाले नै बताउँछ।'

शाही घोषणा अझै भएको थिएन। सम्पादक टेलिभिजनको रिमोट बटन थिच्न थाल्यो। बिबिसी लगायो। नेपालसम्बन्धी कुनै समाचार थिएन। सिएनएनमा एउटा खैरे नबुझिने उच्चारणमा अंग्रेजी फलाकिरहेको थियो। एचबिओ लगायो, जसमा एक युवक युवतीलाई कामोत्तेजित पारिरहेको थियो। केटीलाई उत्तेजनाको चरममा पुर्‍याएर त्यसै हिँडिदियो। सम्पादकलाई अनौठो उत्तेजना भयो तर यस बेला कुनै सिडेटिभ थिएन। एनटिभी लगायो। स्क्रोलिङमा अझै उही सूचना थियो- केही बेरमै शाही सम्बोधन हुने।

■■■

चेखबको पात्रजस्तै सम्पादक उधुमै औतारी थियो। 'निरपेक्ष निष्पक्षता'मा उसलाई विश्वास थिएन। ऊ कतिसम्म सापेक्षताप्रेमी थियो भने जुनजुन अखबारमा सम्पादक भयो त्यसलाई आफ्नो कुनै नेताको मुखपत्र बनाइदिन्थ्यो। प्रतिफल कति सुखद भइदिन्थ्यो भने प्रकाशकहरू जोगी हुने मनसुवा व्यक्त गर्थे। पछि गोरखापत्रको प्रमुख नियुक्त भयो। अचम्म त के भने जसको निगाहले नियुक्ति पाएको थियो उसलाई अपदस्थ गरिएपछि यो सम्पादक उसैका विरुद्ध कलम चलाएर बसिरहेको थियो। तथापि एकदिन प्रतिगमनका ठेकेदारहरूले उसलाई गलहत्याइछाडे। त्यसपछि ऊ पक्का लोकतन्त्रवादी भयो।

खबरपत्रमा आएपछि उसको भूमिका आवश्यकतानुसार परिवर्तित भइरह्यो। त्यसबापत गोरखा दक्षिणबाहु पायो र फेरि राजावादी भयो।

बल्ल राति साढे ११ बजे शाही घोषणा भयो। सम्पादकले अब अवतार परिवर्तन गरिसकेको थियो। स्पष्ट छ, आन्दोलनकारीकै मागअनुसार प्रतिनिधिसभा पुनःस्थापना भएको थियो। सम्पादकले गलत सूचनाका लागि हरिलाई हकार्‍यो। हरिले भन्यो, 'हैदै जानुहोला सर, ढिलो-चाँडो मेरो कुरा मिल्छ कि मिल्दैन !'

सम्पादकले तत्कालै दुई फोटोग्राफरलाई मोबाइल गरेर विजय जुलुसको तस्बीर खिचेर ल्याउन आदेश दियो। यता डेस्कप्रमुखलाई भने विशेष सम्पादकीयको जिम्मा थियो। समेट्नु पर्ने सामग्री र निष्कर्ष सम्पादकले बताइदिएको थियो। शरीर बनिनसकेको सम्पादकीयमा उसले शीर्षक राखिदियो- जनताको जित। शाही घोषणाको समाचार लेख्न भने आफैं तम्सियो। उपसम्पादकलाई घोषणाप्रति नेताहरूको प्रतिक्रिया लिन लगायो। डेस्कप्रमुखले दरिद्र भाषामा अत्यन्तै कमजोर सम्पादकीय थमायो। सम्पादकले झन्डै दुई घन्टा लगाएर त्यसलाई रेट्यो र अन्त्यमा अवतारसिंह पाशको कविताको भाव सापटी लिएर थप्यो, 'लोकतन्त्रविना स्वतन्त्र पत्रकारिताको कल्पना गर्न सकिन्न। जनताको यो जितबाट 'खबरपत्र' अत्यन्तै उत्साहित छ। कारण, जनतासँगै हामी पनि लोकतन्त्रको लडाइँ लडिरहेका थियौं र लडिरहनेछौं जबसम्म लड्ने आवश्यकता हुन्छ।'

बायाँपट्टि दुई कोलममा विशेष सम्पादकीय, छ कोलम २५ सेमिमा शाही सम्बोधन, विजय जुलुसका तस्बीर, तिनैका समाचार अनि एङ्करमा शाही सम्बोधनप्रति नेताहरूको तस्बीरसहित प्रतिक्रिया राखेर पहिलो पृष्ठ तयार भयो। दोस्रो र तेस्रो पृष्ठका सबै सामग्री मिल्काएर विजय जुलुसका विविध तस्बीर राखिए।

अब कुनै दुविधा थिएन। पक्का लोकतन्त्रवादी बन्न अब सबैका लागि ढोका खुलेको थियो।

■■■

कविता

# भक्कानो

■ दुर्गालाल श्रेष्ठ

हो,
जनताको अतुल्य शक्तिसामु
राजा झुक्यो
तर, ए सात दल !
तिमी चुक्यौ -
सहमतिलाई अँगाल्ने इमानबाट
तिमी अझै चुक्यौ
हैन, अन्जान हैन
जानाजान जानाजान,
त्यसैले म भन्छु,
छैन, भएको छैन
अझै, यहाँ लोकतन्त्रको बिहान।
भोलिको तिम्रो सदनमा पनि
प्रतिबिम्बित भएन यदि भने आजको सडक,
ए लोकतन्त्रका वाहक भई टोपल्ने बाधकहरू !
सम्झ, त्यो तिम्रो निम्ति
आफैले खनेको हुनेछ, आफ्नै चिहान !

# एउटा अर्को घाम

■ मिजास तेम्बे

शिशिरको जाडो
क्रमशः चिसो साँझको आक्रमण
त्यो युद्धबन्दी जसलाई समयको
घृणा र भर्त्सनाले समातेका छन्
एउटा सुनसान कक्षमा एक्लोपनसँग
निसासिरहेको छ।

एउटा सानो चट्टाने ठाउँ पाएर पनि
उसको त्यो विश्वासमा जादुमय आकर्षण छ
एउटा अर्को विराट आशाको घाम
फेरि एउटा असत्य बिहानी
लाहुरेप्रेमी भएर तलतल
अझ तल
गिरिरहेको छ
अनिष्टको पुनरावृत्ति हुनुहुन्न फेरि
अब जरैदेखि उखेल्नु पर्छ
ती बरफ जमेका भित्ताहरूलाई
र
मौनता
अब तोड्नु पर्छ ती हातहरूलाई
जसले तिम्रा हरेक बिहानीको हत्या गरेका छन्।■



# दंग धीरज

पपगायकबाट लेखक बनेका धीरज राई गत सातादेखि नयाँ अवतारका रूपमा देखिएका छन् । पपगायनकै सम्बन्धमा 'डकुमेन्ट्री' बनाएर सार्वजनिक गरेपछि उनी अब निर्देशक पनि बनेका छन् । 'आफ्ना बारेमा हल्ला रुचाउने' भनेर चिनिएका गायक राईको डकुमेन्ट्रीको केन्द्रविन्दु भने पपगायक ओमविक्रम विष्ट छन् । नेपालमा पप गायनलाई विधाकै रूपमा स्थापित गर्न ओमविक्रम विष्टलगायत उनीपछिको दोस्रो पुस्ताले कस्तो संघर्ष गर्नु पर्‍यो र त्यसले आजको दिनमा सामाजिक र आर्थिक रुपमा कस्तो प्रभाव पार्न सकेको छ भन्ने विषयमा प्रकाश पार्ने प्रयास गरेको छ, डकुमेन्ट्रीले ।

डकुमेन्ट्रीमा लोकप्रिय गीतलाई कथावाचनको क्रममा अघि बढाइएकाले आदि, मध्य र अन्त्यजस्ता कुरालाई महत्त्व नदिइएको भए पनि हेरुन्जेल डकुमेन्ट्री रमाइलो लाग्छ । डकुमेन्ट्रीले रेडियो नेपालभित्र रहेको ईर्ष्या र थिचोमिचो पनि सटीक ढंगले उठाएको छ । यसले नेपालमा पहिलो पटक पप गीत कसले गायो भन्ने विषयमा पनि सामान्य रूपमा छोएको छ । २०२२ सालको लगभग एकै समयमा नारायणगोपालले गीतकार रत्नशम्शेर थापाको 'स्वर्गकी रानी...' गाएर कसरी सांगीतिक पृथकता दिए र कुमार बस्नेतले उडुसले टोकेर हैरान पारेको बेला कसरी 'दिउँला...' गीत सिर्जना गरे भन्ने प्रसंगले डकुमेन्ट्रीलाई रोचक बनाएका छन् । ती उदाहरणसँगै पहिलो पपगायक ओमविक्रम नै हुन् भनेर डकुमेन्ट्रीले स्थापित गरेको छ । अरू गायकहरूले त्यस्तै 'प्रकार'को शैलीलाई निरन्तरता नदिएका हुनाले उनीहरूलाई प्रथम पपगायकको उपाधि नदिएकोमा जोड दिएको छ ।

डकुमेन्ट्रीले अन्त्यमा भावुक मोड लिएको छ । श्रीमती फ्लोरा सिकिस्त विरामी हुँदा पनि कसरी ओमविक्रम दर्शकमाझ गाइरहेका थिए, त्यसभित्र उनको सिद्धान्त के थियो भन्ने कुराले दर्शकलाई भित्रैबाट चिमोट्छ ।

राम्रो विषयमा डकुमेन्ट्री बनाएका धीरज दंग छन् यतिखेर । तर, यही विषयमा उनले गरेको खोजमा एउटा राम्रो निर्देशक नियुक्त गरेको भए यो डकुमेन्ट्री नेपाली पप संगीतको गहकिलो 'डकुमेन्ट' बन्न सक्ने थियो र सबै दंग पर्ने थिए ।

**■ अच्युत कोइराला/काठमाडौं**

# फेसनेबल प्राश्ना

**उनलाई १० कक्षामा** ट्युसन पढ्दा एउटा केटाले प्रेमपत्र दिएको थियो, धरानमै छँदा । त्यसपछिको प्रेमबारे भने उनी बेखबर छिन् । एमटिभी पुस्तालाई पछ्याउन माहिर राजधानीपछिको दोस्रो सहर मानिने धरानमा जन्मिएकी प्राश्ना शाक्य नेपाल टेलिभिजनबाट प्रसारित तिम्रो सुर मेरो गीत नामक सांगीतिक कार्यक्रममार्फत २०५६ मा सांगीतिक स्टेजमा हाम फालेकी थिइन्, तर यतिविधि लोकप्रियता कमाइएला भन्नेचाहिँ सोचेकी थिइनन्, उनले । 'मेरो बाबा टेबुलटेनिसका खेलाडी, पारिवारिक पृष्ठभूमि संगीत नभएकाले कारण मैले यता आइएला भन्ने सोचेकी थिइनँ', उनी भन्छिन् । तर ख्याल ख्यालमै उनी स्थापित गायिका बन्न पुगिन् ।

प्राश्ना सानो छँदा लतामंगेशकरका गीतहरूले धरान घन्किन्थ्यो त्यो बेला । लताको मधुर स्वरले उनलाई तानिरहेको हुन्थ्यो । 'उनकै गीतले मलाई सांगीतिक क्षेत्रमा हाम फाल्ने हौसला थप्यो', ऊ बेलाको सम्झना गर्दै उनी भन्छिन्, 'त्यस बेला नेपाली गीतको बारेमा त्यति जानकारी नै थिएन, तैपनि शान्ति ठटाल, अरुणा लामा र तारादेवी मन पर्ने गायिकाहरूमा पर्थे ।'

आधुनिक पुस्ताको क्रेजमा मस्त रहने राजधानीलाई उनले लक्ष्य बनाइन् र सोझिइन् २०५५ सालमा काठमाडौंतिर । अहिले उनी गायिका मात्र होइनन्, उनका अगाडि फेसेनेवल भन्ने उपमासमेत थपिएको छ ।

दाँतमा हीरा हालेकी छन् उनले । किन हालेको नि ? उनी भन्छिन्, फेसेनेवल बन्न । नेपाल टेलिभिजनको कार्यक्रमका लागि दुई महिनाअगाडि कोटेश्वरको द डेन्टल क्लिनिकमा गएका बेला सबैले दाँत फेरेको देखेर उनलाई नौलो प्रयोग गर्न मन लागेको थियो । 'दाँतमा हीरा राख्दा कस्तो देखिन्छ भन्ने सोच्दा सोच्दै हालियो', उनको जवाफ छ ।

परिवार सबै धरानमा छोडेर काकीकहाँ पेइङ गेस्टका रूपमा बसेकी प्राश्ना जीवनलाई अर्थ्याउँदै *समय*लाई बताउँदै थिइन्, 'सफलताका लागि एक्लै बसेर संघर्ष गर्न जरुरी छ भन्ने मेरो मान्यता छ ।'

**■ ज्योति देवकोटा/काठमाडौं**



ज्योति देवकोटा



फिनल्यान्डमा दर्शन तताउँदै अमृत गुरुङ र साथीहरू




फिनिस मिडियाहरूमा खुब छाए अमृत

# फिनल्यान्डमा नेपथ्यको धुम

**नेपाली रक-लय** ब्यान्डका रूपमा स्थापित नेपथ्य सांगीतिक समूहले गत साता फिनल्यान्डको राजधानी हेल्सिन्कीमा हजारौंको भीडलाई मुग्ध पार्‍यो, आफ्नो प्रस्तुतिले । विश्व ग्रामीण महोत्सवमा नेपाली प्रतिनिधित्व गर्दै हेल्सिन्कि पुगेको नेपथ्यले आफ्नो प्रस्तुतिको सुरु 'गाउँ गाउँबाट उठ....'बाट गरेको थियो जसलाई श्रोताले रुचाए । त्यसपछि लगातार ५५ मिनेटसम्म नेपथ्यले आफ्ना चर्चित गीत घन्काएर भीडमा जादु जमाइरह्यो । 'यो गीत गाउँदा म नेपालमा स्वतन्त्रता ल्याउन लडेकाहरूलाई सम्झन चाहन्छु' प्रस्तुति सुरु हुनुअघि अमृतले भनेका थिए ।

लोक र रक समिश्रण गरिएका नेपथ्यका गीत सुनिरहँदा फिनिस दर्शक थपडी बजाउँदै नाचिरहेका थिए । फिनल्यान्डमा बसेका नेपालीहरू पनि स्वदेशी भाका आफ्नै कर्मथलोमा सुन्न पाएर दंग परेका थिए । 'यो महोत्सवमा नेपथ्यको सहभागितालाई यसपटक आयोजक र मिडियाहरूले खुब महत्त्व दिए', नेपाल-फिनल्यान्ड मित्रता समाजका एक अधिकारीले भने ।

हुन पनि फिनल्यान्ड यात्रामा नेपथ्यको चर्चा चुलिएको थियो । फिनिस राष्ट्रपति तार्जा हालोनेनसँग प्रस्तुतिको एक दिनअघि उनले भेटेको घटनालाई स्थानीय पत्रपत्रिकाले खुब महत्त्व दिएका थिए । भेटका क्रममा राष्ट्रपतिले सोधेकी थिइन्, 'म १६ वर्षअघि नेपाल गएकी थिएँ, अहिले कस्तो छ ?' भावुक स्वभावका अमृतले भनेका थिए, 'हिमालहरू उस्तै छन्, मनोरमता उस्तै छ, खालि अहिले परिस्थिति बिग्रिएको छ ।' ■



# बल्ल जोडियो 'सारंगी'

**आधुनिक नेपाली संगीतका** गम्भीर सर्जक कर्म-कुमारको जोडी गत साता नेपालयको पलैंटीमा कति मजाले जम्यो भने सानो कोठाभित्र बिताएको दुई घन्टाको समय पनि श्रोतालाई कम लाग्यो । उनीहरूले वर्षौंअघि तयार पारेका गीतहरू र तिनीहरूको पृष्ठभूमि श्रोताले निकै चाख मानेर सुनिरहे, लगातार ।

कर्म योञ्जनको संगीत र कुमार सुब्बाको गायनले बनेको यो जोडीले तयार पारेको चर्चित गीत 'सारंगीको तारले मेरो मनको गीत गाउँछ' त अधुरो पो रहेछ ! तर, यो यथार्थ कर्म-कुमार र उनीहरूनजिकका केहीबाहेक अरूलाई थाहा थिएन । खै किन हो, पलैंटीमा बसेर पुराना सम्झना उधिनिरहँदा पनि कर्म-कुमारले यो यथार्थ खुलाउन चाहेका थिएनन् । तर, श्रोताको भीडमा बसेर तन्मयतासाथ यो जोडीलाई सुनिरहेका सांसद रघुजी पन्तले 'नियमापत्ति' गरे, कार्यक्रम चलिरहँदा र कर्म-कुमारलाई यो मधुर गीतको अन्तिम अन्तरा सुनाउन बाध्य पारे ।

पहिलोपल्ट चर्चित नाटक 'अनि देउराली रुन्छ'बाट कर्म-कुमारको जोडीले श्रोतामाझ एउटा नाम बनाएको थियो । मनबहादुर मुखियाको उक्त नाटकमा समेटिएका झन्डै ४० वर्ष पुराना गीत श्रोताले कतिसम्म रुचाए भने नेपाली संगीतलाई गहिरोसँग बुझ्न चाहनेहरू अहिले पनि यो गीतबाट उत्तिकै आनन्दित हुन्छन् । 'सारंगीको तारले मेरो....' का साथै नाटकमा प्रयुक्त 'देउरालीका ठिटी हो, नक्कल पार्नु पर्दैन...', 'ए फूल चुँडेर लाने हो...' जस्ता गीतले श्रोता अहिले पनि उत्तिकै रमाउँछन् जसरी उनीहरू पलैंटीमा रमाए अघिल्लो सप्ताहान्त ।

कुमारले कार्यक्रममा चर्चित राष्ट्रिय गीत 'बनेको छ पहराले यो छाती मेरो' गाएर भरखरै जनआन्दोलनबाट उद्वेलित श्रोताको छाती ढक्क पारिदिए । उनले यो गीत गायक गोपाल योञ्जनलाई समर्पित गरेका थिए, जसले दार्जीलिङमा जन्मेका प्रतिभाशाली संगीतकर्मीका रूपमा श्रोतालाई बीसौं गीत उपहार दिएको छ । सुरुमा योञ्जनसँग मिलेर सांगीतिक कर्म गर्ने कर्मले उनी काठमाडौं पसेपछि कुमारसँग जोडी बनाएका थिए । ■



# समयका साक्षीहरू

जनआन्दोलनलाई गति दिन छापामा आएका तस्वीरले कम भूमिका खेलेनन् । राजाको शासनले प्रेसमाथि लगाएको अंकुशका बीच पनि जनआन्दोलनलाई चरम उत्कर्षमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेले,



यसपालि पत्रपत्रिकामा छापिएका फोटोहरूले । जनतामाथि बर्बर दमन गरिएका दृश्य समेटिएका तस्वीरहरूले शासकको विरुद्धमा उत्रिन सर्वसाधारणलाई ऊर्जासमेत थप्यो ।

ज्यादती र दमनका तस्वीरले संसारकै ध्यान नेपालमा केन्द्रित भयो । अधिकार र स्वतन्त्रताका लागि लडेका सर्वसाधारणलाई प्रेसले महत्त्वका साथ छापेर आन्दोलनमा सरिक हुन प्रसस्त बल पुऱ्याए । नेताहरूले गरेको भाषण र माओवादीले बोकेको बन्दुकभन्दा पनि शक्तिशाली बन्यो, फोटोको भाषा ।

सरकारले प्रेसमाथि कतिसम्म अंकुश लगाएको थियो भने दमन सार्वजनिक नहोस् भनेर कर्फ्युको दिनमा प्रेसलाई समेत सवारी पास दिइएको थिएन । तैपनि उग्र दमन र जनतामाथि गोली ठोक्दै गरेका हातहरू पछिल्लो दिन सार्वजनिक भइसक्थे ।

जनतामाथि गरेको दमनको प्रत्यक्षदर्शी फोटो पत्रकारहरू मात्र थिए । उनीहरूले आँखाले देखे जति क्यामेरामा कैद गर्ने साहसिक काम पनि गरे । उनीहरूकै आँखाले देखेका र बाहिर आउन नसकेको जनआन्दोलन ताकाका फोटाको प्रदर्शनी नेपाल आर्ट काउन्सिलमा हालै भयो । आन्दोलन मात्र होइन, मुलुकले एक वर्षभरि देखेका र भोगेका पीडा जस्ताका तस्तै भित्तामा टाँगिएका छन्, प्रदर्शनीमा ।

७८ जना फोटोपत्रकारले खिचेका १ सय ५० उत्कृष्ट फोटा छन् प्रदर्शनीमा । २०६२ भित्र फोटोपत्रकारका आँखाले देखेका तस्वीर प्रदर्शनीमा राखिएका छन् । प्रत्येक वर्ष वैशाख १३ गतेका दिन गरिँदै आएको फोटो प्रदर्शनी मुलुकमा चलेको जनआन्दोलनले जेठ १३ मा सारिएको थियो ।

■ **ज्योति देवकोटा/काठमाडौं**






# हरिको सम्मान


तेजबहादुर बस्नेत

**जर्मनीमा आगामी** साता हुने अठारौं विश्वकपको चहल पहल बढिरहेकै बेला नेपाली फुटबलका स्टार खेलाडी हरि खड्का सम्मानित भएका छन्। उनी नेपालकै प्रतिष्ठित फुटबल सम्मान रूपक स्मृति अवार्ड-२०६२ बाट सम्मानित भएका हुन्। 'लामो समय राष्ट्रिय टोलीमा योगदान दिएको हुनाले आशा त लागेको थियो। तर, यति चाँडो पाउँछु भन्ने सोचेको थिइनँ', आफूभन्दा सिनियर सुनिल तुलाधरअघि रूपक स्मृति अवार्ड पाएका हरि भन्छन्। हरिले पुरस्कार स्वरूप एक लाख रुपैयाँ र जी ५ यमाहा मोटरसाइकल पाएका छन्।

भारतको चर्चित मोहन बगान, माहिन्द्रा एन्ड माहिन्द्रा र बंगलादेशको मोहम्मडन, ब्रदर्स युनियन क्लबबाट व्यवसायिक फुटबल खेलिसकेका हरि २०६२ सालमा पाकिस्तानमा भएको चौथो साफ च्याम्पियनसिपदेखि नेपाली राष्ट्रिय टोलीका कप्तान छन्। उनी चोटका कारण भर्खरै बंगलादेशमा भएको एएफसी च्यालेन्जकपको प्रायः सबै खेलमा मैदानबाहिर थिए।

'खेल जीवनको उत्तरार्द्धमा पाएको यो सम्मानले मेरो आत्मविश्वास बढेको छ', ३१ वर्षीय स्टार खेलाडी भन्छन्। सन् १९९५ मा श्रीलंकामा भएको बिस्टोल साफ गोल्डकपदेखि नेपाली राष्ट्रिय टोलीमा समावेश हरिले ११ वर्षको लामो अन्तर्राष्ट्रिय खेल जीवनमा १३ गोल गरेका छन्। महेन्द्र पुलिस क्लबमा २०५३ सालदेखि आबद्ध हरि २०५८ सालमा नेपालको उत्कृष्ट खेलाडी घोषित भएका थिए।

# सजिलो कम्प्युटर

पेसाले उनी गाडी चालक हुन् र उपप्रधानमन्त्री केपी शर्मा ओलीको मोटर चलाउँदै छन्। तर, गत साता देवनागरी लिपिको की बोर्ड बनाएर फरक परिचय दिएका छन्, ढकप्रसाद उप्रेती (विष्णु)ले। कम्प्युटर इन्जिनियरहरुले पनि नआँटेको काम फत्ते गर्न कसरी सम्भव भयो त ? विष्णु भन्छन्, 'अहिलेसम्म कम्प्युटरले बुझ्ने की बोर्ड र देवनागरी लिपि नभएकाले मलाई यसो गर्नु पर्छ भन्ने लाग्यो, केही समयको मेहनतपछि म सफल पनि भएँ।'

बारा जिल्ला सपहीका विष्णुका औंला २०५३ मा मात्रै कम्प्युटरमा परेका हुन्। जिज्ञासु र मेहनती स्वभावका उनी छिटै नै कम्प्युटरको संसारभित्र रम्न सक्ने भए। २०५८ मा कम्प्युटर किनेपछि त उनलाई नेपाली भाषा प्रयोग हुने देवनागरी लिपिलाई कम्प्युटरले बुझ्ने बनाउने काममा लाग्न अरू सजिलो भयो। यो नयाँ काम नै हो त ? कम्प्युटरको औपचारिक शिक्षा नलिएका विष्णु भन्छन्, 'अरूले पनि बनाएका छन् नेपाली भाषाको की बोर्ड तर मेरो नै सबैभन्दा पूर्ण छ।' हेरौं, उनको दाबी सही ठहरिने हो वा होइन ?


ज्योति देवकोटा




हरेक शुक्रबार
समयको बार
भृकुटी प्रकाशन प्रा. लि.
BHRIKUTI PUBLICATION (P) LTD.
P.O. Box: 1452, Lazimpart, Kathmandu, Nepal. Tel: 4443888, Fax: 4411912



युवराज घिमिरे

## शून्य समय

# आचारसंहिता र मर्यादाको उल्लंघनले वार्ता भाँडिन सक्छ

**जनआन्दोलनको सफलताले** एउटा कुरा स्पष्ट पारेको छ- यो आन्दोलनमा अन्तर्राष्ट्रिय जगत्को स्पष्ट समर्थन हासिल भए पनि आन्दोलनको दिशा र गन्तव्य आन्दोलनकारीले नै चुनेका हुन्। राजा ज्ञानेन्द्रद्वारा वैशाख ८ गते राजकीय सत्ता, शासकीय सत्ता र सार्वभौम सत्ताका स्रोत जनता भएको तथ्यलाई थाती राखी आन्दोलनकारी सात दल गठबन्धनलाई सरकार बनाउन गरेको आग्रहलाई भारतले तत्काल समर्थन जनाए पनि दलहरूले त्यसलाई स्वीकार गरेनन्। आन्दोलन जारी राखे उनीहरूले। आफ्नो राजनीतिक मार्गचित्रलाई स्वतन्त्ररूपमा नेपालीहरूले कोरेको यो पहिलो नहोला, तर स्पष्ट सन्देश हो।

तीन दिन पछि, राजाले पहिलो घोषणामा थाती राखेका मुद्दाहरूलाई स्पष्ट गर्दै सत्ताका सबै स्रोत र अधिकारी जनता भएको स्वीकार गरेपछि मात्र आन्दोलन समाप्त भएको घोषणा गरेका थिए, सात दलले। अब अगाडिको शान्ति प्रक्रिया र राजनीतिक सहमतिमा पनि उनीहरूले त्यस्तै व्यवहारिक तथा स्वतन्त्र अडान लिने स्पष्ट छ। वास्तवमा त्यसका केही प्रारम्भिक संकेत देखा परिसकेका छन्।

राजाले पहिलो घोषणामा थाती राखेका मुद्दाहरूलाई स्पष्ट गर्दै सत्ताका सबै स्रोत र अधिकारी जनता भएको स्वीकार गरेपछि मात्र आन्दोलन समाप्त भएको घोषणा गरेका थिए, सात दलले। अब अगाडिको शान्ति प्रक्रिया र राजनीतिक सहमतिमा पनि उनीहरूले त्यस्तै व्यवहारिक तथा स्वतन्त्र अडान लिने स्पष्ट छ।

माओवादी र सात दल समर्थित सरकारबीच सुरु भएको वार्ता प्रक्रियालाई अनुगमन (मोनिटर) गर्न, विद्रोहीहरूको निरस्त्रीकरण तथा असैनिकीकरण प्रक्रियामा सहयोग पुऱ्याउन र प्रस्तावित संविधानसभा निर्वाचन सञ्चालनमा सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघ तयार देखिन्छ। माओवादी र सरकार यसबारे सहमत भएका मात्र छैनन्, उनीहरूले अहिलेसम्म यस्तो प्रस्तावको विरोधमा रहँदै आएको भारतको समर्थनसमेत हासिल गरेको देखिन्छ। यद्यपि, भारत द्वन्द्व समाधानमा संयुक्त राष्ट्रसंघ वा कुनै तेस्रो पक्षको मध्यस्थता चाहँदैन र भारतको त्यो आपत्तिलाई संयुक्त राष्ट्रसंघले समेत सकारात्मकरूपमा लिएको देखिन्छ। तर, माओवादीले वार्ताताका पच्चीसबुँदे आचारसंहितामा हस्ताक्षरसहित सहमति जनाए पनि उसप्रतिको अन्तर्राष्ट्रिय धारणामा परिवर्तन ल्याउन माओवादी स्वयंले प्रमाणिकता प्रस्तुत गर्नु पर्छ, व्यवहारमा। भारत सरकारको विदेश मन्त्रालयमा नेपाली मामिलाका प्रमुख पंकज शरणले हालैको काठमाडौं यात्रामा प्रधानमन्त्री, गृहमन्त्री, अर्थमन्त्री तथा सात दलका नेताहरूसँग भेटी सरकार माओवादीसमक्ष निकै झुकेको र आफ्नो आधिकारिता प्रदर्शनमा चुकेको भारतीय धारणा व्यक्त गरेको बुझिएको छ। सरकार यसरी झुक्दा माओवादी वार्तामा भन्दा हतियारमा नै निर्भर रहन सक्ने डर पैदा हुनु अस्वभाविक हैन। रौतहटमा माओवादीद्वारा कांग्रेस कार्यकर्ता सहानी दाजुभाइको हत्या र माओवादी आमसभामा 'कम्ब्याट बर्दी र हतियार'सहित छापामारहरू उपस्थित भएको तथ्यले यस्तो डर तथ्यमा आधारित देखिन्छ।

सरकार र सुरक्षानिकाय, खासगरी नेपाली सेनाबीचको सम्बन्धमा अविश्वासको प्रचुरता देखिए पनि सुरक्षानिकायहरू माओवादी ऱ्यालीहरूबाट त्रस्त छन्। यसबीच ठूलो संख्यामा माओवादीहरूले 'कम्ब्याट ड्रेस' सिलाइ गर्दै बाँडेको, ऱ्यालीमा जान सर्वसाधारणलाई दबाब दिएको खबरले ऊ छापामारहरूको आकार ठूलो देखाउने रणनीतिमा लागेको आशंका बढाएको छ। तर, द्वन्द्व विशेषज्ञहरू यसले निरस्त्रीकरण र असैनिकरण प्रक्रियामा माओवादीलाई घाटा पुऱ्याउने मान्यता राख्छन्। कम्ब्याट ड्रेस लगाउनेबित्तिकै छापामारका रूपमा संयुक्त राष्ट्रसंघ या अन्य अन्तर्राष्ट्रिय विशेषज्ञहरूले स्वीकार नगर्ने तर्क दिँदै हतियार बुझाउने प्रक्रिया सुरु हुँदा उनीहरूले हतियार तालिम पाएको, हतियारले लेस भएको (त्यसमा सामान्य हतियार सामेल हुँदैनन्) सावित हुनु पर्ने तर्क पनि विशेषज्ञ बताउँछन्। र, त्यो अवस्थामा माओवादीले ठूलै संख्यामा हतियार बुझाउनु पर्ने हुन्छ। यी विशेषज्ञहरूको अनुमानमा माओवादीसँग ६ देखि ७ हजारसम्म छापामार र १० हजारभन्दा केही बढी जनमिलिसिया छन्।

यो दाबी एकातिर र माओवादीहरूद्वारा आफ्नो जनसेनाको संख्या कयौं बढी भएको प्रतिदाबीले भोलिको वार्ता प्रक्रियामा विशेषरूपमा महत्त्वपूर्ण भूमिका खेल्नेछन्। यो आशंकाको पृष्ठभूमिमा माओवादीका तर्फबाट आचारसंहिता उल्लंघन भएमा त्यसले वार्ताको सफलताबारे भारत, अमेरिकालगायत अन्य मुलुकको आशंका तथ्यमा आधारित भएको पुष्टि पनि गर्नेछ।

सम्भवत: मुलुकभित्र अर्ध खुलारूपमा माओवादी अध्यक्ष प्रचण्डको उपस्थितिले वार्तामा माओवादीहरू पहिलाभन्दा निकै गम्भीर भएको संकेत दिन्छ। तर, छापामारहरूको गतिविधि, बैठकमा सहभागिता बढाउन बल प्रयोग र चन्दा प्रकरणले जनतालाई बढी आतंकित र असुरक्षित महसुस गराएको छ। वार्ता प्रक्रियाको प्रस्तावित निगरानीमा त्यो माओवादीको अर्घेल्याइँ मानिन सक्छ।

वार्ता प्रक्रियाअन्तर्गत आचारसंहिता बनिसकेको अवस्थामा त्यसप्रति उदासीन रहने या त्यसको उल्लंघन गर्ने पक्षको वार्ताप्रति इमानदारी नरहेको मानिनेछ। साथै वार्ता या सहमतिपछिको चरणमा या त्यस दौरानमा नै पुनर्वास, पुन:स्थापना तथा पुनर्निर्माण जस्ता महत्त्वपूर्ण कार्य हुने सम्भावना ध्यानमा राख्दै वार्ता पक्ष अन्तर्राष्ट्रिय जगत्प्रति पनि सकारात्मक र संवेदनशील हुनु आवश्यक छ, यद्यपि उनीहरूको संलग्नताको सर्त मुलुकले निर्धारित गर्नु पर्छ। माओवादी विशेष केन्द्रीय कमान्डले छरेको पर्चामा 'साम्राज्यवादी अमेरिका' र 'विस्तारवादी भारत' नेपालमा सामन्ती राजसंस्थाको अवशेषका रूपमा 'सेरिमोनियल राजसंस्था'लाई निरन्तरता दिने षड्यन्त्रमा लागेको आरोप लगाइएको छ। परोक्षरूपमा उनीहरूले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पनि आलोचना गरेका छन्। कोइरालाले आफू 'सेरिमोनियल मोनार्की'को पक्षमा रहेको मान्यता सार्वजनिक गरेको पृष्ठभूमिमा माओवादी आलोचनाले विशेष महत्त्व राख्छ। कोइरालाले जस्तै माओवादी आफ्नो राजालगायतका राजनीतिक मान्यतालाई अगाडि बढाउन स्वतन्त्र छन्। तर, वार्ता नटुटोस् भनी सुनिश्चित गर्न आचारसंहिताको दायरा र मर्यादालाई उनीहरूले स्वीकार गर्नै पर्छ। ■